# कक्षा दशको नेपाली किताब २०७१ का कथा र निबन्धमा आधारित तत्सम शब्दहरूको नमुना नेपाली शब्दकोश


शोधार्थी

तारबहादुर काफ्ले

परीक्षा क्रमाङ्कः २१४०३४८ (२०६६/२०१०)

क्याम्पस रोल नं. : ३०१/०६४

त्रि.वि.द.न. : १५४६९-१९८७

शैक्षिक वर्ष : २०६४/०६५


त्रिभुवन विश्वविद्यालय शिक्षाशास्त्र सङ्काय नेपाली भाषाशिक्षा

विभागअन्तर्गत स्नातकोत्तर तह द्वितीय वर्षको

नेपा. शि. (५९८) पाठ्यांशको

प्रयोजनार्थ प्रस्तुत

## शोधपत्र


नेपाली भाषा शिक्षण विभाग

सुकुना बहुमुखी क्याम्पस

कोसीहरैचा, मोरङ


२०७३/२०१७

# प्रतिबद्धतापत्र

त्रिभुवन विश्वविद्यालय शिक्षाशास्त्र सङ्कायअन्तर्गत नेपाली भाषाशिक्षा विभाग स्नातकोत्तर तह द्वितीय वर्षको नेपा.शि. ५९८ को प्रयोजनका लागि प्रस्तुत कक्षा १० को नेपाली किताब २०७१ का नेपाली कथा र निबन्धमा आधारित तत्सम शब्दहरूको नमुना शब्दकोश शीर्षकको शोधपत्र अर्को प्रयोजनका लागि कहीँ कतै पेस नगरिएको र अनुसन्धान कार्य अत्यन्त मौलिक रहेको प्रतिबद्धता व्यक्त गर्दछु ।

ताराबहादुर काफ्ले
एम.एड्. दोस्रो वर्ष
नेपाली भाषा शिक्षण विभाग

मिति : २०७३/११/३

## शोध निर्देशकको सिफारिसपत्र

त्रिभुवन विश्वविद्यालय शिक्षाशास्त्र सङ्कायअन्तर्गत भाषा शिक्षा विभाग स्नातकोत्तर तह द्वितीय वर्षको नेपा.शि. ५९८ को प्रयोजनका लागि प्रस्तुत कक्षा १० को नेपाली किताब २०७१ का कथा र निबन्धमा आधारित तत्सम शब्दहरूको नमुना नेपाली शब्दकोश शीर्षकको शोधपत्र ताराबहादुर काफ्लेले मेरो निर्देशनमा रही मिहिनेतका साथ तयार पार्नु भएकाले यस सोधकार्यप्रति म सन्तुष्ट छु । अतः यस शोधकार्य मूल्याङ्कनका लागि विभागसमक्ष सिफारिस गर्दछु ।

....................................

उप प्रा. प्रेमप्रसाद भट्टराई

शोध निर्देशक

सुकुना बहुमुखी क्याम्पस

नेपाली शिक्षा विभाग

कोशीहरैँचा, मोरङ

मिति : २०७३/११/३

## सिफारिस-पत्र

सुकुना बहुमखी क्याम्पस नेपाली भाषा शिक्षण विभाग कोशीहरैँचा, मोरङको स्नातकोत्तर तहका छात्र ताराबहादुर काफ्लेले उप प्रा. प्रेमप्रसाद भट्टराईको निर्देशनमा शिक्षाशास्त्र सङ्काय अर्न्तगत स्नातकोत्तर तह दोश्रो वर्षको नेपा. शि. ५९८ पाठ्यांशको लागि तयार पार्नुभएको कक्षा दशको नेपाली किताब २०७१ का कथा र निबन्धमा आधारित तत्सम शब्दहरूको नमुना नेपाली शब्दकोश शीर्षकको शोधपत्र सम्बन्धित तहका लागि उपयुक्त भएकाले स्वीकृत गरिएको छ ।

<u>मूल्याङ्कन समिति</u>

१. प्रेमप्रसाद भट्टराई
शोध निर्देशक ....................................................

२. अमृतप्रसाद आचार्य
विभागीय प्रमुख ....................................................

३. यादवप्रकाश लामिछाने
बाह्य परीक्षक ....................................................

२०७३/११/३

# कृतज्ञता ज्ञापन

त्रिभुवन विश्वविद्यालय, शिक्षाशास्त्र सङ्काय नेपाली शिक्षा विभागअर्न्तगत स्नातकोत्तर तह (एम.एड) दोस्रो वर्षको नेपाली विषयको नेपा.शि. ५९८ पाठ्यांशको प्रयोजनार्थ कक्षा १० को नेपाली किताब २०७१ का कथा र निबन्धमा आधारित तत्सम शब्दहरूको नमुना नेपाली शब्दकोश शीर्षकको यो शोधपत्र तयार पारिएको छ ।

प्रस्तुत शोधपत्रको शीर्षक चयनदेखि शोधपत्र लेखनका क्रममा आफू अत्यन्त व्यस्त हुँदाहुँदै पनि यस शोधलाई यो स्वरूपमा ल्याउन अविच्छिन्न रूपमा सल्लाह, सुझाव र कुशल निर्देशन दिनुहुने आदरणीय शोधनिर्देशक तथा गुरु उप प्रा. श्री प्रेमप्रसाद भट्टराईज्यूप्रति हार्दिक आभार प्रकट गर्दै कृतज्ञताज्ञापन गर्दछु । यसै गरी शोध लेखन कार्यमा आवश्यक सल्लाह, सुझाव तथा उत्प्रेरणा प्रदान गर्नुहुने नेपाली भाषा शिक्षण विभागका प्रमुख आदरणीय गुरु अमृतप्रसाद आचार्यज्यूमा पनि हार्दिक आभार र कृतज्ञताज्ञापन गर्दछु ।

प्रस्तुत शोधपत्र तयार पार्ने क्रममा मलाई उपयुक्त सल्लाह, सुझाव र हौसला प्रदान गर्ने पथरी बहुमुखी क्याम्पस पथरी शनिश्चरेका सहायक क्याम्पस प्रमुख चेतन पौडेल, सोही क्याम्पसका शिक्षण सहायक नारायण गौतम, उप.प्रा. ऋषिराज धिमाललगायत सबैप्रति म अनुगृहीत छु । यसै गरी शोध पत्र तयार पार्ने क्रममा सामग्री जुटाउन सहयोग गर्नुहुने सम्पूर्ण मित्रहरूमा हार्दिक आभार र धन्यवाद ज्ञापन गर्दछु ।

यो शोधपत्र लेखनकाक्रममा आवश्यक राय, सुझाव, एवम् सहयोग पुऱ्याउने सम्पूर्ण आदरणीय व्यक्तित्वप्रति आभार प्रकट गर्दै शोधपत्र टङ्कन गरी छिटो छरितो ढङ्गले पूरा गर्न सहयोग गर्नुहुने बालकल्याण माध्यमिक विद्यालय, पथरी शनिश्चरे-१३, मोरङका प्रधानाध्यापक रोहित पराई र बयरवन-७ का लोकेन्द्र मगरलाई पनि धन्यवाद दिन चाहन्छु ।

ताराबहादुर काफ्ले

मिति : २०७३/१२/०३

# शोधसार

प्रस्तुत शोधपत्र त्रिभुवन विश्वविद्यालय शिक्षाशास्त्र सङ्काय, सुकुना बहुमुखी क्याम्पस, नेपाली भाषा शिक्षा विभागअन्तर्गत स्नातकोत्तर तह नेपाली दोस्रो वर्षको पाठयांश नेपा.शि. ५९८ को आवश्यकता परिपूर्तिको प्रयोजनको लागि तयार गरिएको हो । यस अध्ययनको उद्देश्य विद्यालय तहअन्तर्गत नेपाली भाषामा लेखिएका शब्दकोशको अवस्था पत्ता लगाई तिनको उपयोगिताको पहिचान गरी कक्षा दशका विद्यार्थीहरूको स्तर सुहाउँदो नमुना शब्दकोश निर्माण गर्नु हो । कक्षा १० को नेपाली किताब २०७१ का कथा र निबन्धमा रहेका तत्सम शब्दमा मात्र केन्द्रित रही यो शोध तयार पारिएको छ ।

यस शोधमा पाँचवटा परिच्छेदहरू रहेका छन् । पहिलो परिच्छेदमा अध्ययनको पृष्ठभूमि, समस्याको कथन, अध्ययनका उद्देश्यहरू, अनुसन्धानात्मक प्रश्नहरू, अध्ययनको महत्त्व, अध्ययनको परिसीमा, शब्द छनोटको आधार र शोधपत्रको रूपरेखा प्रस्तुत गरिएको छ । दोस्रो परिच्छेदमा सम्बन्धित साहित्यको पुनरवलोकन, शब्दकोशको प्रकार र स्वरूप, सम्बन्धित साहित्यको पुनरवलोकन, पुनरवलोकनको उपादेयता र सैद्धान्तिक/अवधारणत्मक ढाँचा प्रस्तुत गरिएको छ । तेस्रो परिच्छेदमा अध्ययनको ढाँचा र विधि, जनसङ्ख्या, नमुना र नमुना छनोट रणनीति, अध्ययनको क्षेत्र, तथ्याङक सङ्कलन साधन र तरिका, तथ्याङ्क सङ्कलन प्रक्रिया, तथ्याङ्कको व्याख्या र विश्लेषण प्रक्रिया प्रस्तुत गरिएको छ ।

परिच्छेद चारमा कक्षा दशको नेपाली किताब २०७१ का कथा र निबन्धमा आधारित तत्सम शब्दहरूको नेपाली नमुना शब्दकोशको प्रस्तुति गरिएको छ । यो परिच्छेद प्रस्तुत अध्ययनको मूल भाग रहेकाले यसमा ४०० शब्दहरूलाई वर्णानुक्रममा राखी तिनीहरूको उच्चारण स्रोत, बनोट, शब्दवर्ग, अर्थ, पर्याय, विपर्याय, उखानलाई आवश्यकता अनुसार समेटी शब्दलाई वाक्यमा प्रयोग गर्ने काम गरिएको छ । परिच्छेद पाँचमा भने विद्यालय तहका लागि लेखिएका शब्दकोशहरूको आवश्यकता केलाई तिनीहरूको प्रयोगको अवस्थालाई स्पष्ट पार्दै कक्षा दशका विद्यार्थीहरूको स्तर सुहाँउदो शब्दकोशको निर्माण गर्न सकिने र यस्ता शब्दकोशको उपयोगितालाई देखाउने प्रयत्न गरिएको छ । त्यसपछि शब्दकोश निर्माणका लागि नीतिगत तह, अभ्यास तह र अनुसन्धान तहका लागि छुट्टाछुट्टै रूपमा सुझाव प्रस्तुत गरिएको छ ।

नेपाली भाषाका बृहत् नेपाली शब्दकोश, नेपाली शब्द सागर, प्रयोगात्मक नेपाली शब्दकोश, तत्सम नेपाली व्युत्पत्ति शब्दकोश आदि जस्ता शब्दकोशले विद्यालयमा विद्यार्थीहरूलाई भाषा

प्रयोगमा सहजता ल्याउन सहयोग पुऱ्याएका छन् । यसका अतिरिक्त विद्यालय तहका विद्यार्थीहरूलाई उपयोगी हुने खालका शब्दकोश लेखन कार्य केही हदसम्म भए पनि यस्ता शब्दकोशको अवस्था ज्यादै न्यून रहेको छ । पाठ्यपुस्तक शब्द तथा दैनिक प्रयोगका शब्दहरू सङ्ग्रह गरेर विद्यालय तहका विद्यार्थीहरूका लागि लेखिएका शब्दकोशहरू भए पनि तिनको प्रयोग सीमित रूपमा भएको पाइन्छ । व्यावसायिक रूपमा विद्यालय तहमा नेपाली भाषामा प्रयोग हुने तत्सम शब्दहरूको शब्दकोश भने न्यून नै पाइन्छ । अध्ययन अनुसन्धानका क्रममा शोधकार्यको उद्देश्य परिपूर्तिका लागि लेखिएका शब्दकोशले विद्यालय स्तरमा तहगत र कक्षागत रूपमा तत्सम, आगन्तुक तथा तद्भव शब्दहरू अलग अलग राखी शब्दकोश निर्माण गर्न सकिने कुराको पुष्टि गर्दछ । कक्षागत रूपमा र अझ विद्यार्थीहरूको स्तरअनुरूप शब्दकोश निर्माण गर्न सकिने अवस्था देखिन्छ ।

# विषयसूची

| | |
|---|---|
| | पृष्ठ संख्या |
| प्रतिबद्धता पत्र | क |
| सिफारिस पत्र | ख |
| स्वीकृति पत्र | ग |
| कृतज्ञताज्ञापन | घ |
| शोधसार | ङ |
| विषयसूची | छ |
| सङ्क्षिप्त शब्दको पूरा रूप | झ |
| चिह्नसूची | ञ |

**परिच्छेद एकः परिचय**

| | |
|---|---|
| १.१ अध्ययनको पृष्ठभूमि | १ |
| १.२ समस्याको कथन | २ |
| १.३ अध्ययनका उद्देश्यहरू | ३ |
| १.४ अनुसन्धानात्मक प्रश्नहरू | ३ |
| १.५ अध्ययनको महत्त्व | ४ |
| १.६ अध्ययनको परिसीमा | ४ |

**परिच्छेद दुई : सम्बन्धित साहित्यको पुनरवलोकन र अवधारणात्मक ढाँचा**

| | |
|---|---|
| २.१ सैद्धान्तिक साहित्यको पुनरवलोकन | ५ |
| २.२ सम्बन्धित साहित्यको पुनरवलोकन | १३ |
| २.३ अध्ययनका लागि पुनरवलोकनको उपादेयता | १४ |
| २.४ सैद्धान्तिक/अवधारणात्मक ढाँचा | १४ |

**परिच्छेद तीन : अध्ययनको विधि र प्रक्रिया**

| | |
|---|---|
| ३.१ अध्ययनको ढाँचा र विधि | १४ |
| ३.२ जनसङ्ख्या नमुना र छनोट रणनीति | १५ |

३.३ अध्ययनको क्षेत्र १५

३.४ तथ्याङ्क सङ्कलनका साधन र तरिका १५

३.५ तथ्याङ्क सङ्कलन प्रक्रिया १५

३.६ तथ्याङ्कको व्याख्या र विश्लेषण प्रक्रिया १६

## परिच्छेद चार : नतिजाको व्याख्या र विश्लेषण

४. नतिजाको व्याख्या र विश्लेषण १७

## परिच्छेद पाँच : निष्कर्ष र सुझाव

५.१ निष्कर्ष ६८

५.२ सुझाव ६९

५.२.१ नीतिगत तहका लागि सुझाव ६९

५.२.२ अभ्यास तहका लागि सुझाव ६९

५.३.३ अनुसन्धान तहका लागि सुझाव ७०

सन्दर्भसामग्री सूची ७१

## सङ्क्षिप्त शब्दको पूरा रूप

| | |
|---|---|
| उ- | उखान |
| उदा.- | उदाहरण |
| क्रि.वि.- | क्रिया विशेषण |
| क्रियो.- | क्रियायोगी |
| टु.- | टुक्का |
| तत्स- | तत्सम |
| ना. - | नाम |
| नायो. - | नामयोगी |
| वि. - | विशेषण |
| विप. - | विपरीतार्थी |
| संयो. - | संयोजक |

# चिह्न सूची

| | |
|---|---|
| / | – विभाजक |
| - | - निर्देशक चिह्न |
| . | - सङक्षेप |
| + | - जोड/योग |
| / / | - उच्चारित रूप |
| ( ) | - विवृति/स्पष्टीकरण, रूपायन |
| > | - अघिल्लोबाट व्युत्पन्न |
| < | - पछिल्लोबाट व्युत्पन्न |
| [ ] | - व्युत्पादन/व्युत्पत्ति |

# परिच्छेद एक

# परिचय

## १.१. अध्ययनको पृष्ठभूमि

यस शोधपत्रको शीर्षक “कक्षा दशको नेपाली किताब २०७१ का कथा र निबन्धमा आधारित तत्सम शब्दहरूको नमुना नेपाली शब्दकोश” रहेको छ ।प्रस्तुत शोधपत्र त्रिभुवन विश्वविद्यालय शिक्षाशास्त्र सङ्काय, सुकुना बहुमुखी क्याम्पस, नेपाली भाषा शिक्षा विभागअन्तर्गत स्नातकोत्तर तह, नेपाली दोस्रो वर्षको पाठ्यांश नेपा.शि. ५९८ को आवश्यकता परिपूर्तिको लागि तयार पारिएको छ । पुस्तकालयीय विधिलाई आत्मसात गरिएको प्रस्तुत शोध शब्दकोशका आधारभूत सैद्धान्तिक मान्यतालाई प्रस्तुत गर्दै कक्षा दशको नेपाली किताबका कथा र निबन्धमा प्रयुक्त शब्दहरूको अर्थ शब्दवर्ग, उच्चारण, व्युत्पत्ति पर्याय, विपर्याय र वाक्यमा प्रयोगलाई वर्णानुक्रमको प्रविष्टिअनुरूप राखेर नमुना शब्दकोश निर्माण गर्नमा केन्द्रित रहेको छ ।

शब्दकोशको विकासक्रमतिर दृष्टि दिँदा पूर्वीय र पश्चिमी परम्परामा बेग्लाबेग्लै किसिमले सुरुआत भएको पाइन्छ । पूर्वीय परम्पराभित्र संस्कृतमा वेदका कठिन शब्दहरूको सङ्कलन गर्ने क्रममा वैदिक शब्दहरूको सूचीका रूपमा सर्वप्रथम ‘निघण्टु’ को रचना ई.पू. ८ औं शताब्दीतिर भएको मानिन्छ । त्यसपछि यास्कले ‘निरुक्त’ ग्रन्थमा निघण्टुमा सङ्ग्रहीत शब्दहरूको निर्वचन (व्युत्पत्ति) दिएका छन् । यसलाई व्युत्पत्तिशास्त्र पनि भनिएको छ (अधिकारी, २०६७) ।

नेपाली शब्दकोशको ऐतिहासिक विकासक्रमको गौरवमय कार्यको शुभारम्भ १९ औं शताब्दीसँगै डब्ल्यु.जे. कर्कपेट्रिकले गरेका हुन् उनले “नेपाल अधिराज्यको विवरण”(An Account of the Kingdom of Nepal)(सन् १८११) लन्डनबाट प्रकाशित गरेका थिए । जसमा शब्दावली र शब्दसूची प्रस्तुत गरिएको थियो । डेनियल राइटले सम्पादन गरेको “हिस्ट्री अफ नेपाल” (सन् १८७७) । टर्नबुलको नेपाली व्याकरण र शब्दावली (सन्१८८७) (लम्साल, २०५७) ले नेपाली शब्दकोशको विकासको परम्परामा महत्त्वपूर्ण योगदान दिएको पाइन्छ । नेपाली कोशनिर्माण परम्पराको थालनी विदेशी विद्वान्बाट भए पनि नेपाली एकभाषी कोशको आरम्भ मोतीराम भट्टले गरेका हुन् । मोतीराम भट्टको “उखानको बखान” (वि.स.१९४५), चक्रपाणि चालिसेको “बगली कोश)” (वि.स.१९९८), बालचन्द्र शर्माको “नेपाली शब्दकोश” (वि.स.२०१९) नेपाल प्रज्ञा प्रतिष्ठानबाट प्रकाशित “नेपाली बृहत शब्दकोश” (वि.स.२०४०), वसन्तकुमार शर्म्मा नेपालको “नेपाली शब्दसागर” (वि.स. २०५७), हेमाङ्गराज अधिकारी र बद्रीविशाल भट्टराईको “प्रयोगात्मक नेपाली शब्दकोश” (वि.स. २०६१) यी सम्पूर्ण कोशको विकासले नेपाली शब्दकोशनिर्माणमा

आधुनिक युगमा महत्त्वपूर्ण भूमिका निभाएका छन् । यस्तै टीकादत्त बरालको तत्सम नेपाली व्युत्पत्ति शब्दकोश (२०६८) ले पनि कोशको विकासमा गहकिलो योगदान दिएको छ । शब्द र अर्थका सम्बन्धका बारेमा विभिन्न दर्शनहरूले आ-आफ्नै तरिकाले विश्लेषण गरेका छन् । प्रकृतिवादी दार्शनिकहरूका अनुसार शब्द र अर्थका बीच प्राकृतिक सम्बध रहन्छ । यस्तै परम्परावादीहरूले प्राकृतिवादलाई खण्डन गर्दै शब्द र अर्थको सम्बन्ध परम्परागत र संस्कृतिअनुरूप रहन्छन् भनी दर्शनले शब्द र अर्थका बारेमा आ-आफ्नै तरिकाले व्याख्या गरेका छन् (न्यौपाने र अन्य, २०६८) ।

शब्द र कोश शब्दको मेलबाट शब्दकोश निर्माण भएको हो । "कुनै भाषाका शब्दहरूको वर्णानुक्रमअनुसार शब्द सङ्कलन गरी व्याकरणात्मक कोटी खुलाएर उही वा अन्य भाषाका अर्थ, पर्याय, विपर्याय, विशेषता आदि लेखिएको ग्रन्थलाई शब्दकोश भनिन्छ (चापागाई, २०६२ : ११२४) । शब्दकोशमा शब्दहरूको अर्थ, प्रयोग जस्ता सम्पूर्ण विवरणलाई विभिन्न अनुक्रममा प्रस्तुत गरिएको हुन्छ । "१ भाषाका शब्दहरूलाई वर्णानुक्रम मिलाएर तिनको स्रोत, अर्थ, प्रयोग, आदिका सूचनालाई व्यवस्थित रूपमा प्रस्तुत गरिएको ग्रन्थ, २. खास विषयसँग सम्बन्धित शब्दहरूलाई वर्णानुक्रम मिलाई अर्थ वा परिभाषालाई प्रकाश पारिएको सन्दर्भग्रन्थ शब्दकोश हो (अधिकारी र भट्टराई, २०७० : १३४०) । "शब्दकोश भनेको वर्णानुक्रममा भएका शब्दहरूको अर्थसहितका सूचनाहरूलाई प्रस्तुत गरिएको सन्दर्भ पुस्तक हो" (अधिकारी, २०६७:१८५) । शब्दकोशमा शब्दहरू व्यवस्थित अनुक्रममा राखिएको हुनाले प्रयोगकर्तालाई आवश्यक शब्द खोज्न सहज हुन्छ । "भाषाको मानकीकरण तथा स्तरीकरणमा शब्दकोशको उल्लेख्य भूमिका रहेको हुन्छ । शब्दकोशको सम्पादन तथा प्रकाशनले नेपाली भाषाको स्तरीकरण गर्न सहयोग प्राप्त हुने हुन्छ" (लामिछाने, २०६५ : ३१८) । "शब्दकोशले प्रचलित, प्रभावकारी, सुविधायुक्त, प्रविधि सङ्गत तथा परिस्कृत सामान्य स्वरूपको वरण गर्नुपर्दछ र आफूमा प्राञ्जल, सरल र सुग्राह्य रूपविधान, ग्रहण गर्नुपर्दछ । यसो भएका शब्दकोश प्रयोगकर्ताहरूका लागि हुन्छ र उनीहरूको अपेक्षासमेत पूरा गर्न सक्छ" (भट्टराई, २०६७, : ७) ।

## १.२. समस्या कथन

अनुसन्धान समस्यामूलक हुनुपर्दछ । कक्षागत रूपमा शब्दकोश तयार गर्ने कार्य आफैँमा चुनौतीपूर्ण हुन्छ । कक्षा दशका विद्यार्थीहरूका लागि उपयोगी हुनसक्ने शब्दकोश लेखनको आवश्यकतालाई मध्यनजर गर्दै यस्ता शब्दकोश निर्माण गर्दा आइपर्ने समस्याहरू शोध समस्याका रूपमा निम्नानुसार रहेका छन् :

१. कक्षा १० को नेपाली पाठ्यपुस्तकका कथा र निबन्धमा आधारित भएर तत्सम शब्दको मात्र शब्दकोश निर्माण गर्न सकिन्छ ?

२. यस शब्दकोशलाई शिक्षण सिकाइ प्रक्रियामा उपयोगी बनाउन सकिन्छ ?

३. कोश निर्माणका आधारभूत पक्षहरू यस कोशमा समेट्न सकिन्छ ?

४. शब्दकोशमा भएका शब्दको अर्थ र वाक्यमा प्रयोग विद्यार्थीको स्तरअनुसार निर्माण गर्न सकिन्छ ?

५. शब्दकोश निर्माणका क्रममा शब्दको अर्थ, पर्याय, विपर्याय, शब्द वर्ग, उच्चारण र वाक्यमा प्रयोग देखाउन सकिन्छ ?

## १.३. अध्ययनका उद्देश्यहरू

कक्षा दशको नेपाली किताबका कथा र निबन्धमा आधारित तत्सम शब्दहरूको नमुना नेपाली शब्दकोश निर्माण गर्नाका उद्देश्यहरू निम्नानुसार रहेका छन्:

क) कक्षा दशका विद्यार्थीका लागि उपयोगी शब्दकोश निर्माण गर्नु,

ख) शिक्षण सिकाइ प्रक्रियामा यस शब्दकोशलाई उपयोगी बनाउनु,

ग) विद्यार्थीहरूको स्तर, क्षमताअनुसार शब्दकोश निर्माण गर्नु,

घ) विद्यार्थीहरूमा शब्दभण्डार र क्षमताको वृद्धि गर्न मद्दत गर्नु,

ङ) कक्षा दशको नेपाली किताबमा भएका कथा र निबन्धमा प्रयुक्त तत्सम शब्दहरूलाई वर्णानुक्रममा राखी ती शब्दहरूको उच्चारण, शब्दवर्ग, अर्थ, पर्याय, विपर्याय आदिलाई प्रस्तुत गर्नु ।

## १.४. अनुसन्धानात्मक प्रश्नहरू

प्रस्तुत शोधका अनुसन्धानात्मक प्रश्नहरू निम्नानुसार रहेका छन् :

क) कक्षा १० को नेपाली किताबका कथा र निबन्धमा भएका तत्सम शब्दहरू सङ्कलन गरी शब्दकोश निर्माण गरिएको छ ?

ख) यस्ता कक्षागत रूपमा लेखिएका शब्दकोशले शिक्षण सिकाइमा सहयोग पुऱ्याउन सक्छन् ?

ग) शब्दकोशको प्रयोगले विद्यार्थीमा शब्दभण्डार क्षमता वृद्धि गराउँछ ?

ङ) ती शब्दहरूको शब्दवर्ग र उच्चारण कस्तो हुन्छ ?

## १.५. अध्ययनको महत्त्व

हरेक अध्ययन अनुसन्धानको आ-आफ्नै महत्त्व हुन्छ । शब्दकोशका माध्यमबाट शब्दको अर्थ, अर्थ खुल्ने गरी वाक्यमा प्रयोग गर्न, शब्दको शुद्ध उच्चारण गर्न, पर्याय तथा विपर्याय शब्दहरू थाहा पाउन, शब्दको निर्माण प्रक्रिया बुझ्न, शब्दलाई कोशीय अनुक्रममा राख्न, शब्दकोशको प्रयोग गर्न पाइने हुनाले यसको उपयोगिता सम्पूर्ण प्रयोगकर्ताका लागि हुनेछ । विशेष गरी विद्याालय तहका लागि तयार गरिने नमुना शब्दकोशले शिक्षण सिकाइ प्रक्रियाका लागि शिक्षकलाई, शब्दभण्डार क्षमता बढाई सिकाइमा सहजताका लागि विद्यार्थीलाई, बालबालिकाको सिकाइमा सहयोग गर्न अभिभावक र विद्यालय प्रशासनलाई, सम्बन्धित अनुसन्धान कार्यमा संलग्न अनुसन्धानकर्ताका लागि र भाषाका सम्पूर्ण अध्येताहरूका लागि उपयोगी हुने हुनाले यस किसिमको अध्ययनको महत्व छ ।

## १.६. अध्ययनको परिसीमा

प्रस्तुत शब्दकोश कक्षा दशको नेपाली किताबको कथा र निबन्धमा प्रयुक्त तत्सम शब्दमा आधारित रहेको छ । कुनै पनि शोधलाई सीमाबद्ध गरिएन भने त्यो शोध अनुसन्धानले आफ्नो दिशा अल्मलिएर भद्दा किसिमको हुन्छ । त्यसैले अनुसन्धानलाई निम्नानुसार सीमाबद्ध गरिएको छ :

क) यो अनुसन्धान दश कक्षाका विद्यार्थीका लागि तयार गरिने नमुना शब्दकोश भएको हुनाले कक्षा दशको नेपाली किताबका कथा र निबन्धमा केन्द्रित रहेको छ ।

ख) यस नमुना शब्दकोशमा ४०० शब्द रहेका छन् ।

ग) शब्द प्रविष्टि दिँदा वर्णानुक्रमको मर्यादालाई अङ्गीकार गरिएको छ ।

घ) शब्दकोशमा शब्दको अर्थ, स्रोत, वर्ग,उच्चारण,पर्याय, विपर्याय र वाक्यमा प्रयोग समेत प्रस्तुत गरिएको छ ।

# परिच्छेद दुई

# सम्बन्धित साहित्यको पुनरवलोकन र अवधारणात्मक ढाँचा

## २.१. सैद्धान्तिक साहित्यको पुनरवलोकन

१९ औं शताब्दिसँगै डब्ल्यु.जे. कर्क पेट्रिकले सन् १८११ मा लन्डनबाट प्रकाशित 'नेपाल अधिराज्यको विवरण'मा शब्दावली वा शब्दसूचीकै रूपमा भए पनि नेपाली भाषाका शब्दहरूसङ्कलन र प्रकाशन गरी नेपाली कोशको ऐतिहासिक विकासको शुभारम्भ गरेको पाइन्छ । उनले ७०० शब्दहरू समावेश गरेका थिए । अर्थका लागि अङ्ग्रेजी शब्द दिएर त्यसका साथमा अन्दाजी ६०० नेपाली र नेवारी शब्दहरूको सूची दिएको छ । डेनियल राइटको 'हिस्ट्री अफ नेपाल' सन् १८७० मा प्रकाशित भएको थियो । यसमा अङ्ग्रेजी अर्थका साथ नेपाली र नेवारी भाषाका २०० शब्दलाई सङ्गृहित गरिएको छ ।टर्नबुलको सन् १९८७ मा प्रकाशित नेपाली व्याकरण र शब्दावली कृति नेपाली शब्दकोशमा युगान्तकारी रचना बन्यो । मोतीराम भट्ट नेपाली एकभाषी कोशका प्रणेता सिद्ध भएका छन् । उनको उखानको बखान र जान्ने कथाको संग्रह, अनुप्रास मञ्जरी जस्ता अरू पनि एकभाषी कोशका प्रारम्भिक स्वरूपहरू देखा परेका छन् (लम्साल, २०५७) ।

“त्यसपछि एकभाषी कोशका प्रारम्भिक स्वरूपमा शिखर नाथ सुवेदीको शिखरनाथ भाष्य ( १९५९), महावीरसिंह गड्तौलाको 'उखानको बखानको प्रभाव' (१९६०) पा. गंगाप्रसाद प्रधानको नेपाली उखानको पोस्तक (१९६५), जयपृथ्वीबहादुर सिंहको प्राकृत भाषाकोश (१९६८-६९) र देवीदत्त पराजुलीको 'नेपालीकोश' (१९६५) आदि” (लम्साल, २०५७, :२०८) । नेपाली एकभाषी कोशमा आधुनिकतामा प्रवेश गराउने चक्रपाणि चालिसेको “बगलीकोश” वि.स. १९९८ हो । यस कोशमा छ हजार शब्द रहेका छन् । बालचन्द्र शर्माको “नेपाली शब्दकोश (वि.स.२०१९) ले शब्दको अर्थ, शब्दवर्ग, स्रोत व्युत्पत्ति, पर्यायवाची र त्यसबाट बन्ने अन्य शब्दहरू पनि दिएको छ । नेपाली बृहत् शब्दकोश(वि.स.२०४०) मा शब्दको स्रोत वर्ग, पर्यायवाची, कतिपय शब्दको व्युत्पत्ति दिइएको छ । यस कोशले शब्दलाई प्रविष्टि र उपप्रविष्टि गरी दुई तहमा प्रस्तुत गरेको छ । यस कोशमा ६४ हजार शब्द रहेका छन् । वसन्तकुमार शर्म्माको नेपाली शब्दसागर (वि.स. २०५७) शब्द संग्रहका रूपमा रहेको छ जसमा १५०००० शब्दहरू रहेका छन् । नेपाली भाषामा प्रकाशित यो नै ठूलो एकभाषी कोश हो । यसमा संस्कृतका शब्दहरू समेत सङ्कलन गरिएको छ । वि.स. २०६१ मा हेमाङ्गराज अधिकारी र बद्रीविशाल भट्टराईले तयार पारेको “प्रयोगात्मक नेपाली शब्दकोश” मा शब्दको स्रोत, व्युत्पादन, व्याकरणिक सूचना, अर्थ र प्रयोगका सूचनालाई व्यवस्थित ढङ्गले प्रस्तुत

गरिएको छ । यो उच्चारणसम्बन्धी सूचना दिने पहिलो कोश हो (भण्डारी, घिमिरे र नेपाल, २०६८) । टीकादत्त बरालको तत्सम नेपाली व्युत्पत्ति शब्दकोश (२०६८) नेपाली भाषामा प्रयोग हुने तत्सम शब्दहरूको महत्त्वपूर्ण शब्दकोशका रूपमा देखा परेको छ । यसमा कोशकारले प्रत्ययसम्बन्धी प्रक्रिया, सन्धि प्रक्रिया, धातुका अगाडि वा पछाडि आउने वर्णसम्बन्धी नियम उल्लेख गरेर सामान्य पाठकलाई सहज रूपमा शब्द बुझ्न सहयोग पुऱ्याउनुभएको छ । तत्सम शब्दहरू नेपाली भाषामा निकै छन् र तिनमा निरन्तर वृद्धि भइरहेको छ । यस कोशमा यस्ता शब्दहरूको व्युत्पत्ति, विग्रह र अर्थ दिइएको छ (बन्धु, २०६८) ।

### २.१.१. शब्दकोशका प्रकार

शब्दकोशलाई निम्नअनुसारका आधारमा विभाजन गरिएको छ :

**क) भाषा सङ्ख्याका आधारमा**

भाषा संख्याको आधारमा कोशलाई एकभाषिक, द्विभाषिक र बहुभाषिक कोश गरी तीन भागमा बाँडन सकिन्छ ।

अ) **एकभाषिक कोश** : जुन भाषामा प्रविष्टि भएको छ त्यही भाषामा त्यसको अर्थ, प्रयोग तथा उदाहरणको प्रयोग गरिएको कोशलाई एकभाषिककोश भनिन्छ । जस्तैः नेपाली बृहत् शब्दकोश, (ने.रा.प्र.प्र., २०४०) ।

आ) **द्विभाषिक कोश** : प्रविष्टि स्रोत भाषाको र समानका एकाइहरू लक्ष्य भाषाका हुने कोश द्विभाषिक कोश हो । जस्तैः अङ्ग्रेजी-नेपाली साझा सङ्क्षिप्त शब्दकोश(साझा प्रकाशन, २०३३) ।

इ) **बहुभाषिक कोश** : एउटा भाषामा दिएको प्रविष्टिलाई प्रष्ट्याउन दुईभन्दा बढी भाषामा समानार्थी शब्दको प्रयोग गरिएको कोशलाई बहुभाषिक कोश भनिन्छ । डब्लु.जे.कर्कपेट्रिकको सन् १८११ मा प्रकाशित ‘एन एकाउन्ट अफ द किङ्डम अफ नेपालबहुभाषिक शब्दकोशको नमुना हो ।

**ख) स्वरूपका आधारमा**

स्वरूपका आधारमा कोशलाई भाषापरक र ज्ञानपरक गरेर दुई भागमा विभाजन गर्न सकिन्छ :

अ) **भाषापरक कोश :** भाषासँग मात्र सम्बन्धित भई निर्माण गरिएको कोशलाई भाषापरक कोश भनिन्छ । जस्तैः चक्रपाणि चालिसेको नेपाली पर्यायवाची कोश (१९९८) ।

आ) **ज्ञानपरक कोश :** भाषाबाहेक ज्ञान पक्षलाई जोड दिइएको कोशलाई ज्ञानपरक कोश भनिन्छ । जस्तैः विश्वकोश, बृहत् सामान्यज्ञान आदि ।

**ग) समयका आधारमा**

यस आधारमा कोशलाई समकालीन/एककालीन र ऐतिहासिक/कालक्रमिक गरी २ प्रकारमा विभाजन गरिन्छ ।

अ) **समकालीन/एककालीन शब्दकोश :** कुनै एउटै समयमा केन्द्रित भएर तयार गरिने कोश समकालीन/एककालीन कोश हो । जस्तैः नेपाली बृहत् शब्दकोश (२०४०) ।

आ) **ऐतिहासिक/कालक्रमिक शब्दकोश :** कुनै भाषाका सबै समयमा प्रयुक्त शब्दहरूलाई समेटेर निर्माण गरिएको कोश ऐतिहासिक/कालक्रमिक कोश हो । जस्तैः अक्सफोर्ड डिक्सनरी।

**घ) प्रविष्टि अनुक्रमका आधारमा**

यस आधारमा शब्दकोशलाई वर्णानुक्रम, विषयानुक्रमिक र मिश्रित गरी तीन किसिममा विभाजन गर्न सकिन्छ :

अ) **वर्णानुक्रम :** वर्णका आधारमा शब्दहरू राखी बनाइएको कोश वर्णानुक्रमकोश हो । जस्तैः नेपाली बृहत् शब्दकोश (२०४०) ।

आ) **विषयानुक्रमिक कोश :** विषयलाई मुख्य आधार मानेर निर्माण गरिएको कोश विषयानुक्रमिक कोश हो । संस्कृत भाषामा अमरसिंहले तयार गरेको अमरकोश यसको नमुना हो ।

इ) **मिश्रित कोश :** वर्णानुक्रमिक र विषयानुक्रमिक दुवै किसिमका अनुक्रमहरूको उपयोग गरी तयार पारिएको कोश मिश्रित कोश हो । पर्यायवाची र विपर्यावाची कोशहरू मिश्रित कोशका उदाहरण हुन् (पोखरेल, २०६६) ।

**ङ) प्रयोजनका आधारमा**

यस आधारमा कोशलाई मानक र सन्दर्भपरक गरी दुई भागमा बाँडन सकिन्छ :

अ) **मानक कोश :** कुनै भाषाको स्तरीय शब्दभण्डारलाई समावेश गरी निर्माण गरिएको कोश मानक कोश हो । जस्तैः नेपाली बृहत् शब्दकोश (२०४०) ।

आ) **सन्दर्भपरक कोश :** कुनै भाषाको सामाजिक, क्षेत्रीय आदि भेदलाई समेटेर सम्पादन गरिएको कोश सन्दर्भपरक कोश हो ।

**च) प्रयोक्ताका आधारमा**

कोशका प्रयोक्ताको आवश्यकतालाई ध्यानमा राखी बनाइएको कोशलाई प्रयोक्तामुखी कोश भनिन्छ । यो निम्नअनुसार प्राज्ञिक र शैक्षिक गरी दुई किसिमको हुन्छ ।

अ) **प्राज्ञिक कोश** : सन्दर्भपरक प्रकृतिका कोशहरू, व्युत्पत्तिमूलक कोशहरू, विशिष्ट ज्ञान र प्रविधिसँग सम्बन्धित कोशहरू यसअन्तर्गत पर्दछन् । यस किसिमका कोशका उदाहरण टर्नरको नेपाली भाषाको तुलनात्मक र व्युत्पत्तिपरक शब्दकोश (सन् १९३१), खगेन्द्रप्रसाद लुइँटेलले सम्पादन गर्नुभएको नेपाली प्रकृति प्रत्यय कोश (२०५८) छन् ।

आ) **शैक्षिक कोश :** विद्यार्थीहरूको स्तर र आवश्यकतालाई ख्याल गरी बनाइएको कोश शैक्षिक कोश हो ।कृष्णप्रसाद न्यौपाने र अन्यले सम्पादन गरेको उपयोगी नेपाली शब्दकोश र रचना (२०६१) यस कोशको उदाहरण हो ।

**छ) प्रविष्टि क्षेत्रका आधारमा**

प्रविष्टि क्षेत्रका आधारमा कोशलाई सामान्य र विशेष कोश गरी दुई भागमा बाँडिन्छ ।

अ) **सामान्य कोश** : भाषाको सामान्य व्यवहारमा प्रयोग हुने जुनसुकै शब्दहरूसँग सम्बन्धित कोश सामान्य कोश हो । जस्तैः नेपाली बृहत् शब्दकोश (२०४०) ।

आ) **विशेष कोश :** ज्ञानका विविध क्षेत्रमध्ये कुनै एकमा केन्द्रित रहेर तयार पारिएको कोश विशेष कोश हो । हरिहर दाहालको 'कृषि विज्ञान शब्दकोश (२०५७)', शङ्करकुमार श्रेष्ठको 'कानुनी शब्दकोश (२०५६)' विशेष कोशका नमुना हुन् ।

### २.१.२. शब्दकोशको स्वरूप

कोश कस्तो हुन्छ वा कसरी बनेको हुन्छ भन्ने कुरालाई कोशको स्वरूपले दर्शाएको हुन्छ । कोशको स्वरूपलाई मूलतः तीन भागमा विभाजन गर्न सकिन्छ : पूर्वभाग, मूलभाग र उत्तरभाग ।

### २.१.२.१. पूर्वभाग

यो शब्दकोशको मूल भागभन्दा अगिल्लो भाग हो । यसमा शब्दकोशको मूल अर्थात् केन्द्रीय भागलाई उपयुक्त तरिकाले प्रयोगमा ल्याउन आवश्यक आधार सामग्रीहरू राखिएका हुन्छन् । यस भागभित्र शीर्षक, प्राक्कथन वा भूमिका, कोशविधान प्रक्रिया, कोश निर्देशिका, प्रविष्टि विधान (मूल प्रविष्टि र उपप्रविष्टि), अनेकार्थी, समरूपी उच्चारण र आलेखन व्याकरण निर्देश, बीजक, विवृत्ति, प्रतिनिर्देश, व्युत्पत्ति विधान, उदाहरण संयोजन, सङ्क्षेपसूची, विराम र सङकेत चिह्नहरूको प्रयोगका सम्बन्धमा स्पष्टीकरण दिइएको हुन्छ । यस भागलाई शब्दकोशको पूर्ववर्ती भाग मानिन्छ (लम्साल, २०५७:७५) ।

#### २.१.२.१.१. शीर्षक

शब्दकोशको नामलाई शीर्षकले जनाउने काम गर्दछ । शब्दकोशको प्रकृति र प्रयोजनको पहिलो निर्देशक नै यसको शीर्षक हो । यसकै आधारमा कोश कुन प्रयोजनका लागि निर्माण भएको हो सो कुरा प्रस्ट हुन्छ । कोशको प्रयोजनलाई जनाउन कोशकारले तुलनात्मक, व्युत्पत्तिपरक, सङ्क्षिप्त, बृहत शब्दकोश, मानककोश आदि उल्लेख गरिएको पाइन्छ । शीर्षकसँगै सम्बन्धित कोशमा निहित शब्द संख्या, प्रविष्टि संख्या, सम्पादक, प्रकाशक तथा संस्करण मिति आदि जस्ता कुरा पनि उल्लेख गरिन्छ ।

#### २.१.२.१.२. प्राक्कथन र भूमिका

कोशको पूर्वभागमा कोशसम्बन्धी आवश्यक जानकारी तथा सूचना दिनका लागि प्राक्कथन र भूमिका प्रस्तुत गरिएको हुन्छ । यसलाई प्रस्तावना, परिचय, कृतज्ञता ज्ञापन पृष्ठभूमि, प्रकाशकीय, सम्पादकीय जस्ता नामले पनि चिनाइएको पाइन्छ । नेपाली बृहत् शब्दकोश (२०४०) ले प्रकाशकीय र सम्पादकीय भनेर प्राक्कथन र भूमिकाको स्थान लिएको छ भने प्रयोगात्मक नेपाली शब्दकोश (२०६१) ले प्राक्कथनकै नाम दिएको छ । यसरी जे शीर्षक दिए पनि यसभित्र कोशको उद्देश्य, क्षेत्र, परिधि, स्रोत, आवश्यकता आदिका सम्बन्धमा प्रकाश पारिएको हुन्छ ।

#### २.१.२.१.३. कोशको प्रयोजन र क्षेत्र

कोशका प्रकार र क्षेत्र यसभित्र समेटिने पक्ष हुन् । कोशका प्रयोक्ता कस्ता छन् ? कुन विषय विशेषसँग सम्बन्धित छ ? कोश कुन किसिमको हो ?पहिलो वा दोस्रो कुन भाषीका लागि हो

?कोशको प्रकृति सन्दर्भपरक हो वा अन्य यसको उल्लेख यसै शीर्षकभित्र गरिन्छ । यस भागमा मूलतः कोश कस्तो हो सोको पनि स्पष्टीकरण दिइएको हुन्छ ।

### २.१.२.१.४. कोशको स्रोत

शब्दकोशको प्रकृतिअनुसार शब्दहरू कहाँबाट लिएको छ, सो कुराको उल्लेख यस शीर्षकभित्र गरिएको हुन्छ । कोश निर्माण गर्दा कुन कुन कोशलाई आधार बनाइयो र ती प्रविष्टि पाएका शब्दहरूको स्रोत के हो ? यसमा उल्लेख गर्ने काम गरिन्छ । पूर्वप्रकाशित शब्दकोश तथा समकालीन भाषा प्रयोग क्षेत्र यसका स्रोत मानिन्छन् ।

### २.१.२.१.५. कोशविधान प्रक्रिया

कोश सम्पादनका विविध पक्षहरू जस्तैः प्रविष्टि चयन, उच्चारण, व्याकरण, व्युत्पत्ति वा हिज्जे आदि यसअन्तर्गत पर्दछन् । कोशभित्र प्रयुक्त पर्यायवाची शब्द, चित्र,संकेत चिह्न, शब्दोच्चारण, वाक्यनिर्माण, अर्थक्रम, उदाहरण आदि पनि यही भागमा निर्धारण गरिन्छ ।

### २.१.२.१.६. कोश निर्देशिका

यसभित्र कोश प्रयोग गर्ने तरिका अपनाइएको हुन्छ । कोश र पाठकका बीच सम्प्रेषणीयता कायम गर्न कोश निर्देशिकाको महत्त्वपूर्ण भूमिका रहन्छ । यसअन्तर्गत शब्दहरूलाई कसरी प्रविष्टि दिने भन्ने कुरा यसको मूल कार्य हो । यसमा खास गरी निम्न पक्षहरू पर्दछन् :

**क)** **मूल प्रविष्टि :** शीर्ष शब्द नै मूल प्रविष्टि हो । कोशको प्रकृतिअनुसार कुन किसिमका कोशीय एकाइलाई मूल प्रविष्टि दिने र कुन किसिमकालाई उपप्रविष्टि दिने भन्ने यस अंशमा उल्लेख गरिएको हुन्छ ।प्रविष्टि भन्नाले त्यस्ता सङ्गृहीत ढाँचागत सूचनासँग सम्बन्धित कोशीय एकाइहरू हुन्, जुन कोशमा रहेका हुन्छन् । तिनलाई कोशमा राख्नु नै प्रविष्टि हो । प्रविष्टि भनेको कुनै पनि कोशको प्रकृतिअनुसार अपेक्षित विविध विवरण रहेको क्रमबद्ध कोशीय एकाइ हो (ढुङ्गेल र दाहाल, २०६२:२०४) ।

**ख)** **अनेकार्थी शब्द :** अनेकार्थी शब्दहरूको प्रविष्टि फरक फरक मूल प्रविष्टिमा दिइएको छ अथवा एउटै मूल प्रविष्टिबाट १,२,३ ... गर्दै भिन्नभिन्न अर्थ दिइएको छ भन्ने कुरा यसमा प्रस्ट पारिएको हुन्छ ।

**ग)** **समरूपी शब्द :** हिज्जे र उच्चारण एउटै भए पनि व्युत्पत्ति र अर्थ भने फरक हुने शब्दहरूको प्रविष्टि व्यवस्था कसरी मिलाइएको छ भन्ने कुरा यस अंशमा स्पष्ट पारिन्छ ।

**घ)** **उच्चारण र आलेख :** सबै कोशमा यसलाई समेटिएको पाइँदैन । पहिलो भाषी कोशमा भए उच्चारण र आलेख त्यति आवश्यक ठानिँदैन तर दोस्रो भाषीका लागि भने यो आवश्यकीय नै मानिन्छ । प्रयोगात्मक नेपाली शब्दकोश (२०६१) ले यस अंशको उल्लेख गरेको देखिन्छ ।

**ङ)** **व्याकरण निर्देश :** शीर्ष शब्द व्याकरणका दृष्टिले कस्तो शब्द हो भन्ने कुरा कोशमा दिइएको हुन्छ । व्याकरणको सङ्केत सङ्क्षेपमा दिइन्छ (ढुङ्गाना, २०६७:२२१) । यसको संकेत सूची अग्रभागमा दिएको हुन्छ ।जस्तैः

**तालिका १ : सङ्क्षेप सूचीको नमुना**

| | |
|---|---|
| अक्रि.- अकर्मक क्रिया | क्रिप.-क्रियापद |
| उप.-उपसर्ग | ना. - नाम |
| विबो. - बिस्मयादिबोधक | द्वि. -द्वित्व |
| वि. - विशेषण | अ. -अरबी |

स्रोतः नेपाली बृहत् शब्दकोश (२०४०) ।

**च)** **बीजक :** कोशीय एकाइको कार्य तथा स्तर जनाउन प्रविष्टि अङ्गमा गरिने शब्द वा शब्दावली नै बीजक हो । जस्तैः

ऋतु- /रितु/(सं.) प्राकृतिक जलवायुलाई ध्यान दिई प्रत्येक दुई महिनामा फेरिने समयावधि (उदा. वसन्त, ग्रीष्म, शरद, हेमन्त र शिशिर ऋतु), वर्षभरिको मौसमको परिवर्तनलाई जनाउने समयको विभाजन । रूखमा पालुवा देखिनु ऋतु परिवर्तनको सङ्केत हो ।

**छ)** **विवृति :** कुनै शब्दलाई थप स्पष्ट वा खुलस्त पार्ने कामलाई विवृति भनिन्छ । यो व्यक्तिगत कोशीय एकाइको अर्थविधानका सन्दर्भमा प्रयोग हुने कोशीय उपबन्ध हो । यस्तो विवृति कोष्ठकभित्र दिने गरिन्छ । जस्तैः केटो ना. (बहु/ति.केटा, स्त्री. केटी) ।

**ज)** **प्रतिनिर्देश :** प्रतिनिर्देशको अर्थ कोशीय एकाइहरूको परस्पर सम्बन्ध रहेको पुष्टि गर्नु हो । यसलाई कोशमा अधिकतम् सूचना प्रदान गर्न उपयोगी साधन भनिन्छ । कोशीय एकाइहरूको अन्तरसम्बन्ध दर्साउने प्रतिनिर्देशमा सङ्क्षिप्त शब्द प्रयोग गरिन्छ (लामिछाने, २०६५:२५८) । जस्तैः गफाडी- वि. (गफ+आडी) हे. गफाडी ।

**झ)** **व्युत्पत्ति विधान :** व्युत्पत्तिले शब्दकोशमा शब्दको अर्थ खुट्याउनु तथा मूल अर्थ पहिल्याउन सहयोगीको भूमिका निर्वाह गर्दछ । नेपाली बृहत् शब्दकोश (२०४०) ले शब्दको व्युत्पत्ति दिँदा तद्भव र आगन्तुक शब्दमा त्यसको मूल रूप दिएको छ भने प्रयोगात्मक शब्दकोश ( २०६१) ले तत्सम, तद्भव र आगन्तुक शब्दको पनि मूल रूप दिँदै तिनको व्युत्पत्तिगत स्वरूपसमेत दिएको छ ।

**ञ)** **उदाहरण संयोजन :** शब्दकोशमा शाब्दिक उदाहरणका रूपमा गरिने प्रासङ्गिक प्रयोग नै उदाहरण हो । यसले शब्दको प्रयोग सन्दर्भलाई प्रस्ट पार्छ ।

### २.१.२.१.७. सङ्क्षेप सूची

कोशमा एकरूपता, स्थान, बचत आदिका लागि दिइने सङ्क्षिप्त शब्दसूची कोशको पूर्वभागमा अङ्कित गरिएको हुन्छ । यसले खासगरी स्थान र समयको समेत बचत गर्छ ।

### २.१.२.१.८. विराम र सङ्केत चिह्न

कोशमा विभिन्न प्रकारका विराम र संकेत चिह्न प्रयोग गरिन्छ । चिह्न संकेतले कोशमा श्रम, स्थान तथा व्ययको बचत गर्दछ । यस कोशमा प्रयुक्त केही चिह्नहरू यहाँ दिइएको छ :

तालिका २ : विराम र संकेत चिन्हको नमुना सूची

| चिह्न | चिह्नको नाम | चिह्न | चिह्नको नाम |
|---|---|---|---|
| / | विभाजक, विकल्प जनाउने | (  ) | विवृति/स्पष्टीकरण/रूपायन आदि |
| - | योजक/निर्देशक चिह्न | [ ] | व्युत्पादन/व्युत्पत्ति |
| : | व्याख्या/सापेक्ष | + | संयोजक/जोड |
| . | सङ्क्षेपीकृत चिह्न | /  / | उच्चरित रूप |

स्रोतः प्रयोगात्मक नेपाली शब्दकोश (२०६१) ।

माथि उल्लिखित चिह्नले खास खास परिवेश र स्थिति विशेषको सङ्केत गर्ने हुनाले यस्ता चिह्नको होसियारीपूर्वक प्रयोग गर्नु वाञ्छनीय देखिन्छ ।

### २.१.२.२. मूल भाग

कोशको महत्त्वपूर्ण भाग नै मूल भाग हो । कोशको आत्मा भएको लक्ष्यसिद्धि र लक्ष्यपूर्ति यसैबाट सम्भव मानिन्छ । यो कोशीय स्वरूपको सारमय भाग हो (लामिछाने, २०६५:२४९) ।

यसैभित्र शब्दहरूले प्रविष्टि पाएर अर्थमा व्यक्तिले अवसर पाउँछन् । शब्दको मूल प्रविष्टि, उच्चारण, स्रोत, शब्दवर्ग, पर्यायवाची र विपर्यायवाची शब्द उदाहरण, प्रयोग उपप्रविष्टि, बीजक,

योजक आदि चिह्नहरू यस भागभित्र पर्दछन् । शब्दकोश सम्पादन गर्दा प्रयोग गरिएका सम्पूर्ण पक्षहरू यसमा देख्न पाइन्छ । यस भागमा शीर्षशब्द, उच्चारण र हिज्जे, व्याकरण निर्देश, व्युत्पत्ति, अर्थविधान, व्युत्पादक सर्ग, पर्याय, विपर्याय, उखानटुक्का, उदाहरण, चित्राङ्कन आदि सबै पक्षहरू यथायथा स्थानमा समेटिएका हुन्छन् । अतः कोशको मुटु भन्नु नै यसको मूल भाग हो (भट्टराई, २०६७:१४) ।

उपर्युक्त किसिमका हरेक प्रविष्टिका दुई भाग हुन्छन् : उद्देश्य र विधेय । पहिलोमा शीर्ष शब्द हिज्जे, उच्चारण, व्याकरण निर्देश जस्ता अवयव पर्दछन् भने दोस्रोमा अर्थ, उदाहरण आदि अन्य अवशिष्ट अवयवहरू सम्मिलित हुन्छन् (लम्साल, २०६७:१४७) ।

### २.१.२.३ उत्तरभाग

कतिपय शब्दकोशमा उत्तरभागको व्यवस्था पाइँदैन तर कोशलाई स्तरीकृत बनाउन यसको आवश्यकता हुन्छ (ढकाल, २०६८) ।

यसमा कोशबारे पूरकका रूपमा दिनुपर्ने थप सूचना प्रस्तुत गरिन्छन् । त्यसैले यो शब्दकोशको मध्यभाग वा मुख्यभागका सापेक्षतामा बाह्य भाग हो (अधिकारी, २०६२ :२१२) । सबैखाले कोशमा यस भागलाई संयोजन गरिएको हुँदैन, तथापि कतिपय कोशमा भने कोशीय विकासक्रम सम्बन्धी टिप्पणीसमेत यसमा समावेश गरिएको पाइन्छ । यसमा मूलभागका सामग्रीलाई विशेष अर्थ र सूचनाका दृष्टिले सुसम्प्रेषणीयता तथा थप प्रकाश पार्ने सामग्रीहरू थप सामग्री वा सम्बद्ध विवरण, तालिका, नक्सा, ज्ञान-विज्ञानका विभिन्न शाखामा प्रयुक्त महत्त्वपूर्ण पारिभाषिक प्राविधिक शब्दावलीहरू, महत्त्वपूर्ण आभूषण तथा दर्जाका चिह्नहरू,सङ्केतहरु आदि समेटिएका हुन्छन् ।

## २.२. सम्बन्धित साहित्यको पुनरवलोकन

नेपाली भाषामा विभिन्न तह र कक्षाका लागि शब्दकोश लेख्ने कार्यको थालनी भर्खरैदेखि मात्र हुन थालेको छ ।

भट्टराई (२०६७) द्वारा तयार पारिएको “प्रारम्भिक नमुना नेपाली शब्दकोश”मा प्राथमिक तहका लागि उपयोगी हुने किसिमका शब्दहरू सङ्कलन गरी ती शब्दहरूको उच्चारण, स्रोत, अर्थ बनोट, शब्दवर्ग, पर्याय, विपर्याय र प्रयोगमा सचेतता अपनाइएको देखिन्छ ।

सुवेदी (२०७०) ले तयार पार्नुभएको “कक्षा ८ को हाम्रो नेपाली किताबमा आधारित बाल नमुना शब्दकोश”मा शब्दहरूको उच्चारण, स्रोत, अर्थ, बनोट, वर्ग, पर्याय, विपर्याय र प्रयोगलाई प्रस्तुत गरिएको छ ।

पौडेल (२०७०) ले तयार पार्नुभएको “कक्षा ६ को हाम्रो नेपाली किताबमा आधारित नमुना नेपाली शब्दकोश”मा शब्दहरूको उच्चारण स्रोत,अर्थ,बनोट,वर्ग, पर्याय,विपर्याय र प्रयोगलाई प्रस्तुत गरिएको छ ।

उपर्युक्त शब्दकोशहरूमा कक्षागत रूपमा नेपाली भाषामा प्रयुक्त शब्दहरूको शब्दकोश तयार पार्न, तिनको अर्थ, पर्याय, विपर्याय तथा वाक्यमा प्रयोग गरी शैक्षणिक कार्यमा सहयोग पुऱ्याउने उद्देश्य रहेको पाइन्छ । विद्यालयस्तरको नेपाली कतिाबसँग सम्बद्ध उल्लिखित कोशहरूले सबै प्रकारका शब्दहरू तत्सम, तद्भव र आगन्तुकलाई पृथक्पृथक् गरी छुट्टयाएर प्रस्तुत गरिएको पाइँदैन । प्रस्तुत शोधपत्रमा भने उल्लिखित शब्दकोशहरूभन्दा भिन्न विद्यालयस्तरमा अध्यापन हुने नेपाली भाषाको कक्षा दशको पुस्तकसँग सम्बद्ध गरी तत्सम शब्दहरूमा मात्र केन्द्रित गरिएको छ । तत्समका मात्र शब्द र अर्थलाई वर्णानुक्रममा राखेर प्रस्तुत गर्नु कक्षा दशको नेपाली पाठ्यपुस्तकका कथा र निबन्धमा प्रयुक्त तत्सम शब्दहरूको नमुना शब्दकोश निर्माणको उद्देश्य रहेको छ । प्रस्तुत शोध कक्षा दशको नेपाली किताबको कथा र निबन्धमा प्रयुक्त तत्सम शब्दहरूको मात्र नमुना शब्दकोश भएकाले यस अर्थमा अन्य कोशहरू भन्दा भिन्न रहेको छ ।

## २.३. अध्ययनका लागि पुनरवलोकनको उपादेयता

पुनरवलोकन गरिएका सम्बन्धित साहित्य र सैद्धान्तिक साहित्यले समस्यालाई राम्ररी बुझ्न, विश्लेषण गर्न, शीर्षक चयन गर्न, अनुसन्धानको उद्देश्य निर्धारण गर्न, विषयवस्तुको गहिरो ज्ञान हासिल गर्न, अनुसन्धानलाई उपलब्धिमूलक बनाउन, अनुसन्धानलाई वैध र विश्वसनीय बनाउन सहयोग पुऱ्याएको छ । यस्तै गरी शब्दकोश उच्चारण, शब्दवर्ग, पर्याय, विपर्याय, वाक्यमा प्रयोग गर्न सहयोग पुऱ्याएको छ । शब्दहरूलाई वर्णानुक्रमअनुसार प्रस्तुत गर्न सैद्धान्तिक धारणा र ऐतिहासिक विकासक्रमका बारेमा जानकारी प्राप्त गर्न सहयोग पुऱ्याएको छ ।

## २.४. सैद्धान्तिक/अवधारणात्मक ढाँचा

शब्दकोशमा शब्दहरूको सङ्कलन गरी अर्थ, पर्याय, विपर्याय, उच्चारण, शब्दवर्ग, व्युत्पादन, उदाहरण आदिलाई वणनुक्रमअनुसार प्रस्तुत गरिएका हुन्छन् । ‘कक्षा १० को नेपाली किताबको कथा र निबन्धमा प्रयुक्त तत्सम शब्दहरूमा नमुना नेपाली शब्दकोश’ शोध शीर्षक रहेको छ । यस शोधमा कक्षा १० को पाठ्यापुस्तकबाट शब्दहरू छनोट गरी शब्दको अर्थ, पर्याय, विपर्याय, व्युत्पत्ति शब्दवर्ग र वाक्यमा प्रयोग सम्बन्धी सूचना प्रयोग गरिएको छ ।

# परिच्छेद तीन

# अध्ययनको विधि र प्रक्रिया

## ३.१. अध्ययनको ढाँचा र विधि

यस अनुसन्धानको प्रस्तुति वर्णनात्मक र विवरणात्मक किसिमको रहेको छ । नमुना शब्दकोशका लागि शब्द सङ्कलन गर्दा पुस्तकालय विधि अपनाइएको छ । कक्षा १०को पाठ्यपुस्तकबाट यादृच्छिक नमुना छनोट विधिका आधारमा शब्द चयन गरिएको छ । अध्ययन विधिका आधारमा शब्द चयन गरिएको छ । अध्ययन मिश्रित प्रकृतिको रहेको छ । नेपाली भाषामा लेखिएका शब्दकोश र शोधपत्रको मद्दत लिइएको छ ।

## ३.२. जनसङ्ख्या नमुना र छनोट रणनीति

यस अध्ययन अनुसन्धानलाई पूर्णता दिन कक्षा १० को नेपाली पाठ्यपुस्तकबाट ४०० शब्द छनोट गरी ती शब्दहरूलाई उच्चारण, व्युत्पत्ति, शब्दवर्ग, पर्याय, विपर्याय र प्रयोगका रूपमा प्रस्तुत गरिएको छ । यो शोधकार्यसुविधाजनक नमुना छनोट विधि प्रयोग गरी सम्पन्न गरिएको छ ।

## ३.३. अध्ययनको क्षेत्र

अध्ययनको विषयवस्तुको क्षेत्र कक्षा १० को नेपाली किताब २०७१ मा आधारित रहेको छ । उक्त पाठ्यपुस्तक लागू भएका सम्पूर्ण विद्यालयहरू भौगोलिक क्षेत्रमा रहेका छन् । शब्दकोश वर्गीकरणका आधारहरू भाषा संख्याको आधार, स्वरूपको आधार, समयको आधार, प्रविष्टि अनुक्रमको आधार, प्रयोजनको आधार, प्रयोक्ताको आधार, प्रविष्टि क्षेत्रको आधार रहेको छ ।

## ३.४. तथ्याङ्क सङ्कलनका साधन र तरिका

पुस्तकालय विधिका माध्यमबाट कक्षा १० को नेपाली शब्दकोश र शोधपत्रको माध्यमबाट छलफल निर्देशिकाका आधारमा शब्दहरूसम्बन्धी सूचना सङ्कलन गरिएको छ ।

## ३.५. तथ्याङ्क सङ्कलन प्रक्रिया

तथ्याङकहरू सङ्कलन गर्दा कक्षा १० को नेपाली पाठ्यपुस्तकको कथा र निबन्धबाट शब्द छनोट गरी नेपाली भाषाका लिखित शब्दकोश र शोधपत्रबाट सामग्री सङ्कलन गरिएको छ ।

## ३.६. तथ्याङ्कको व्याख्या र विश्लेषण प्रक्रिया

अनुसन्धान कार्यमा विविध क्षेत्रबाट तथ्याङ्क सङ्कलन गरिएको छ । यो अनुसन्धान वर्णनात्मक र विवरणात्मक ढाँचामा केन्द्रित रहेको छ ।

# परिच्छेद चार

# नतिजाको व्याख्या र विश्लेषण

## कक्षा दशको नेपाली किताब (२०७१) का कथा र निबन्धमा आधारित तत्सम शब्दहरूको नमुना नेपाली शब्दकोशको प्रस्तुति

### अ

अग्रसर- /अगरसर्/ (तत्स.) [अग्र+सर] वि. कुनै पनि काम-कुरामा अगि सर्ने; कुनै पनि कुरामा अगि बढ्ने वा चासो लिने। ऊ हरेक काम गर्न अग्रसर हुन्छ।

अङ्कन- /अङ्कन्/ (तत्स.) [अङ्क+अन्] ना. १. कुनै वस्तुमा चिह्न लगाउने काम। २. छाप वा निस्सा आदि लगाउने काम। ३. कोर्ने काम; लेख्ने काम (चित्राङ्कन, चरित्राङ्कन, छायाङ्कन, नामाङ्कन इ.)। गुम्बज शैली उत्कृष्ट हो भनेर अङ्कन गर्न सकिन्छ।

अङ्कित- /अङ्कित्/ (तत्स.) [अङ्क+इत] वि. १. कुनै कुरो जनाउनका निम्ति चिह्न लगाइएको; चिह्नित; छाप लगाइएको। २. लेखिएको; उल्लेख हुने (जस्तो- राजपत्राङ्कित)। ३. चित्रित। ४. गनिएको। ५. तोकिएको; निर्धारित (जस्तो- अङ्कित मूल्य)। विप. अनङ्कित। कम्पनीको छाप चाउचाउमा अङ्कित छ। राजेश राजपत्र अनङ्कित दोस्रो श्रेणीको कर्मचारी हो।

अङ्ग- /अङ्ग/ (तत्स.) ना. १. कुनै सिङ्गो वस्तु, प्रणाली वा संरचनाका अवयव वा हिस्सा। २. शरीरका भिन्न-भिन्न भाग; शरीर; जीउ; आङ। ३. भाग; टुक्रा; अंश; खण्ड; घटक; हिस्सा। ४. कुनै मूल वस्तुको पूरक, सहायक, सहयोगी, अप्रधान वा गौण अंश। ५. आजको बिहारको भागलपुर क्षेत्रको आसपाससम्म रहेको ठानिने प्राचीन भारतीय जनपद। ६. अङ्गुलको ६ गुना बराबरको नाप; ६ अमल बराबरको नाप। मानवअधिकारको हक संविधानको अनिवार्य अङ्ग हो।

अज्ञानी- /अग्याँनि/ (तत्स.) [अ+ज्ञानी] वि. १. ज्ञान नभएको; ज्ञानरहित; अज्ञ। २. अबोध; अजान। ३. लट्ठक; मूर्ख। ४. अविद्या, माया वा मोहका वशमा रहेको; आफू नै परब्रह्म हुँ भन्ने ज्ञान नभएको। विप. ज्ञानी। जतिसुकै सम्झाए पनि अज्ञानीलाई ठीक बाटोमा लगाउन सकिएन। ज्ञानी नानी पढ्ने गर।

अतिरिक्त- /अतिरिक्त/ (तत्स.) [अति+रिक्त] वि. १. भएकामा अरू थप । २. चाहिँदोभन्दा बढ्ता; फाल्तू । ३. उब्रिएको; उब्रने । ना.यो. ४. बाहेक । क्रि.वि. ५. बेसीमा; बढीमा । क्याम्पसमा प्रायः अतिरिक्त क्रियाकलाप हुने गर्छ ।

अतीत- /अतित्/ (तत्स.) [अति+इत] वि. १. बितेको; गएको; भइसकेको; भूत । २. मरेको; मृत । ना. ३. बितेको समय; गुज्रेको काल; उहिलेको काल । अतीतको कुरा धेरै नगर ।

अत्याचार- /अत्त्याचार/ (तत्स.) [अति+आचार] ना. १. अर्काउपर गरिने दबाउ; थिचोमिचो । २. नियमकानुन नाघेर कमजोरउपर गरिने अन्याय; जोरजुलुम; उधुम; अतिचार । ३. उपद्रो; राइँदाइँ । फटाहाहरूले निर्दोषलाई अत्याचार गरेछन् ।

अत्युक्ति- /अत्त्युक्ति/ (तत्स.) [अति+उक्ति] ना. १. कुनै वस्तु, व्यक्ति वा काम-कुराका बारेमा वास्तवमा भएभन्दा बढाई-चढाईकन गरिने वर्णन; अतिशयोक्ति । २. भन्नपर्नेभन्दा बढी मात्रामा कुनै कुरा भन्ने काम; त्यस प्रकारको चर्चा वा भनाइ । ३. गुण वा दोषको बढाई-चढाई गरिने प्रसिद्ध एक काव्यालङ्कार । नेपाल ऋषिमुनिहरूको तपोभूमि भनेमा अत्युक्ति हुने छैन ।

अधीन- /अधिन्/ (तत्स.) वि. १. वशमा वा मातहतमा परेको । २. आश्रित । ३. विवश; लाचार; परतन्त्र । विप. स्वतन्त्र । बेलायतको अधीनमा कुनै समय थुप्रै देशहरू रहेका थिए । भारत ई.स. १९४७ मा स्वतन्त्र भएको हो ।

अनन्त- /अनन्त/ (तत्स.) [अन्+अन्त] वि. १. टुङ्गो नभएको; सीमा नभएको; छेउटुप्पो फेला नपर्ने; असीम; हद नभएको । २. गन्न नसकिने; अनगन्ती; धेरै । ३. कहिल्यै नाश नहुने । ४. साह्रै ठूलो । ५. ज्यादै धेरै । ना. ६. ईश्वर । ७. अष्ट महानाग (अनन्त, वासुकि, पद्म, महापद्म, तक्षक, कुलीर, कर्कट, शङ्ख) मध्ये पहिलो नाग । ८. भाद्रशुक्ल चतुर्दशीका दिन अनन्त भगवान्को पूजा गरी प्रसाद रूपमा पाखुरामा धारण गरिने चौध गाँठो पारिएको डोरो । विप. अन्त । हाम्रो देश अनन्त कालसम्म रहने छ । मान्छेको जीवन एकपटक अन्त हुन्छ ।

अनाथ- /अनाथ्/ (तत्स.) [अ+नाथ] वि. १. हेरविचार वा पालनपोषण गर्ने कोही नभएको; आडभरोस नभएको; बेसहाय । २. टुहुरो । ३. दीन; दुःखी । ना. ४. टुहुरो व्यक्ति । ऊ आमाबाबु गुमाएर अनाथ भएको छ ।

अनिष्ट- /अनिस्ट/ (तत्स.) वि. [अन्+इष्ट] १. नचाहेको; नचिताएको; मन नपरेको; अभीष्ट नभएको; इच्छाको प्रतिकूल; इच्छाविरुद्ध; इच्छाको विपरीत; इच्छा गरेभन्दा उल्टो ।

२. खराब; अहितकर; हानिकारक । ३. अमङ्गलकारी; अशुभ (अनिष्ट ग्रह, अनिष्ट फल इ.) । ना. ४. अमङ्गल; अहित; दुर्भाग्य । ५. खराबी; हानि; अशुभ । विप. अभीष्ट । मैले अनिष्टको संकेत पाएको छु । मान्छेका सबै अभीष्टहरू पूरा हुँदैनन् ।

अनुकूल- /अनुकुल्/ (तत्स.) [अनु+कूल] वि. १. आफ्नो इच्छा, रुचि, चाहना वा आवश्यकता अनुरूपको; आफूले चिताए वा भनेजस्तो । २. समय तथा वातावरणका दृष्टिले उपयुक्त ३. कुनै उद्देश्य वा प्रयोजनका निम्ति उपयोगी । ४. कुनै परिस्थितिमा जेजस्तो चाहिने हो सोमाफिक सब्ल्याँटो पर्ने । ५. आफ्नो हुँदो; आफ्नो पक्षको; आफूसँग सहमत; आफ्नो विरुद्ध नभएको । ६. फाइदा हुने; हितकारी । ७. सुविधाजनक । ८. मिल्दो; हुँदो; सर्दो । ना. ९. एउटै मात्र नायिका राख्ने नायक । विप. प्रतिकूल । मौसम अनुकूल अन्नबाली लगाउनु पर्छ । ऊ सबैका लागि प्रतिकूल मान्छे हो ।

अनुचर- /अनुचर्/ (तत्स.) [अनु+चर] ना. १. नोकरचाकर । वि. २.पछि लाग्ने; पिछलग्गू । उसका अनुचर यतै आउँदै छन् ।

अनुभव- /अनुभब्/ (तत्स.) [अनु+भव] ना. १. इन्द्रिय वा स्नायुहरूका माध्यमबाट उत्पन्न उद्दीपनको फलस्वरूप प्रकट हुने मानसिक अनुक्रिया; अनुभूति; संवेदन । २. पाँचै इन्द्रियले भोगी केही कुरो चाल पाउने क्रिया वा त्यसरी चाल पाएको ज्ञान । ३. भोगाइ, चेताइ, बेहोराइ आदिको क्रिया वा प्रक्रिया । ४. उक्त क्रियाप्रक्रियाबाट प्राप्त मानसिक बोध । ५. स्वाद, गुण, विशेषता आदिको उपभोग तथा त्यस्तो उपभोगबाट प्राप्त बौद्धिक लाभ । ६. उमेर, व्यस्तता, सहभागिता आदिले गर्दा विचारर शिल्पमा आउने परिपक्वता; दक्षता; चातुर्य । शिक्षा क्षेत्रमा मेरो बीस वर्षको अनुभव छ ।

अनुमान- /अनुमान्/ (तत्स.) [अनु+मान] ना. १. यस्तो होला वा हुन्छ भनी आफ्ना मनले अट्कल्ने वा अन्दाज लगाउने काम; लख; पूर्व-अनुभव र आफ्ना समझका आधारमा कुनै कामकुरा, वस्तु, व्यक्ति, विषय आदिबारे गरिने अन्दाज; भावी कामकुरा आदिबारे गरिएको अडकल । २. कुनै वस्तु वा व्यक्ति आदिको परिमाण वा महत्ताबारे मोटामोटी हिसाब लगाई गरिने अन्दाज । उसको अनुमान उचित छैन ।

अनुयायी- /अनुयाइ/ (तत्स.) [अनु+यायी] वि. १. कसैको पछिपछि लाग्ने वा अनुसरण गर्ने । ना. २. कुनै आदर्श, सिद्धान्त वा वादको अनुसरण या अनुकरण गर्ने व्यक्ति । ३. कसैको उपदेश वा सिद्धान्त मानी त्यसैअनुसार आचरण गर्ने व्यक्ति; कुनै धर्म वा सम्प्रदाय मान्ने व्यक्ति; अनुगामी; समर्थक । उनी कठोर हिन्दू धर्मका अनुयायी हुन् ।

अनुसन्धान- /अनुसन्धान्/ (तत्स.) [अनु+सन्धान] ना. १. कुनै कुरा खोज्ने वा पत्ता लगाउने काम; गवेषणा; अन्वेषण; आविष्कार । २. शोध । ३. नयाँ सत्य वा तथ्यको खोजी । ४. प्रहरी आदिद्वारा गरिने छानबिन; तलासी । नेपालमा भएका भाषाहरूको पूर्ण अनुसन्धान भएको छैन ।

अनुसरण- /अनुसरन्/ (तत्स.) [अनु+सरण] ना. १. कुनै वस्तु, विषय, विचार, कुरा वा व्यक्तिको पछिपछि लाग्ने काम । २. कुनै व्यक्ति जुन दिशातर्फ गएको छ त्यसैतर्फ जाने काम । ३. कसैको आज्ञा वा आदेशको पालन गर्ने र सो आज्ञा-आदेशबमोजिम चल्ने वा आचरण गर्ने काम; ठहर वा निश्चय भएअनुसार गर्ने काम । ४. अनुकरण; नक्कल; देखासिकी । बुद्धको अनुसरण गर्नु महान् काम हो ।

अनेक- /अनेक्/ (तत्स.) [अन्+एक] वि. १. दुई वा दुईभन्दा बढी; धेरै; कैयौँ । २. असङ्ख्य; अनगन्ती; बेगन्ती । ३. धेरै थरी; विभिन्न; नाना; बहु । रामको बगैँचामा अनेक किसिमका फूलहरू छन् ।

अन्तर्गत - /अन्तर्गत्/ (तत्स.) [अन्तर्+गत] वि. १. कुनै व्यापक सन्दर्भभित्र पर्ने; कुनै विषय वा प्रसङ्गअन्तर्गत समावेश भएको; कुनै वस्तु, व्यक्ति, विषय आदिका अङ्गका रूपमा रहेको; समाविष्ट; सम्मिलित; सामेल । २. कसैका मातहत वा तैनाथको; कसैका अधीनमा वा रेखदेखमा रहेको । मोरङ जिल्ला कोसी अञ्चलअन्तर्गत पर्छ ।

अन्तर्राष्ट्रिय- /अन्तररास्ट्रिय/ (तत्स.) [अन्तर्+राष्ट्रिय] वि. १. दुई वा दुईभन्दा बढी मुलुक वा राष्ट्रका बीचको; विश्वका विभिन्न राष्ट्रसँग सम्बन्धित; विभिन्न राष्ट्रहरूले भाग लिएको; विभिन्न राष्ट्रहरूमा सक्रिय व्यवहार गरिने वा प्रचलित; विभिन्न राष्ट्रहरूमा शाखा, सङ्गठन, सदस्यता, क्रियाकलाप आदि भएको । २. कुनै खास राष्ट्रको परिधिलाई नाघी सम्पूर्ण विश्व वा सिङ्गो मानव-जातिसँग सम्बन्ध राख्ने; अन्तरराष्ट्रिय; अन्ताराष्ट्रिय । रेडियोबाट राष्ट्रिय र अन्तर्राष्ट्रिय समाचार प्रशारण हुन्छ ।

अन्तिम- /अन्तिम्/ (तत्स.) [अन्त+इम] वि. सबैभन्दा पछिको; पछिल्लो; आखिरमा गरिने । विप. प्रारम्भिक । नेपालको अन्तिम शासक ज्ञानेन्द्र भए । वर्तमान नेपालको प्रारम्भिक एकीकरण पृथ्वीनारायण शाहले गरेका थिए ।

अन्न- /अन्न/ (तत्स.)ना. अनाज; धान, मकै, गहुँ, कोदो आदि खाद्य वस्तुका गेडा । तीन दिनदेखि त्यसका पेटमा अन्न परेको छैन ।

अन्नदाता- /अन्नदाता/ (तत्स.) [अन्न+दाता] ना. १. खान दिने वा पालनपोषण गर्ने व्यक्ति; प्रतिपालक । २. किसान । किसान जनता अन्नदाता हुन् ।

अन्याय- /अन्याय/ (तत्स.) [अ+न्याय] ना. १. न्यायको अभाव वा न्याय नभएको स्थिति; बेइन्साफ; नीतिको विरोध । २. अनुचित काम; अयोग्य व्यवहार । ३. अत्याचार; मनपरी; जथाभाबी । विप. न्याय । अरबमा महिला कामदारमाथि अन्याय गरेको सुनिन्छ । सबैलाई न्याय दिनु प्रशासनको काम हो ।

अपराध- /अपराध्/ (तत्स.) ना. १. कसैको अपमान वा हानि-नोक्सानी हुने काम । २. कानुनविरुद्धको काम; धार्मिक दृष्टिबाट गर्न नहुने आचरण । ३. पाप लाग्ने काम । ४. कसुर; दोष । ५. भूलचूक । चोरी गर्नु अपराध हो ।

अपराह्न- /अपरान्न/ (तत्स.) [अपर+अह्न] ना. १. दोपहर वा मध्याह्नपछि आरम्भ हुने दिनको भाग; दिनका पाँच भागमध्येको चौथो भाग । २. सामान्यतः दिनको तेस्रो प्रहर । विप. पूर्वाह्न । अपराह्नतिर पानी पर्लाजस्तो छ । भोलिको पूर्वाह्नको मौसम सफा रहने छ ।

अपरिहार्य- /अपरिहार्य/ (तत्स.) [अ+परिहार्य] वि. १. परिहार वा त्याग गर्न नसकिने; छाड्न नहुने; अत्याज्य । २. कामका निम्ति अत्यावश्यक; अनिवार्य । गाँस, बास र कपास जीवनका लागि अपरिहार्य छन् ।

अपवाद- /अपबाद्/ (तत्स.) [अप+बाद] ना. १. कसैको सम्मानमा आघात पुग्ने लोकनिन्दा; बदनामी; तिरस्कार । २. नभए-नगरेका कुराको दोष वा आरोप; झूटो दोष । ३. व्यापक वा सामान्य नियमभित्र नपरेर त्यसको अतिरिक्त आउने विषयवस्तु वा कामकुरो; सामान्य लक्षणमा नअटाउने कुरो । ४. झूटो कुरो; असत्य वार्ता । ५. वेदान्तशास्त्रका अनुसार अध्यारोपको निराकरण । विप. सामान्य कुरा । शिक्षित परिवारमा ऊ मात्र अपवादका रूपमा रहेको छ । तिमी सधैँ समान्य कुरा भनेर टार्ने गर्दछौ ।

अपाङ्ग- /अपाङ्ग/ (तत्स.) [अप+अङ्ग] वि. १. अङ्गभङ्ग भएको; शरीरको कुनै अङ्ग विकृत भएको; हात-गोडा आदि भाँचिएको वा नाक, कान, आँखा आदि विकृत भएको; विकलाङ्ग । ना. २. आँखाको कुनो । विप. सबलाङ्ग । कक्षाकोठाहरू अपाङ्गमैत्री बनाउनुपर्छ । अपाङ्गभन्दा सबलाङ्ग शारीरिक रूपमा सक्षम हुन्छन् ।

अपूर्ण- /अपुर्न/ (तत्स.) [अ+पूर्ण] वि. पूरा नभएको, अपुरो । विप. पूर्ण । बुबाको मृत्युले गर्दा उसको अध्ययन अपूर्ण रह्यो । राजेशले भरखरै आफ्नो लेख पूर्ण गर्‍यो ।

अपूर्व- /अपुर्ब/ (तत्स.) [अ+पूर्व] वि. १. पहिले कहीँ पनि नभएको वा नदेखिएको । २. नयाँ; हालसालको । ३. अनौठो; अद्भुत । ४. चिनजान नभएको; अज्ञात । ५. अद्भुत; विलक्षण । ६. अद्वितीय; अनुपम । गत वर्ष गएको भूकम्प नेपालका लागि अपूर्व घटना हो ।

अभाव- /अभाब्/ (तत्स.) ना. १. नहुनाको भाव वा स्थिति; सत्ताहीनता । २. नपाइने स्थिति; अप्राप्ति । ३. नाश; मृत्यु । हिजोआज पेट्रोलको अभाव छ ।

अभिवादन- /अभिबादन्/ (तत्स.) [अभि+वादन] ना. १. ढोग; नमस्कार; प्रणाम । २. ठूलाबडा वा सम्माननीय व्यक्तिहरूलाई गरिने आदरभाव । ३. शुभकामना; बधाई । ४. प्रशंसा; स्तुति । उनले सभामा सबैलाई अभिवादन गरे ।

अमूल्य- /अमुल्य/ (तत्स.) [अ+मूल्य] वि. १. मोल गर्न नसकिने; अनमोल । २. बहुमूल्य; किम्मती । ३. उत्तम; श्रेष्ठ । नेपालका नदीनालाहरू अमूल्य सम्पत्ति मानिन्छन् ।

अर्थ- /अर्थ/ (तत्स.) ना. १. माने; मतलब; तात्पर्य; अभिप्राय । २. शब्दबाट प्रकट हुने मानवहृदयको आशय; शब्दशक्ति । ३. अभिधा, लक्षणा र व्यञ्जनाबाट बोध हुने तात्पर्य । ४. हेतु; निमित्त; प्रयोजन । ५. काम; इष्ट । ६. इन्द्रियको विषय । ७. धर्म, अर्थ, काम, मोक्ष चार पुरुषार्थमध्ये एक । ८. धन; सम्पत्ति; ऐश्वर्य । ९. विनिमयको माध्यम । १०. मूल्यका रूपमा दिइने मुद्रा वा सुन, चाँदी आदि । ११. मूल्य निर्धारित द्रव्य । यस युगमा अर्थ सबैभन्दा महत्त्वको वस्तु भएको छ ।

अवमूल्यन- /अबमुल्ल्यन/ (तत्स.) [अव+मूल्य+न] ना. १. कुनै वस्तुको मूल्य घट्ने वा महत्त्व कम हुने क्रिया । २. सरकारले अरू देशका मुद्राका तुलनामा आफ्नो देशका मुद्राको मूल्य घटाउने काम । महँगीका कारण नेपाली मुद्रा अवमूल्यन भइरहेको छ ।

अविस्मरणीय- /अविस्मरनिय/ (तत्स.) [अ+विस्मरणीय] वि. १. बिर्सन नसकिने; सम्झनै पर्ने । २. बिर्सन वा भुल्न नहुने । विप. विस्मरणीय । उसले जीवनका अविस्मरणीय कथाव्यथा सुनायो । मानव मस्तिष्कमा कतिपय कुरा विस्मरणीय हुन्छन् ।

अशक्त- /असक्त/ [अ+शक्+त] वि. समर्थ नभएको; दुर्बल; निर्धो; कमजोर । विप. सशक्त । उमा अशक्त छिन् । उसले आफ्नो कुरा सशक्त रूपमा राख्यो ।

अशुद्ध- /असुद्द/ (तत्स.) [अ+शुद्ध] वि. १. शुद्ध नभएको; अपवित्र; अशुचि । २. स्वीकृत वा मानक स्तरका दृष्टिले नियम नपुगी त्रुटि रहेको (उच्चारण, भाषण, लेखन, प्रयोग

इ.) । ३. संस्कार, परिमार्जन वा शोधन नभएको । विप. शुद्ध । हिज्जे अशुद्ध नलेख । अक्षर सफा र शुद्ध लेख ।

असाध्य- /असाद्ध्य/ (तत्स.) [अ+साध्+य] वि. १. साध्य नभएको; जति उपाय गरे पनि पार नलाग्ने; उपाय नलाग्ने । २. ज्यादा; धेरै; अति । विप. साध्य । उमेश असाध्य बाठो छ । यो काम तिमीले साध्य गर्न सक्दैनौ ।

असीम- /असिम्/ [<अ+सीमा] वि. १. सीमा नभएको; हदबन्दी नभएको; बेहदको । २. ज्यादा; अपार । ३. कुनै कुराले पनि आँक्न नसकिने । विप. सीमित । यहाँको असीम कृपाले मैले राम्ररी गरिखाएको छु । ऊ घरमै सीमित छ ।

अस्तित्व- /अस्तित्त्व/ (तत्स.) [अस्ति+त्व] ना. कुनै वस्तुको हुनाको भाव वा अवस्था; सत्ता; विद्यमानता । नेपालका हरेक जातिको अस्तित्व बराबर छ ।

अहङ्कार- /अहङ्कार्/ (तत्स.) [अहम्+कार] ना. १. आफूलाई सर्वेसर्वा सम्झने क्रिया, भाव वा गुण; अभिमान; घमन्ड; सेखी; मपाइँ, अहमत्याइँ । २. रिस; क्रोध । विदेशबाट फर्केपछि साथीमा अङ्कार बढेको छ ।

## आ

आकर्षण- /आकर्सन्/ (तत्स.) [<आ+कृष्+अन] ना. १. शक्ति, गुण, माया, विशेषता आदिले कसैलाई आफूतिर तान्ने क्रियाकलाप । २. मानिस वा वस्तुलाई आफूपट्टि तान्ने तान्त्रिक विद्या वा कुशलता; मुहुनी । विप. विकर्षण । उसको मीठो बोलीले आकर्षण थप्छ । लुगा मिलाएर लगाएन भने विकर्षण मात्र हुन्छ ।

आकार- /आकार्/ (तत्स.) [आ+कार] ना. १. कुनै वस्तुको स्वरूप; आकृति (साइज) । २. कद । ३. बान्की; बनावट । ४. 'आ' अक्षर वा 'आ'-को चिह्न । ४. इसारा; संकेत । त्यो रूख मान्छेको आकार जस्तै छ ।

आचार्य- /आचार्य/ (तत्स.) ना. १. व्रतबन्धमा गायत्री मन्त्र सुनाउने गुरु । २. आचारको ज्ञाता तथा वेद आदि पढाउने गुरु; अध्यापक । ३. विशिष्ट विद्वान् । ४. कर्मकाण्डको ज्ञाता; मुख्य पुरोहित । ५. भाष्यकार; टीकाकार । ६. संस्कृत परीक्षाको स्नातकोत्तर तहको एक उच्च उपाधि । ७. ब्राह्मण-जातिको एक थर । उमेशले संस्कृत साहित्यमा आचार्य उत्तीर्ण गरेको छ ।

आज्ञा- /आग्याँ/ (तत्स.) [आ+ज्ञा] ना. १. आफ्ना अधीनमा रहेका वा आफूभन्दा साना कुनै व्यक्ति, कर्मचारी आदिलाई मौखिक वा लिखित रूपमा दिइने निर्देश; अह्वोट; आदेश । २. कुनै कामकुरो गर्नाका लागि पाइने अनुमति । पिताको आज्ञा सुन्नासाथ राम वनबास जान तयार भए ।

आज्ञाकारी- /आग्याँकारि/ (तत्स.) [आज्ञा+कारी] वि. भनेको मान्ने; आज्ञापालन गर्ने; आज्ञापालक । उमा आज्ञाकारी छे ।

आणविक- /आणबिक्/ (तत्स.) [<अणु+इक] वि. अणुका रूपमा हुने वा अणुसित सम्बन्धित; अणुबाट तयार हुने (हतियार आदि) । विश्वका खतरा आणविक हतियार हुन् ।

आदर्श- /आदर्स/ (तत्स.) [आ+दर्श < दृश्] ना. १. रूप, गुण र विचारको अनुकरण गर्न सुहाउँदो व्यक्ति, पदार्थ वा सिद्धान्त । २. कुनै वस्तु वा क्रियाको पूर्णता तथा उत्तमताको खास नमुना वा स्तर । ३. ऐना । ४. टीका; व्याख्या । वि. ५. सत् र न्यायी स्वभाव भएको (व्यक्ति) । विप. यथार्थ । मान्छे आदर्श बिना पनि बाँचछ । हेरक काम यथार्थमा आधारित हुनुपर्छ ।

आदेश- /आदेस्/ (तत्स.) [आ+देश] ना. १. कुनै काम-कारबाईका बारेमा मन्त्री वा उच्च अधिकारीबाट दिइने निकासापुकासा वा निर्णयसम्बन्धी आज्ञा । २. आज्ञा; अह्वोट । ३. सन्देश; खबर । ४. उपदेश; अर्ती । ५. गोरख-मतानुयायी साधुहरूले नमस्कार गर्दा उच्चारण गर्ने शब्द । ६. संस्कृत व्याकरणका अनुसार एक वर्णका स्थानमा अर्को वर्ण वा ध्वनि आउने क्रिया; अक्षर-परिवर्तन । माथिको आदेश तल्लो तहले पालन गर्नुपर्छ ।

आधार- /आधार्/ (तत्स.) [आधार] ना. १. कुनै वस्तु अड्ने वा रहने ठाउँ; आश्रय; अडान; टेको । २. सहारा; आलम्बन । जीवनको आधार पानी पनि हो ।

आधुनिक- /आधुनिक्/ (तत्स.) [अधुना+इक] वि. भर्खर-भर्खरै निस्केको, चलेको वा अस्तित्वमा आएको; हालसालको; आजकालको; वर्तमान समयको; नयाँ । विप. प्राचीन । नेपाल आधुनिक युगमा बिस्तारै प्रवेश गर्दै छ । नेपालमा प्राचीन मठमन्दिरहरू प्रसस्त छन् ।

आपत्तिजनक- /आपत्तिजनक्/ (तत्स.) [आपत्ति+जनक] वि. आपत्ति पार्ने खालको; असजिलो पर्ने; सङ्कट पैदा गर्ने । तिमी आपत्तिजनक कुरा किन गर्छौ ?

आबद्ध- /आबद्ध/ (तत्स.) [आ+बद्ध] वि. हरतरहबाट बाँधिएको; बन्धनमा परेको; सम्बन्ध भएको । उनीहरू एउटै विचारमा आबद्ध छन् ।

आरम्भ- /आरम्भ/ (तत्स.) [आ+रम्भ] ना. १. थालनी; सुरु; उठान; प्रारम्भ । २. कार्यावस्था; कथावस्तुका पाँच अवस्थामध्ये पहिलो अवस्था; फलप्राप्तिका निमित्त उत्सुकता देखाइने अवस्था । विप. समाप्ति । गोष्ठी स्वागत भाषण गरेपछि आरम्भ भयो । सभापतिले दुई शब्द बोलेर कार्यक्रम समाप्तिको घोषणा गरे ।

आर्जन- /आर्जन्/ (तत्स.) ना. [<अर्ज+अन] अर्जने खेतीपाती, उद्योग, श्रम आदिबाट हुने आर्थिक वा अन्य आय; कमाइ; आम्दानी । आर्जन भए भोजन मिल्छ ।

आर्तनाद- /आर्तनाद्/ (तत्स.) [आर्त+नाद] ना. दुःख वा पीडाले कराएको आवाज; करुण क्रन्दन । विप. हर्षनाद । पीडितहरूको आर्तनाद सुनेर ऊ दुःखी भयो । आज रमेशका घरमा हर्षनादको ध्वनि बाहिर आइरहेको छ ।

आवेश- /आबेस्/ (तत्स.) [आ+वेश] ना. १. कुनै बाह्य प्रभावबाट मनमा आउने प्रक्रिया; मनको प्रबल वेग; झोक; जोस । २. असामान्य मनःस्थिति; अचेतन मनको प्रभाव । ३. प्रवेश; पस्ने काम । ४. भूत-प्रेत आदिको असर; तन्त्र-मोहनी आदिको प्रभाव । हुँदा हुँदा आवेशमा आएर हातै छाड्यो ।

आशा- /आसा/ (तत्स.) ना. १. चाहेको वस्तु पाउने इच्छा; अभिलाषा; चाहना । २. लोभ; लालच । विप. निराशा । हामीले तिमीबाट धेरै आशा गरेका छौँ । तिमी यसरी निराशाका कुरा नगर ।

आशातीत- /आसातित्/ (तत्स.) [आशा+अतीत] वि. आशा गरिएको भन्दा बढ्ता; सोच्दै नसोचेको । यस वर्ष धान उत्पादन आशातीत वृद्धि भयो ।

आशिष्- /आसिस्/ (तत्स.) ना. प्रायः मान्यजनबाट दिइने शुभकामना; आशीर्वाद; आसिक । विप. श्राप/सराप । दसैँमा मान्यजनले टीका लगाएर आशिष् दिन्छन् । सतीको श्राप भएको देश भनेर नेपाललाई भन्ने गरिन्छ ।

आश्रम- /आस्रम्/ (तत्स.) [आ+श्रम] ना. १. प्राचीन ऋषिमुनिहरूले बस्नका निम्ति प्रायः जङ्गलमा बनाएको आवास; कुटी; गुफा । २. समाधि वा तपस्या गर्ने ठाउँ; तपोवन । ३. ब्रह्मचर्य, गार्हस्थ्य, वानप्रस्थ र सन्न्यासनामक वर्णाश्रममध्ये कुनै एकको आश्रयस्थल । ४. हिन्दू संस्कृतिअनुसार चार वर्णाश्रमधर्ममध्ये आयुको विभाजनबाट ग्रहण गरिने जीवनप्रक्रियाविशेष; एक प्रकारको जीवनचर्या । ऋषिमुनिहरू वनमा आश्रम बनाएर बस्दथे ।

आसन- /आसन्/ (तत्स.) ना. १. रहने वा बस्ने ठाउँ; वासस्थान । २. बसिने वस्तु (आसनी, मेच, कुर्ची आदि) । ३. बस्ने तरिका वा ढाँचा; बसाइ । ४. आसनका पद्मासन, सिद्धासन आदि चौरासी प्रकार । उहाँले सभापतिका आसनाबाट मन्तव्य राख्नुभयो ।

## इ

इच्छा- /इच्छा/ (तत्स.) ना. १. कुनै चीजको प्राप्ति, समृद्धि, क्षय, ह्रास आदिबारे मनमा लाग्ने आशा; यस्तो होस्, उस्तो होस् भन्ने कुराको आन्तरिक कल्पना; कामना; अभिलाषा । २. चाहना; लालसा । विप. अनिच्छा । उसको तीर्थ जाने इच्छा रहेछ । रमेश अनिच्छा हुँदाहुँदै पनि विदेश गयो ।

इतिहास- /इतिहास्/ (तत्स.) ना. [इति+ह+आस] १. अतीतकाल वा विगत समयका घटनाहरूको वर्णन, विश्लेषण र मूल्याङ्कन गर्ने ज्ञानको एक शाखा; अतीतको अनुसन्धान र छानबिनमा आधारित अध्ययन; तत्सम्बन्धी ग्रन्थ । २. कुनै मुलुक, जाति, संस्था, विषय आदिका अतीतका घटनाहरूको क्रमबद्ध वर्णन वा वृत्तान्त । ३. अतीतका सानाठूला घटनाहरूको सारांश वा विवरण; अतीतका असाधारण तथा स्मरणीय चरित्र आदिको वृत्तान्त वा विवरण; पुर्ख्यौली । नेपालीको इतिहास गौरवपूर्ण रहेको छ ।

इत्यादि- /इत्यादि/ (तत्स.) [<इति+आदि)] अव्य. १. यो र यस प्रकारका; यसबाहेक अन्य पनि; यस्तै; अरू पनि; आदि; प्रभृति । २. लगायत; समेत । ३. कुनै लेखाइ वा बोलाइका क्रममा प्रमुख कुराहरूको उल्लेख गरी त्यस्तै प्रकारका अन्य कुराको संकेत दिन प्रयुक्त हुने शब्द । वनमा बाघ, भालु, हात्ती, हरिण इत्यादि जनावर पाइन्छन् ।

## ई

ईश्वर- /इस्स्वर्/ (तत्स.) ना. १. सम्पूर्ण विश्व-ब्रह्माण्ड वा सृष्टिलाई बनाउने, बिगार्ने र तिनको नियन्त्रण तथा शासन गर्ने मानिएका परम पुरुष वा परमात्माका रूपमा पुजिने सर्वप्रधान सत्ता; भगवान्; परमेश्वर । २. अधिपति; स्वामी; मालिक । ३. ऐश्वर्यशाली । मान्छेले ईश्वरको पूजा गर्दै आएको धेरै भयो ।

## उ

उचित- /उचित्/ (तत्स.) वि. कुनै अवसर, परिस्थिति आदिका निम्ति उपयुक्त वा अनुकूल; जस्तो हुनुपर्ने हो त्यस्तै; सुहाउँदो; ठिक्क; योग्य; मिल्दो; मुनासिब । विप. अनुचित । तिमीले उचित कुरा गऱ्यौ । उसलाई छलेर तिमीले अनुचित गऱ्यौ ।

उच्च- /उच्च/ (तत्स.) वि. १. अरूको अपेक्षा बढी उचाइ भएको; अग्लो; उँचो । २. असल; श्रेष्ठ; उत्तम; विशिष्ट । ३. सबभन्दा माथि रहेको; माथिल्लो । ४. उपल्लो तहको; स्तरीय । विप. नीच । तिमीले उच्च सम्मान पायौ । अर्कालाई दोष दिने मान्छे नीच हो ।

उच्चारण- /उच्चारण्/ (तत्स.) [<उत्+चार्+अन्] ना. १. अरूले सुन्ने गरी मुखबाट वर्णात्मक ध्वनि निकाल्ने काम; बोली । २. मनमा लागेका कुरा मुखबाट व्यक्त गर्ने चाल; बोलाइ । शब्दको उच्चारण जोडले गरे ।

उज्ज्वल- /उज्ज्वल/ (तत्स.) [<उत्+ज्वल्] वि. १. उज्यालो; चहकदार । २. सफा; सुकिलो; निर्मल । ३. निष्कलङ्क; बेदाग; कञ्चन । उनको सार्वजनिक छवि उज्ज्वल छ ।

उद्योग- /उद्द्योग्/ (तत्स.) [<उत्+योग] ना. १. कुनै उद्देश्य वा कार्यसिद्धिका निम्ति परिश्रमपूर्वक लाग्ने काम; उद्यम । २. प्रयत्न; कोसिस; प्रयास । ३. परिश्रम; मिहिनेत । ऊ फौजदारी उद्योगमा जेलमा छ ।

उत्कृष्ट- /उत्क्रिस्ट/ (तत्स.) [उत्+कृष्ट] वि. १. सबभन्दा राम्रो; उम्दा; असल; श्रेष्ठ; उत्तम । २. माथि उठेको; चढेको । ३. राम्रोसँग खनजोत गरिएको; जोतिएको । विप. निकृष्ट । उनी कक्षामा सधैँ उत्कृष्ट छिन् । तिमीले निकृष्ट कुरा गरेको सुन्दा छक्क परेँ ।

उत्तर- /उत्तर/ (तत्स.) [उत्+तर] ना. १. कुनै प्रश्न, शङ्का आदिको समाधानका निम्ति भनिने कुरो; जवाफ । २. परीक्षामा सोधिएका प्रश्नका सम्बन्धमा लिखित वा मौखिक रूपमा दिइने बयान वा कुरा । ३. सूर्योदय भएतिर मुख फर्काउँदा देब्रेतिर पर्ने दिशा; दक्षिण दिशाको विपरीत दिशा । ४.पछि आउने समय । ५. महाभारतकालीन विराट् राजाको छोराको नाम । उसले सबै प्रश्नको उत्तर दियो ।

उत्पन्न- /उत्पन्न/ (तत्स.) [उत्+पन्न] वि. १. पैदा भएको; जन्मेको; आविर्भूत । २. देखावटमा आएको; निस्केको; प्रकट । ३. निर्माण गरिएको; बनाइएको । ४. उब्जाइएको वा उब्जेको । पुल खोलाले बगाएको हुँदा ठूलो समस्या उत्पन्न भयो ।

उत्पादन- /उत्पादन्/ (तत्स.) [<उत्+पाद्+अन्] ना. १. उब्जा; पैदावार; उब्जनी । २. उत्पन्न गर्ने वा जन्माउने काम । ३. औद्योगिक यन्त्रबाट नयाँ-नयाँ मालसामान तयार गर्ने वा बनाउने काम । ४. उत्पन्न गरेर वा उब्जाएर तयार पारिएको वस्तु । यस वर्ष धानको उत्पादन बढेको छ ।

उत्पादित- /उत्पादित्/ (तत्स.) [<उत्+पाद्+इत्] वि. १. पैदा गरिएको; उब्जाइएको । २. उत्पादन गरिएको; तयार पारिएको । ३. जन्माइएको । विप. अनुत्पादित । तराईमा उत्पादित अन्न पहाडतर्फ पठाउनुपर्छ । अनुत्पादित काममा लाग्नु लाग्नु होइन ।

उत्साह- /उत्साह/ [उत्+सह] ना. १. तत्परतापूर्वक कामकुरा गर्ने कुनै मनोवृत्ति; आँट; हिम्मत; साहस । २. हौसला; उमेद । ३. जोस; उमङ्ग; फुर्ती । ४. प्रेरणा । ५. वीररसको स्थायी भाव । विप. निरुत्साह/अनुत्साह । देशमा खेलकुदको विकासले उत्साह थपेको छ । खेलाडीलाई समयमा बजेटको व्यवस्था नहुँदा निरुत्साह पारिएको छ ।

उत्सुक- /उत्सुक्/ (तत्स.) वि. १. कुनै कामकुरो गर्नाका निम्ति अत्यन्त इच्छुक; उत्कण्ठित । २. प्रबल अभिलाषा भएको; केही गर्ने चाहनाले अधीर । साना नानीहरू कथा सुन्न उत्सुक छन् ।

उत्सुकता- /उत्सुक्ता/ (तत्स.) [उत्सुक+ता] ना. उत्सुक हुनाको भाव वा अवस्था; उत्कण्ठा; सकसकी । नाटक हेर्न विद्यार्थीहरू उत्सुकताका साथ बसेका छन् ।

उपचार- /उपचार्/ (तत्स.) [उप+चार] ना. १. बिरामीका छेउमा रहेररोग निको पार्नका निम्ति गरिने उपाय वा कार्य; ओखतीमूलो; इलाज । २. बिरामीको सेवा-शुश्रूषा वा टहल-चाकरी । उनी उपचारका लागि अस्पताल गएका छन् ।

उपदेश- /उपदेस्/ (तत्स.) [उप+देश] ना. १. कसैलाई राम्रो बाटामा लगाउन वा धर्म, नीति र ज्ञानसम्बन्धी असल-असल कुरा सिकाउनका निम्ति दिइने शिक्षा; अर्ती । २. आज्ञा; निर्देश । ३. गुरुमन्त्र; दीक्षा । ४. धर्मसम्बन्धी प्रवचन; धार्मिक व्याख्यान । बूढापाकाका उपदेश मननीय हुन्छन् ।

उपाय- /उपाय/ (तत्स.) ना. १. कुनै असजिलो वा अप्ठेरो काम सजिलोसँग गर्ने युक्ति; जुक्ति । २. उद्योग; प्रयत्न; सफलताका नजिक पुऱ्याउने मुख्य कुरो । उसको उपायले सफलता मिल्यो ।

उपासना- /उपासना/ (तत्स.) [उप+आस्+अन्+आ] ना. १. देवता वा पूज्य व्यक्तिका छेउमा बसेर प्रसन्न तुल्याउनका निम्ति गरिने चिन्तन, पूजन वा आराधन । २. कुनै विषय

वा कुरामा ध्यान दिने वा लागिपर्ने काम । नेपालीहरू शक्तिस्वरूपा देवीको उपासना गर्दछन् ।

उल्लङ्घन- /उल्लङ्घन्/ (तत्स.) [<उत्+लङ्घनीय] ना. १. नाघ्ने वा फड्कने क्रिया । २. मर्यादाको त्याग; नियमको अवहेलना । कानुनको उल्लङ्घन गर्नु हुँदैन ।

उल्लेखनीय- /उल्लेखनिय/ (तत्स.) [<उत्+लेखनीय] वि. उल्लेख गर्न योग्य । आजको आमसभामा उल्लेखनीय सहभागिता देखियो ।

## ऊ

ऊन- /उन्/ (तत्स.) ना. च्याङ्ग्रा, भेडा आदि पशुहरूको नरम रौँ । ऊनको स्वेटर न्यानो हुन्छ ।

## ऋ

ऋचा- /रिचा/ (तत्स.) ना. पद्यमा लेखिएको वैदिक मन्त्र; वेदको पद्यसंहिता; कण्डिका । वेदका मन्त्रलाई ऋचा भनिन्छ ।

ऋण- /रिण्/ (तत्स.) ना. पछि फिर्ता दिनेलिने सर्तमा अरूसँग लिइएको वा अरूलाई दिइएको धन; कर्जा; सापट; रिन । साहूको भन्दा बैङ्कको ऋण असल हुन्छ ।

## ए

एक- /एक्/ (तत्स.) वि. १. एउटा; यौटा । २. अरूभन्दा श्रेष्ठ; सर्वश्रेष्ठ; अद्वितीय; मुख्य; प्रमुख । ३. शक्ति, गुण आदिका दृष्टिले उस्तै; तुल्य; सदृश । विप. अनेक । हाम्रा लागि दुवै छिमेकी एक हुन् । नेपाल अनेक जातिको बसोबास भएको देश हो ।

एक मत- /एक् मत्/ (तत्स.) [एक+मत] वि. सबैको एउटै राय वा मत भएको; उपस्थित सबैको विचार मिलेको । बजार सफा राख्ने कुरामा एक मत भयो ।

एकादशी- /एकादसि/ (तत्स.) [एकादश+ई] ना. हरेक महिनाको शुक्ल र कृष्ण पक्षको एघारौँ तिथि; दशमीपछिको तिथि । एकादशीमा बर्त लिने चलन छ ।

एकान्त- /एकान्त/ (तत्स.) [एक+अन्त] वि. १. कोही नभएको; मानिस हत्तपत्त नपुग्ने ठाउँ; सुनसान; निछ्याम; एकलास । ना. २. गोप्य वार्ता । उनी एकान्तप्रिय छन् ।

एवम्- /एबम्/ (तत्स.) अव्य. १. यस्तै किसिमले; यसै प्रकार; यस्तै । संयो. २. दुई समान रूपका वाक्य वा पदहरूलाई जोड्ने शब्द; र; अनि; तथा । यहाँ पाठ्यपुस्तक एवम् खेलकुदका सामान पाइन्छ ।

## औ

औपचारिक- /औपचारिक्/ (तत्स.) [उपचार+इक] वि. १. शिष्टाचारको पालनका निम्ति गरिएको; शिष्टाचार सुहाउँदो । २. नियमानुसार भएको; नियमपूर्वकको; रीतिपूर्वकको; दस्तुरबमोजिमको । ३. रोगनिवारणका निमित्त गरिने उपचारसम्बन्धी । विप. अनौपचारिक । चीनमा हालै प्रधानमन्त्रीको औपचारिक भ्रमण सम्पन्न भयो । दलहरूका बीच अनौपचारिक वार्ता निरन्तर हुँदै छ ।

औषधी- /औसधि/ (तत्स.) ना. १. रोग निको पार्ने वा शरीर तन्दुरुस्त पार्ने वस्तु; ओखती । २. उपाय; प्रयत्न । औषधीले गर्दा ऊ चाँडै निको भयो ।

## क

कठिन- /कठिन्/ (तत्स.) वि. १. सजिलोसित वा चाँडै गर्न नसकिने; गाह्रो; अप्ठ्यारो; मापाको; मुस्किल । २. कडा; कठोर; साह्रो । विप. सरल/सुगम । हिमाल चढ्न कठिन छ । तराई भने सुगम छ ।

कथा- /कथा/ (तत्स.) [कथ्+आ] ना. १. प्रबन्धात्मक रूपमा गद्यमा लेखिएको आख्यानात्मक लघु रचना; कहानी; गल्प । २. नाटक, उपन्यास, महाकाव्य आदिमा पाइने कथावस्तु; कथानक; कथासार । ३. चम्पूका रूपमा अथवा विशुद्ध गद्यमा लेखिएका आधुनिक कथा अथवा उपन्यासका पूर्वरूप मानिने विविध आकारप्रकारमा विभक्त आख्यानसाहित्यको पुरातन रूप; उपाख्यान; दन्तेकथा; आहान; किस्सा; कुथुङ्गी । ४. उक्ति; कथन; भनाइ । ५. नालीबेली; पुर्ब्यौली; पुर्ख्यौली; इतिवृत्त; इतिहास । दोषी चस्मा मनोविश्लेषणात्मक कथा हो ।

कदापि- /कदापि/ (तत्स.) [कदा+अपि] क्रि.वि. १. कहिल्यै; कुनै बखतमा पनि । २. केही गरेर पनि; कुनै हालतमा पनि; किमार्थ । उसको साथ तिमीले कदापि पाउँदैनौ ।

कन्या- /कन्न्या/ (तत्स.) ना. १. अविवाहिता केटी; कन्ने केटी । २. विवाहका निम्ति ठीक पारिएकी केटी; दुलही; बेहुली; । ३. रजस्वला नभएकी, खास गरी दस वर्ष ननाघेकी

बालिका । ४. ज्योतिषशास्त्रअनुसार बाह्र राशिमध्ये छैटौँ राशि; कन्या राशि । बाबु आमाले विवाहमा कन्याको दान गर्छन् ।

कपट- /कपट्/ (तत्स.) ना. १. छकाएर; झुक्याएर वा सत्यलाई लुकाएर कसैलाई दिइने धोका; छल; छक्क्यावट । २. मनमा लुकेको दुष्ट भावना वा विचार । मनमा कपट नराखी कुरा गर न ।

करुणा- /करुना/ (तत्स.) [करुण+आ] ना. करुण; दया; माया । माग्नेको जीवन करुणाले भरिएको हुन्छ ।

कर्तव्य- /कर्तव्य/ (तत्स.) [<कृ+तव्य] ना. १. कुलपरम्परा, नीतिनियम तथा सामाजिक आवश्यकतानुसार गर्नुपर्ने वा अँगालिने काम; गर्न लायक राम्रो आचरण वा क्रियाकलाप । २. नैतिकताविरुद्ध हुने काम; नजाती आचरण; टुना, मोहनी, विषप्रयोग र प्रहार आदिबाट कुनै व्यक्तिको ज्यान लिने दुस्साहस; कालो कर्तुत । छोराछोरीको उचित शिक्षादीक्षाको व्यवस्था गर्नु बाबुआमाको कर्तव्य हो ।

कलश- /कलस्/ (तत्स.) ना. १. बिहानबेलुका पानी भरेरराखिने जलपात्र; गाग्रो; घैँटो । २. पूजाआजामा वरुण, नवग्रह आदि देवताको आवाहन गर्न स्थापना गरिने जलपूर्ण घडा; तामाको जलपात्र । ३. मन्दिरको गजुर । ४. विवाहमा सगुनका निम्ति अघि लाएर हिँडाइने, विशेष सजिसजाउ पारिएको, मन्दिरका आकारको मङ्गलपात्र । पूजा गर्न दियो कलश ठीक पार ।

कला- /कला/ (तत्स.) ना. १. कुनै पनि काम राम्रोसित गर्ने सीप, कौशल आदि व्यवहारोपयोगी चौसट्ठी कला । उसको कोठा राम्रो कलाले सिँगारिएको छ ।

कलाकार- /कलाकार्/ (तत्स.) [कला+कार] वि. १. कुनै कलाको ज्ञाता; वास्तु, मूर्ति, चित्र, सङ्गीत आदि कुनै कलाकृतिको निर्माण गर्ने; कलापूर्ण काम गर्ने । ना. २. कुनै पनि कलापूर्ण काम गर्ने वा कलात्मक सीप देखाउने व्यक्ति (साहित्यकार, सङ्गीतकार, मूर्तिकार, शिल्पकार, नृत्यकार, अभिनेता इ.) । नारायण राम्रो कलाकार मानिन्छ ।

कलात्मक- /कलात्मक्/ (तत्स.) [कला+आत्मक] वि. कलापूर्ण ढङ्गले सजाइएको; कालिगडी भरिएको; आकर्षक । सेतो दरबार आकर्षक र कलात्मक छ ।

कलियुग- /कलियुग्/ (तत्स.) [कलि+युग] ना. पुराणअनुसार चार युग सत्य, त्रेता, द्वापरर कलिमध्ये पछिल्लो युग । धार्मिक मान्यताअनुसार वर्तमान युग कलियुग मानिन्छ ।

कल्पना- /कल्पना/ (तत्स.) [कल्प+अन्+आ] ना. १. स्मृतिपटमा अनौठा नयाँ कुरा वा वस्तुको प्रतिमा तथा रूपरेखा बनाएर काव्य, चित्र, प्रतिमा आदिका रूपमा उतार्ने वा मूर्त रूप दिने क्रियात्मक मानसिक शक्ति । २. त्यसरी नदेखेको वा नसुनेको कुनै नयाँ र अनौठो कुरा मनले अजमाउने वा प्रस्तुत गर्ने काम । ३. अनुमान; अन्जाम; तर्कना । ४. सुन्दररचना; कृति । ५. सजावट, सिँगारपटार । ६. मनगढन्त कुरो; मनचिन्ते बोली । ७. कुनै एउटा कुरालाई अर्को मानेर त्यसबाट भावसौन्दर्य प्राप्त गर्ने काव्यगत गुण । विप. यथार्थ । कवि कल्पनामा बेजोड हुन्छ । यथार्थ त तीतो हुन्छ ।

कल्याण- /कल्याण्/ (तत्स.) ना. १. सबै किसिमले हुने भलो तथा बढिबढाउ; असल; भलाइ; हित । २. शुभकर्म । ३. सङ्गीतमा रातको पहिलो पहरमा गाइने एक प्रसिद्ध राग । शिक्षामा ध्यान दिए बालबालिकाको कल्याण हुन्छ ।

काम्य- वि. [सं.] १. कामना गरिएको; इच्छ्याइएको; अभिलषित । २. इच्छानुसार हुने; ऐच्छिक । ३. कुनै विशेष उद्देश्यद्वारा गरिएको । ४. सुन्दर; मनोहर; राम्रो ।

कारण- /कारण्/ (तत्स.) [<कृ+अन] ना. १. प्रभाव वा परिणाम उत्पन्न गर्ने कुनै पनि मूल तत्त्व वा व्यक्ति; कुनै पनि कार्य, भावना आदिका निमित्तको हेतु; अभिप्रेरणा वा आधार; हेतु; तर्क; आधार; प्रयोजन; उद्देश्य । २. उपकरण; साधन । ३. काव्य वा नाटकको मूल वा कथावस्तु । ४. प्रमाण दस्तावेज । बिनाकारण ऊ झगडा गर्छ ।

कार्य- /कार्य/ (तत्स.) [<कृ+य] ना. १. काम; कृत्य; काज । २. कर्तव्य । ३. पेसा; व्यवसाय । ४. धार्मिक कृत्य वा अनुष्ठान । ५. प्रयोजन; उद्देश्य । ६. नाटकको उपसंहार । उनी शिक्षण कार्यमा संलग्न छन् ।

कार्यक्रम- /कार्यक्रम्/ (तत्स.) [कार्य+क्रम] ना. १. कुनै विशेष काम (समारोह, आयोजना, गोष्ठी; सेमिनार आदि.)का विविध अङ्गको सम्पादन गर्न तयार पारिएको क्रम वा सिलसिलापछि हुने कुनै पनि कामको योजना वा प्रक्रिया । २. त्यस्ता कामकुराको मुद्रित सूची; तालिका । भर्खरै रक्तदान कार्यक्रम सम्पन्न भयो ।

कार्यप्रणाली- /कार्यप्रणालि/ (तत्स.) [कार्य+प्रणाली] ना. कुनै काम गर्ने स्वीकृत विधि वा तरिका; कार्यपद्धति । कार्यालयको कार्यप्रणाली चुस्त दुरुस्त रहेछ ।

काल- /काल्/ (तत्स.) ना. १. वर्ष, महिना, बार, दिन, रात, घडी आदिका रूपमा गणना हुने दुई घटना वा क्रियाका बीचको समय; बेला; बखत; अवधि; टाइम; मौसम । २. कुनै कार्य गर्नका निमित्त उपयुक्त घडी वा अवसर । ३. समयको कुनै निश्चित

अवधि वा सूचक मान (उदयकाल, प्रातःकाल, सायङ्काल इ.) । ४. मृत्युका देवता; यम । ५. मृत्यु; मरण; नियति । ६. शनिग्रह । ७. खण्ड; अनुभाग । ८. शिव । ९. व्याकरणमा कार्य वा अवस्थाका समयलाई बोध गराउने क्रियाको रूप वा रूपावली (भूत, वर्तमान र भविष्यत्) । १०. सङ्गीत तथा छन्दशास्त्रमा कालको नपाइ । वि. ११. कालो रङको; कृष्ण वर्णको । परिवेशमा देश, काल, परिस्थिति आउँछ ।

कीर्ति- /किर्ति/ (तत्स.) [<कृत+ति] ना. १. असल तथा ठूलो काम र बहादुरी आदिबाट प्राप्त हुने र धेरै समयसम्म टिकिरहने सुनाम वा प्रसिद्धि; ख्याति; जस; नेकनामी । २. प्रशंसा । ३. पुण्य । पछिसम्मको कीर्ति राख्न सामाजिक सेवा गर्नुपर्छ ।

कुकर्म- /कुकर्म/ (तत्स.) [कु+कर्म] ना. नीतिनियम तथा आचरणविरुद्ध गरिने नराम्रो काम; खराब काम; नीच कर्म; गर्न नहुने काम (पाप, अपराध इ.) । विप. सुकर्म । मान्छेले सुकर्मभन्दा कुकर्म गर्न बल गर्दो रहेछ । असल मान्छेले सुकर्म गर्न प्रयत्न गर्छ ।

कुटुम्ब- /कुटुम्ब/ (तत्स.) ना. १. एकाघरका जहान; घरपरिवार । २. दाजुभाइ र छोराछोरीतर्फका सन्तान । ३. बन्धुवर्ग; नातागोता । घरमा आएका कुटुम्बको इज्जत आफैँ राख्नुपर्छ ।

कुल परम्परा- /कुल्परम्परा/ (तत्स.) [कुल+परम्परा] ना. पितापुर्खादेखि चलिआएको रीतिथिति वा चलन; कुलको परम्परा; वंशपरम्परा । पुर्खादेखि चलिआएको कुलपरम्परा धान्नै पर्‍यो ।

कुलाङ्गार- /कुलाङ्गार/ (तत्स.) [कुल+अङ्गार] वि. कुलमा कलङ्क लगाउने; कुलको नाश गर्ने । उसको छोरो कुलाङ्गार रहेछ ।

कुशलता- /कुसल्ता/ (तत्स.) [कुशल+ता] ना. कार्यकुशल हुनाको भाव; ल्याकत; दक्षता; निपुणता । ऊ हरेक कार्य कुशलतापूर्वक गर्छ ।

कृपया- /क्रिपया/ (तत्स.) [कृपा+आ] क्रि.यो. कृपापूर्वक; कृपा गरेर; मेहरबानी गरी । कृपया बिस्तारै गाडी हाँक्नुहोस् ।

कृषि- /क्रिसि/ (तत्स.) [कृष्+ई] ना. खनजोत गर्नुपर्ने तथा बालीनाली लगाउनुपर्ने र तत्सम्बन्धी सबै काम; खेती; किसानी । गाउँमा मानिस कृषिमा निर्भर छन् ।

केन्द्र- /केन्द्र/ (तत्स.) ना. १. कुनै स्थान वा वस्तुको मध्य भाग वा बिन्दु; माझ; बीचको ठाउँ; नाभि । २. विभिन्न कार्यसञ्चालन हुने मुख्य ठाउँ वा सदर मुकाम । ३. सङ्घसंस्था आदिको प्रधान कार्यालय रहेको स्थान । ४. सधैँ बस्ने ठाउँ । ५. तैनाथ गर्ने विभाग । ६. फलित ज्योतिषअनुसार जन्मकुण्डलीको पहिलो, चौथो, सातौँ रदसौँ

स्थान । विप. परिधि । क्याम्पसमा विद्यार्थी सधैँ केन्द्र भागमा राख्नुपर्छ । पृथ्वीको परिधि व्यापक छ ।

कोमल- /कोमल्/ (तत्स.) वि. १. देख्दा, सुन्दा वा छुँदा प्यारो लाग्ने र सुखद संवेदन हुने; कमलो; नरम; मुलायम; सुकुमार । २. कलिलो; कलकलाउँदो । ३. सुन्दर; मनोहर । ४. मधुर; मन्द (स्वर आदि) । उसले कोमल वाणीले मलाई बोलायो ।

कोमलता- /कोमल्ता/ (तत्स.) ना. कोमल हुने विशेषता वा भाव । विप. कठोरता । पानीको कोमलता कसलाई मन पर्दैन र ! सन्तानप्रति ज्यादै कठोरता पनि प्रत्युत्पादक हुन्छ ।

कोलाहल- /कोलाहल्/ (तत्स.) ना. कुनै अत्यासिलो अवस्थामा धेरै मानिसले बोलेको टाढासम्म सुनिने अस्पष्ट आवाज; अत्तालिँदो होहल्ला; कोहोलो; कोकोहोलो । गाउँमा कोलाहल मच्चिएको छ ।

क्रिया- /क्रिया/ (तत्स.) ना. १. कुनै पनि काम भइरहनाको अवस्था वा भाव । २. तनमन र वचनले गरिने वा नित्य हुने कुनै पनि कार्य वा कर्म (दैनिक क्रिया, प्रातः क्रिया इ.) । ३. कुनै पनि काम गर्ने चेष्टा, ढङ्ग वा विधि (लेखनक्रिया, शोधनक्रिया इ.); प्रयत्न । ४. कुनै पनि क्षेत्रका रूप अथवा तीसित सम्बन्धित नियमअनुसार हुने काम (व्यावहारिक क्रिया, शल्यक्रिया इ.) । ५. व्याकरणमा कार्यव्यापार जनाउने वा कुनै कार्य, घटना आदि हुनु-गरिनुको वाचक शब्द । ६. मृतकको अन्त्येष्टि कर्म; किरिया । ऊ बाबुको क्रिया बसेको छ । ऊ चार बजे उठेर नित्य क्रिया गर्छ ।

क्रियाकलाप- /क्रियाकलाप्/ (तत्स.) [क्रिया+कलाप] ना. कुनै क्षेत्र वा समयमा हुने कामको गतिविधि । देशको राजनैतिक क्रियाकलाप सन्तोषजनक पाइँदैन ।

क्रुद्ध- /क्रुद्ध/ (तत्स.) [<क्रुध्+त] वि. कसैप्रतिको मानसिक आवेगमा उत्रेको; क्रोध भएको वा क्रोध गर्ने; झोकिएको; रिसाएको । क्रुद्ध व्यक्ति यतै आयो ।

क्रोध- /क्रोध्/ (तत्स.) ना. १. कुनै अनुचित र हानिकारक वा मन नपर्ने काम-कुरो भएको देखेर मनमा उब्जने उग्र तथा तीक्ष्ण आवेग; रिस; रोष । २. ज्योतिषशास्त्रका साठी संवत्सरमध्ये उनान्साठीयौँ एक संवत्सर । ३. साहित्यमा रौद्र रसको स्थायी भाव । शत्रुको चुनौतीप्रति उसमा क्रोध उत्पन्न भयो ।

## ख

ख्याति- /ख्याति/ (तत्स.) ना. नाउँ चल्ने क्रिया वा अवस्था; सिद्धि । भक्तपुरको दही देशभर ख्यातिप्राप्त छ ।

## ग

गति- /गति/ (तत्स.) [गम्+ति]ना. १. एक स्थिति, रूप आदिबाट अर्को स्थिति, रूपआदिसम्मको परिवर्तन वा एक ठाउँदेखि अर्को ठाउँसम्मको गमन; चाल; हिँडाइ; सराइ; वेग । २. कुनै पनि वस्तु वा प्राणीको दशा; अवस्था । ३. सम्भावित प्रयासको सीमा; क्षमता; शक्ति; तागत । ४. जीवात्माले मृत्युपछि प्राप्त गर्ने अवस्था । ५. मृतकको देहावसानपछि दाहसंस्कारदेखि लिएर दस दिनसम्मको काजक्रिया । ६. ईश्वरीय स्वरूप; मोक्ष; मुक्ति । ७. प्रवेश; पहुँच । ८. मार्ग; बाटो । रक्सी खानाले उसको यो गति भयो । तीर्थस्थलमा मृत्यु भएकाले ऊ गति पऱ्यो ।

गन्तव्य- /गन्तब्य/ (तत्स.) ना. १. गइने ठाउँ; जाने वा पुग्ने स्थान । वि. २. जान योग्य; जान उचित; जानुपर्ने । हामी गन्तव्यमा पुगेर छाड्छौँ ।

गन्धर्व- /गन्धर्भ/ (तत्स.) ना. १. गाउने र बजाउने कलामा प्रवीण एक देवयोनि । २. गानबजान नै पेसा भएको एक जाति; गाइने । नाचगान गर्न सिपालुलाई गन्धर्व भनिन्छ ।

गम्भीर- /गम्भिर्/ (तत्स.) वि. १. गहिराइ थाहा नपाइने; गहिरो । २. शान्त; धीर । ३. विचारपूर्ण; गहन । ४. जटिल; दुरुह (गम्भीर समस्या, गम्भीर स्थिति इ.) । ५. घना; सघन । देशमा गम्भीर समस्याहरू धेरै छन् ।

गुण- /गुण्/ (तत्स.) ना. १. कुनै पनि वस्तुलाई अरू सजातीय वस्तुबाट छुट्ट्याउन वा अलग्याउन सहायक हुने निजी स्वभाव, विशेषता वा धर्म । २. कुनै मानिसमा रहको असल स्वभाव; सद्गुण । ३. एक अर्कालाई प्रभाव पार्न सक्ने तत्त्व वा प्रशंसनीय विषय । ४. कुनै वस्तुको निर्माण, काम, विद्या, व्यवहार आदिको सीप; निपुणता । ५. वस्तुबाट प्राप्त हुने फाइदा वा लाभ; उपयोगिता । ६. ब्रह्माण्डका प्राकृतिक धर्म वा वृत्ति (सत्व, रज, तम) । ७. योगशास्त्रका अनुसार स्वभावमा देखिने शम, दम र तितिक्षा तीन गुण । ८. उपर्युक्त वृत्ति वा गुणका आधारमा तीन सङ्ख्या सूचक शब्द । ९. पूर्वीय काव्यशास्त्रका अनुसाररसलाई उत्कर्ष प्रदान गर्ने श्लेष, समाधि, औदार्य, माधुर्य, ओज, प्रसाद, अर्थव्यक्ति, कान्ति, सुकुमारता र समतानामक तत्त्व । १०. व्याकरणमा स्वरसन्धिका अ, उ, ओ तीनवटा अक्षर । ११. एक अङ्कलाई अर्को अङ्कले गुणन गर्ने काम; गुणा । १२. धनुको ताँदो वा डोरी । १३. धागो; डोरी; सूत ।१४. वास्तु

वा मूर्तिकलामा तीन इन्चबराबरको नापो; तीन अमल । विप. अवगुण । उसका राम्रा गुणहरू धेरै छन् । मानिसका अवगुणहरू प्रसस्त हुन सक्छन् ।

गुप्त- /गुप्त/ (तत्स.) [गुप्+त]वि. १. बाहिर प्रकट वा व्यक्त नभएको; भित्रभित्रै छिपेररहेको; लुकेको; भित्री; नदेखिने; अदृश्य । २. सुरक्षित गरिएको; जोगाइएको (गुप्त धन, गुप्त प्रेमी इ.) । ३. मुस्किलले जानिने; गूढ । ना. ४. मध्यकालीन भारतको मगध राज्यको एक नामुद राजवंश (गुप्तवंश); एक प्रकारको थर । उसले सुनेको कुरा गुप्त राख्न सक्दैन ।

गुरु- /गुरु/ (तत्स.) ना. १. कुनै पनि विद्या वा शिक्षा प्रदान गर्ने व्यक्ति; शिक्षक; अध्यापक । सङ्गीतकला आदि सिकाउने व्यक्ति; उस्ताद । ३. गायत्री, वेदमन्त्र आदि दीक्षा दिने व्यक्ति; आचार्य । ४. बुद्धि, बल, उमेर, विद्या आदिमा श्रेष्ठ तथा आदरणीय वा पूज्य व्यक्ति; मान्य जन । ५. छन्दशास्त्रअनुसार दुई मात्रा हुने अक्षर; दीर्घ अक्षर वा सो जनाउने चिह्न ( ऽ ) । ६. सङ्गीतमा एउटा दीर्घ वा दुइटा लघु मात्रा हुने तालको अंश । ७. नवग्रहमध्ये एक; बृहस्पति । हामी असल गुरुबाट दीक्षित हुनुपर्छ ।

गृहकलह- /ग्रिहकलह/ (तत्स.) [गृह+कलह]ना. १. घरझगडा; पारिवारिक कलह । २. राष्ट्रभित्र जाति, धर्म वा अन्य कारणबाट सत्ताका निम्ति उठेको झगडा । गृहकलहले जीवन बर्बाद हुन्छ ।

गृहकार्य- /ग्रिहकार्य/ (तत्स.) [गृह+कार्य]ना. १. घरमा गरिने काम; घरको कामकाज; घरधन्दा; घरायसी कामकाज; गृहकर्म । २. विद्यार्थीलाई घरमा गर्न दिइने वा लगाइने पढाइ, लेखाइ आदि काम । ऊ सधैँ गृहकार्य गर्छ ।

गृहस्थ- /ग्रिहस्थ/ (तत्स.) [गृह+स्थ]वि. १. घरमा बस्ने; घरबार गरेर बस्ने; गृहस्थाश्रममा रहेको । गृहस्थले परिवारको राम्रो हेरचाह गर्नुपर्छ ।

गौरव- /गौरब्/ (तत्स.) ना. १. गुरु अर्थात् महान् हुनाको अवस्था वा भाव; महत्त्व; महिमा; गहकिलोपन; गम्भीरता । २. इज्जत; आदर; सम्मान; प्रतिष्ठा । ३. गह्रुङ्गोपन; भारी हुनाको अवस्था । ४. उदय; उन्नति; उत्कर्ष । खेलद्वारा वैकुण्ठ मानन्धरले गौरव बढाएका थिए ।

ग्रसित- /ग्रसित्/ [ग्रस्+इत] वि. १. मुखमा हालेर निलिएको; खाइएको । २. गाँस हालिएको । ३. समातिएको; पक्रिएको; अँठ्याइएको । क्षयरोगबाट ग्रसित रमेश उपचारमा छ ।

ग्राम- /ग्राम्/ (तत्स.) ना. १. सानो-सानो बस्ती; गाउँ । २. जमात; समूह; समुदाय । ३. सङ्गीतमा वा वाद्यवादन र गायन आदिमा प्रयोग हुने शुद्ध सात स्वरहरूको समूह; सप्तस्वर; सप्तक । (यसका तीन खण्ड छन्- षडज, मध्यम र गान्धार । यी क्रमशः मन्द, मध्य र तीव्र अथवा नन्द्यावर्त, जीमूत र सुभद्र पनि भनिन्छन्) । ४. लिच्छविकालीन बस्तीको सबैभन्दा तल्लो तहको एकाइ; तल । ग्राम विकास कार्यक्रम सदुपयोग भएको पाइँदैन ।

ग्रामीण- /ग्रामिन्/ (तत्स.) [ग्राम+ईन]वि. १. गाउँको; ग्रामसँग सम्बन्धित । २. असभ्य; गँवार । ३. गाउँले; ग्रामवासी । ग्रामीण क्षेत्रमा तुलनात्मक रूपमा स्वच्छ हावापानी हुन्छ ।

ग्राहक- /ग्राहक्/ (तत्स.) [गृह+अक]वि. १. लिने; समाउने । ना. २. मूल्य तिरेर कुनै वस्तु किन्ने व्यक्ति; गाहकी । आज बजारमा ग्राहक कमै आए ।

ग्लानि- /ग्लानि/ (तत्स.) [<ग्लै+नि]ना. १. शारीरिक वा मानसिक शिथिलता; थकाइ; थकावट । २. कुनै कामको खराबी चाल पाएर हुने पछुतो; मानसिक खेद; पश्चात्ताप । ३. हतोत्साह; अनुत्साह । तपाईंप्रति कुवाच्य बोलेकामा उमेशमा ग्लानि रहेको पाइन्छ ।

## घ

घटना- /घटना/ (तत्स.) ना. १. अकस्मात् भएको कुनै पनि कुरो वा कारबाई; काण्ड; पर्व । २. मारपिट; वारदात । आज विराटनगरमा डकैतीको ठूलो घटना भएछ ।

घडी- /घडी/ (तत्स.) ना. १. चौबीस मिनेटको समय; रातदिनको साठी भागको एक भाग । २. समय बताउने यन्त्र; मिनेट, घण्टा आदि जनाउने यन्त्र । ३. अवसर; मौका; समय । रातको तेस्रो घडीमा भुसुक्क निदाएछु । राडो घडी महँगो पर्छ ।

घमण्ड- /घमन्ड/ (तत्स.) ना. आ-आफ्नो बुद्धि, बल र सामर्थ्यलाई बेसी महत्त्व दिएर अरूलाई हेय ठानिने अहंभावनाको अनुचित तथा उग्र रूप; अभिमान; सेखी; तुजुक, अहङ्कार; मैमत्ता ।मान्छेले आफू मात्र जान्ने छु भन्ने घमण्ड गर्नु हुँदैन ।

घरेलु- /घरेलु/ (तत्स.) [घर+एलु]वि. १. घरको; घरसम्बन्धी; घरायसी । २. घरमा पालिने वा पालिएको; घरपालुवा । घरेलु कपडा उत्तम हुन्छन् ।

## च

चन्दन- /चन्दन्/ (तत्स.) ना. सुगन्धयुक्त एक जातको कडा काठ वा त्यो काठ पानीमा घोटेर बनाइएको लेप; श्रीखण्ड; विलेपन; लेपन; चन्दनद्रव । पण्डितजीको निधारमा सधैँ चन्दनको टीको हुन्छ ।

चमत्कार- /चमत्कार्/ (तत्स.) [चमत्+कार]ना. १. आश्चर्य; अचम्म; विस्मय । २. खेल; तमासा । ३. साहित्यशास्त्रमा रसको अनुभूति गराउने काव्य- सौन्दर्य । उनका काव्यमा अलङ्कारको चमत्कार पाइन्छ ।

चर्चा- /चर्चा/ (तत्स.) [चर्च+आ]ना. १. विचारविमर्श; गम्भीर छलफल । २. प्रसङ्ग; कथन; प्रकरण । ३. आवृत्ति; स्वरपाठ; अध्ययन । कान्तिपुरको बौद्धिक लेखको चर्चा हुने गर्छ ।

चर्चित- /चर्चित्/ (तत्स.) [चर्चा+इत]वि. १. चर्चा गरिएको; प्रासङ्गिक । २. विचार गरिएको; मनन गरिएको । दासढुङ्गाको घटना चर्चित घटना हो ।

चित्त- /चित्त/ (तत्स.) ना. १. मन; हृदय; दिल । २. विचार; चिन्तन; इच्छा । ३. बुद्धि; अन्तःकरण; तर्क; तर्कनाशक्ति । ४. अभिप्राय; उद्देश्य । ५. ध्यान । तिम्रा वचनवाणले मेरो चित्त दुखेको छ ।

चित्र- /चित्र/ (तत्स.) ना. १. तसबिर; फोटो; छापा; चित्रपट; प्रतिमा; छवि । २. चम्किने गहना । ३. असाधारण छवि; तेजिलो वस्तु । ४. आश्चर्य । ५. एक प्रकारको कुष्ठ रोग । मोनालिसाको चित्र संसार प्रसिद्ध छ ।

चित्रकला- /चित्रकला/ (तत्स.) [चित्र+कला]ना. हातले चित्र कोर्ने कला; कागज, कपडा आदिमा सिसाकलम, रङ्ग आदिबाट बनाइएका रेखाका माध्यमले कुनै कुरो प्रस्तुत गर्ने कला; चित्रकृति; चित्रविद्या । उनी चित्रकलामा पारङ्गत छन् ।

चित्रण- /चित्रन्/ (तत्स.) [चित्र+अन्] ना. १. चित्र उतार्ने काम; चित्र खिचेझैँ गरिने वर्णन । २. वर्णन; बखान; विवरण । उपन्यासमा चरित्र चित्रण गर्ने गरिन्छ ।

चिन्ता- /चिन्ता/ (तत्स.) [चिन्त+आ]ना. १. पीर; सुर्ता; फिक्री; परवाह; ध्याउन्ना । २. चिन्तन; विचार । ३. धामीले रोग वा दोष छुट्ट्याउन ढ्याङ्ग्रो ठटाएर गर्ने क्रियाकलाप; धमेली । ४. साहित्यशास्त्रका अनुसार एक सञ्चारी भाव । बुबा बिमारी भएकाले मलाई चिन्ता छ ।

चिन्तित- /चिन्तित्/ [चिन्त+इत]वि. १. सुर्ताएको; पीर लागेको । २. विचार गरिएको; सोचिएको । आमाको स्वास्थ्यप्रति ऊ चिन्तित छ ।

चिरञ्जीवी- /चिरन्जिबि/ (तत्स.) [चिरम्+जीवी]वि. १. दीर्घजीवी; चिरजीवी । ना. २. पुराणअनुसार अमर मानिएका आठ चिरञ्जीवी (अश्वत्थामा, मार्कण्डेय, बलि, व्यास, हनुमान्, विभीषण, कृपाचार्य र परशुराम) । ३. विष्णु । ४. काग । संसारमा कोही पनि चिरञ्जीवी हुँदैन ।

## ज

जनक्रान्ति- /जनक्रान्ति/ (तत्स.) [जन+क्रान्ति]ना. जनताले आफ्ना हक, हित र अधिकार तथा देशको स्वतन्त्रता, प्रगति आदिका निम्ति सङ्गठित रूपमा चलाएको क्रान्ति; जनआन्दोलन । नेपालमा २००७ सालमा जनक्रान्ति भएको थियो ।

जनप्रिय- /जनप्रिय/ (तत्स.) [जन+प्रिय]वि. सबैले मन पराएको; जनताका बीचमा विश्वास प्राप्त गरेको; जनताको प्यारो; लोकप्रिय । मदन भण्डारी जनप्रिय राजनेता थिए ।

जनमानस- /जनमानस्/ (तत्स.) [जन+मानस]ना. जनताहरूको मनोभावना; जनताको विचार; लोकभावना । जनमानसमा प्रशासनको राम्रो छाप छैन ।

जन्मभूमि- /जन्मभुमि/ (तत्स.) [जन्म+भूमि]ना. १. जन्मेको ठाउँ; जन्मस्थान; जन्मथलो । २. जन्मेको देश । ३. आफ्ना पुर्खाहरूले बसोबास गरेको देश । जन्मभूमि सबैलाई प्रिय लाग्छ ।

जय- /जय/ (तत्स.) ना. १. कुनै परिश्रम, अभियान वा तपस्याको सफल परिणाम; विजय; सफलता । २. कल्याण; शुभमङ्गल । सबैको जय होस् भन्दै ऊ घरतर्फ लाग्यो ।

जागृत- /जागिरत्/ (तत्स.) वि. १. जागेको; बिउँझिएको । २. होसमा आएको; बौरिएको; बिउँतिएको । ३. सचेत; होसियार; जागरूक; प्रबुद्ध । विप. सुषुप्त । नेपाली जनता निरन्तर जागृत हुँदै छन् । विरामीका कारण ऊ सुषुप्त छ ।

जाति- /जाति/ (तत्स.) [जा (जन)+ति]ना. १. राष्ट्रियता र भौगोलिक सीमाका आधारमा छुट्टिने मनुष्यका जातिको विभाग । २. हिन्दू समाजमा वंशपरम्परा, संस्कार, धर्म, कर्म आदिका आधारमा छुट्टिने बाहुन, छेत्री आदि जात । ३. शारीरिक बनावट, आकारप्रकार, गुण, स्वभाव आदिका आधारमा छुट्टिने वा चिनिने स्थावर, जङ्गम

आदिको विभाग । नेपालमा १२३ भन्दा बढी जातजाति छन् । उसले केके जाति कुरा गऱ्यो, मैले सम्झिनँ ।

जातीय- /जातिय/ (तत्स.) [जात+ईय]वि. १. जातको; आफ्नै जातको ; जातिसम्बन्धी । २. कुलीन । ३. साम्प्रदायिक । जातीय सद्भाग कायम राखौँ ।

जीवजन्तु- /जिबजन्तु/ (तत्स.) [जीव+जन्तु]ना. १. पृथ्वीमा भएका साना ठूला सबै प्राणी; पशु- पन्छी, कीराफटयाङ्ग्रा आदि; जीवात । २. कुनै देश वा समयका प्राणी वा प्राणीको समूह । ३. साना जीव र ठूला जन्तु । ४. जीवसमुदाय । पृथ्वीमा अनेक जीवजन्तु छन् ।

जीवन- /जिबन्/ (तत्स.) [जी+अन्] ना. १. प्राणीको जन्मदेखि मृत्युसम्मको समय; जिन्दगी । २. शरीरमा प्राण रहेसम्मको अवस्था; प्राणीको जीवित अवस्था; प्राणवान् अवस्था । ३. बाँच्ने ढङ्ग वा बँचाउने शक्ति । ४. जिउँदोपन । विप. मरण । उसको जीवन सकियो । जीवन मरण प्राकृतिक नियम हो ।

जीवनपद्धति- /जिबन्पद्दति/ (तत्स.) [जीवन+पद्धति]ना. बाँच्ने शैली वा शिल्प; जीवनकला । मान्छेले जीवनपद्धति आफ्नै तरिकाले सञ्चालन गर्छन् ।

## ट

टङ्कण- /टङ्कन्/ (तत्स.) [टङ्क+अन]ना. १. टाइपराइटरले कागजमा अक्षर छाप्ने काम; धातुका पातामा नाउँ वा बुट्टाहरू खोप्ने काम । २. भाँडामा रसायन लाउने काम । तपाईंको सामग्री टङ्कन भइसकेको छ ।

## त

तपस्या- /तपस्या/ (तत्स.) [तपस्+य+आ]ना. १. कुनै इच्छापूर्ति गर्न वा मानसिक शुद्धि गर्नाका लागि एकचित्त भएर नियमपूर्वक गरिने कठिन कार्य वा प्रयत्न; तप । २. ब्रह्मचर्य । ऋषिमुनिहरू वनमा तपस्या गर्थे ।

तरङ्ग- /तरङ्ग/ (तत्स.) ना. १. हावा वा बगाइको वेगले पानीको सतहमा उठ्ने लहर; छाल । २. नदीको मुखमा ज्वारको वेगले गर्दा उठेको पानीको खम्बा । ३. भूकम्पको लहर । ४. उत्साह, उमङ्ग, चञ्चलता आदिका अवस्थामा मनमा उठ्ने तर्कवितर्क । ५. सङ्गीतमा स्वरको उतार-चढाव हुँदा हुने कम्पन; स्वरलहरी । ६. बौलट्ठी चाल;

छाँटा । ७. ध्वनि, प्रकाश र अरू पनि प्रसारणयोग्य वस्तुको प्रसारमा हुने विस्तृत रूप । सामुद्रिक ज्वारको अनुभव समुद्र नजिकका मानिसले मात्र गरेका हुन्छन् ।

तान- /तान्/ (तत्स.) ना. १. कपडा बुन्ने घरेलु यन्त्रविशेष । २. कपडा बुन्न फैलाइएको धागो । ३. फैलावट, विस्तार । ४. मनको एकसुर । ५. सङ्गीतका केही स्वरलाई एकसाथ बजाउने वा गाउने काम; आलाप । उसले घरेलु तानको काम गर्छ । गीतको तानमा उनी आनन्दित छन् ।

तापक्रम- /तापक्रम्/ (तत्स.) [ताप+क्रम]ना. १. उष्णता वा तातोपन घटीबढी हुने क्रम; सूर्यबाट प्राप्त हुने गर्मी । २. थर्मामिटरद्वारा हेरिने तापको परिमाण । आजको तापक्रम न्यून छ ।

तिलक- /तिलक्/ (तत्स.) ना. १. होम गर्दा डढेको चरुहरूको कालो टिको । २. निधार, छाती र पाखुरामा लगाइने चन्दन, केसर आदिको चिह्न ।३. चन्दन; टिको । पूजापछि तिलक लगाउने चलन छ ।

तेजस्वी- /तेजस्बि/ (तत्स.) [तेजस्+वी]वि. १. तेज भएको; चमकदार; उज्ज्वल । २. शक्तिशाली; बलवान् । ३. गौरवशाली । ४. नाम चलेको; प्रसिद्ध । ५. प्रतापी । ६. प्रभावशाली । योगीका आँखा कति तेजस्वी रहेछन् । उनी तेजस्वी पुरुष हुन् ।

तोरण- /तोरन्/ (तत्स.) ना. १. विवाह, उत्सव आदि सम्पन्न हुने ठाउँमा घुमाउरो पारी फूल, रङ्गिन कपडा आदिबाट बनाइने शोभाद्वार; सिंहद्वार; प्रवेशद्वार; बहिर्द्वार । २. माङ्गलिक वा धार्मिक कार्य गर्दा घरका भित्तामा बेरिने माला । विवाह मण्डप तोरणले सिँगारिएको रहेछ ।

## द

दक्षिणा- /दक्छिना/ (तत्स.) [दक्षिण+आ]ना. १. यज्ञ, पूजाआजा, श्राद्ध आदि देव-पितृकार्यमा कार्य पूरा भएपछि ब्राह्मणहरूलाई दिइने द्रव्य; चाडपर्व आदिका अवसरमा छोरीचेली, ज्वाइँ आदिलाई दिइने धन; दच्छिना । दसैँमा ठूलाले आशीर्वादसँगै दक्षिणा दिने चलन छ ।

दया- /दया/ (तत्स.) ना. १. अर्कामा आइपरेका दुःख, पीडा आदिलाई अनुभव गरेर संवेदशील हुने तथा उसप्रति उद्धारर सहयोग गर्ने मनोभाव वा वृत्ति । २. आफन्त

वा आफूभन्दा निर्धा व्यक्तिप्रति गरिने उक्त प्रकारको कमलो व्यवहार; मेहरबानी । विप. घृणा । दुःखी पीडितलाई दया गर्नु धर्म हो । जाली मान्छेप्रति घृणा छ ।

दरिद्र- /दरिद्र/ (तत्स.) ना. निर्धन; कङ्गाल; गरिब । उनी दरिद्र घरका सन्तान थिए ।

दर्शन- /दर्सन्/ (तत्स.) [दृश्+अन्]ना. १. कुनै पनि वस्तुलाई हेर्ने काम; नजरगराइ; हेराइ । २. कुनै देवदेवीका प्रतिमा आदि वा योगी, महात्मा, सज्जन आदि आफ्ना मान्य जनलाई भक्तिपूर्वक गरिने ढोग र साक्षात्कार; नमस्कार । ३. प्रकृति, ईश्वर, ज्ञान, विज्ञान, वस्तु, जीवन र चेतनाबारेको विवेचन र विश्लेषण गरिने विद्या; तत्सम्बन्धी विषयमा व्यापक रूपले यथार्थ परिचय दिने शास्त्र; आध्यात्मिक तथा भौतिक वस्तुको चिन्तन वा विश्लेषण । मामा, मैले दर्शन गरेँ । आध्यात्मिक दर्शन पुरानो दर्शन भनिन्छ ।

दशक- /दसक्/ (तत्स.) [दश+क]ना. १. दसदस वर्षको समूह । तिमीसँग भेट भएको दुई दशक पुगेछ ।

दाता- /दाता/ (तत्स.) [दा+ता]वि. १. दिने; दिने स्वभावको। २. धेरै दान गर्ने; दानशील; दानी । ३. फुक्का हृदय भएको; उदार । दाता राष्ट्रहरूबाट वर्षेनी नेपालमा अनुदान आउँछ ।

दासत्व- /दासत्व/ (तत्स.) [दास+त्व]ना. १. दास हुनाको भाव वा अवस्था; दासत्व; गुलामी; कमारोपन । नेपाल कहिले पनि दासत्वमा परेन ।

दिगन्त- /दिगन्त/ (तत्स.) [दिग्+अन्त]ना. १. दिशाको छेउछाउ; दिशाको अन्त । २. आकाश र धर्ती भेट भएजस्तो देखिने ठाउँ; क्षितिज । ३. चार दिशा । ४. दसैवटा दिशा; दिशा-विदिशा । हाम्रो देश दिग्दिगन्त बाँचिरहने छ ।

दिन- /दिन्/ (तत्स.) ना. १. आकाशमा सूर्य देखिउन्जेलको समय; सूर्यको उदय भएदेखि अस्त नहोउन्जेलको अवधि; दिउँसो; दिवस । २. अघिल्लो सूर्योदयदेखि पछिल्लो सूर्योदय पर्यन्तको समय; अहोरात्र; चौबीस घण्टा वा आठै प्रहर । ३. रातको बाह्र बजेदेखि सुरु भएर पछिल्लो रातको बाह्र बजेसम्म चौबीस घण्टाको समय । ४. समय; बेला; बखत; मौका । ५. तोकिएको समय; निश्चित समय; आवश्यक समय । ६. दिनदशा; अनिष्ट दशा । ऊ दिनभरि काम गर्छ । मान्छेलाई ऋण लागोस् तर दिन नलागोस् ।

दीन- /दिन्/ (तत्स.) वि. १. धनसम्पत्ति नभएको; गरिब; निर्धन; दरिद्र । २. दुःखकष्टमा परेको; दुःखी । ३. खिन्न; उदास; शोकग्रस्त । ४. दयालाग्दो; दयनीय । दीनहीनहरूलाई सेवा गर्नु मानवीय धर्म हो ।

दुःखी- /दुक्खि/ (तत्स) [दुःख+ई]वि. १. दुःखले सताएको; दुःख पाएको; कष्टयुक्त । विप. सुखी । दुःखी दरिद्रको सेवा गर । जीवनमा उनी सुखी थिए ।

दुःसाध्य- /दुसाध्य/ (तत्स.) [दुस्+साध्य]वि. १. मुस्किलसित मात्र सिद्ध गरिने; कठोर परिश्रमले मात्र सिद्ध गर्न सकिने; दुष्कर । २. सिद्ध गर्नै नसकिने; असाध्य । सगरमाथा चढ्न सहज छैन, दुःसाध्य काम हो ।

दुर्गा- /दुर्गा/ (तत्स.) [दुर्ग+आ]ना. १. आदिशक्तिका रूपमा मानिने, दुर्गनामक राक्षसलाई वध गरेकोले यो नाम रहेकी, एक प्रसिद्ध देवी । २. अनेक असुरहरूको विनाश गर्ने आठ हात भएकी तथा सिंहवाहिनी भनी मानिएकी हिन्दू धर्मकी प्रख्यात एक देवी । दसैँमा नवदुर्गाको पूजा आराधना गरिन्छ ।

दूत- /दुत्/ (तत्स.) ना. १. खबर वा सन्देश ओहोरदोहोर गर्ने व्यक्ति; सन्देशवाहक; चर । २. राजनीतिक कार्यका निम्ति एक देशबाट अर्का देशमा गएर बसी कुटनैतिक काम गर्ने प्रतिनिधि; राजनीतिक प्रतिनिधि; राजदूत । ३. प्रेमीप्रेमिकाको सन्देश ल्याउने वा लाने पात्र । ४. यताको कुरा उता र उताको कुरा यता लगाई झगडा पार्ने व्यक्ति; छुल्याहा । ५. कनसुत्लो लागेर गोप्य कुरा फेला पार्ने व्यक्ति; गुप्तचर । ६.नाटकका नायकको सन्देशवाहक; नाटकका नायकको एक किसिमको सहायक । विप. दानव । विश्वका धेरै देशमा नेपालले राजदूत पठाएको छ । देवताका विरोधी दानव मानिन्थे ।

दृश्य- /द्रिस्य/ (तत्स.) [दृश्+य]वि. १. हेर्न वा देख्न सकिने; देखिने; चाक्षुस (दृश्य जगत् वा दृश्य वस्तु) । २. ठीकसँग जान्न वा बुझ्न सकिने; ज्ञेय र स्पष्ट । ३. हेर्न लायक; दर्शनीय; मनोहर; सुन्दर । विप. अदृश्य । यहाको दृश्य कति सुन्दर छ । मान्छेहरू भूतप्रेत जस्ता अदृश्य कुरामा विश्वास गर्छन् ।

देवता- /देबता/ (तत्स.) [देव+ता]ना. १. पूज्य तथा जरा र मृत्युरहित मानिने, स्वर्गमा रहेका प्राणी; देव; देउता; द्यौता । २. दिव्य प्रतिष्ठा वा शक्ति; देवत्व । ३. देवताको मूर्ति; देवप्रतिमा । ४. प्रभुत्वशक्ति वा ज्ञानगुण तथा सज्जनताका दृष्टिले देवगुण भएका मानिने व्यक्ति (क्रमशः राजा, ब्राह्मण र साधु) । विप. राक्षस । उनी गाउँका देवता सरह मानिन्छन् । राक्षसले कसैको भलो गर्दैन ।

देवी- /देबि/ (तत्स.) [देव+ई]ना. १. स्त्री देवता; देवताकी स्त्री । २. दुर्गा, लक्ष्मी, सरस्वती आदि स्त्री देवताका नाम । शक्तिस्वरूपा देवीको पूजा गरिन्छ ।

देश- /देस्/ (तत्स.) [<दिश]ना. १. चारैतिर फैलिई अनेकौं गाउँ, सहर, जिल्ला, अञ्चल वा प्रान्त मिलेर बनेको एक विशिष्ट भूभाग; मुलुक । २. एकै प्रणालीका शासनअन्तर्गतको निश्चित भूभाग; राष्ट्र । ३. कुनै ठाउँ वा स्थान । हाम्रो देश प्राकृतिक सौन्दर्यले भरिएको छ ।

देहावसान- /देहाबसान्/ (तत्स.) [देह+अवसान]ना. १. देह वा शरीरको अवसान वा अन्त; मरण; मृत्यु । मान्छेको देहावसान कति उमेरमा हुन्छ, पत्तो हुँदैन ।

दोषी- /दोसि/ (तत्स.) [दोष्+ई]वि. १. दोष गर्ने वा दोष भएको; खराब गुण भएको । २. दाग लागेको; दागी; खोटो । ३. दुष्ट स्वभाव भएको (व्यक्ति) । ४. अदालतबाट दोष प्रमाणित भएको (व्यक्ति) । विप. निर्दोषी । अनावश्यक काममा ऊ दोषी देखियो । उसको अनुहार निर्दोषी जस्तो देखिन्छ ।

द्वापर- /द्वापर्/ (तत्स.) ना. १. सत्य, त्रेता, द्वापरर कलिमध्ये तेस्रो युग; त्रेता र कलियुगका बीचको युग । महाभारत ग्रन्थ द्वापर युगको मानिन्छ ।

## ध

धनी- /धनि/ (तत्स.) [धन+ई]वि. १. धनसम्पत्ति प्रशस्त हुने; धनवान्; धनिक । २. अरूलाई रिन दिन सक्ने; साहू । ३. मालिक; स्वामी । ना. ४. धनवान् व्यक्ति । ५. कुनै प्रकारको सीप, गुण आदिमा सर्वश्रेष्ठ । विप. गरिब । समाजमा थोरै मात्र धनी व्यक्ति हुन्छन् । धेरै मानिसहरू गरिब छन् ।

धरती- /धरति/धर्ति/ [तत्स. धरित्री]ना. पृथ्वी; जमिन । जहाँ जन्म्यो त्यहाँको धरती माता समान हुन्छ ।

धर्म- /धर्‌म/ (तत्स.) ना. १. व्यक्ति वा वस्तुमा सधैँ रहिरहने गुण वा मूल वृत्ति; प्रकृति; स्वभाव । २. स्वाभाविक गुण; सहज वृत्ति । ३.स्वर्ग प्राप्त गर्न सकिने लोकविश्वास भएको पुण्य कार्य; पुण्य कर्म । ४. कुनै जाति, वर्ग, पद आदिका निम्ति निर्धारित कार्य वा व्यवहार; लोकको हित वा व्यवस्थाका लागि अँगालिने कर्म वा कर्तव्य। ५. असल आचरण; सदाचार; नियम । ६. पुण्य; सत्कर्म । ७.ईश्वर अथवा सद्‌गतिको

प्राप्तिका लागि गरिने शास्त्रविहित कर्म । ८.कुनै महापुरुषले चलाएको मत; सम्प्रदाय । विप. पाप । हिन्दू धर्म पुरानो धर्म मानिन्छ । मान्छेले पापकर्मबाट टाढा हुनुपर्छ ।

धातु- /धातु/ (तत्स.) ना. १. अपारदर्शक, विशेष प्रकारको चमक र गुरुत्व रहने, ताप र विद्युत्को सञ्चार हुन सक्ने कुटेर लम्याउँदा वा बढाउँदा नटुक्रिने सुन, चाँदी, पित्तल, तामा, फलाम आदि खनिज पदार्थ । २. शरीरमा रहने रस, रगत, हाड, मासु, बोसो, मासी र वीर्य गरी जम्मा सात तत्त्व । ३. भूतत्त्व । ४.क्रियाको मूल तत्त्व । ५. वास्तु वा मूर्तिकलामा एक अङ्गुल वा एक मात्राको सात गुनाबराबरको नाप; दृष्टि, मुनि, पाताल अब्धिबराबरको नाप; सात अङ्गुल ।

धीर- /धिर/ (तत्स.) वि. १. जस्तोसुकै आपत्‌विपत् वा सुखदुःख भए तापनि एकै रूपमा रहने; धैर्यशाली । २. गम्भीर; सहनशील । ३. विनयशील; नम्र स्वभावको । ४. सुन्दर; मनोहर ।

धूर्त- /धुर्‌त/ (तत्स.) वि. १. कपटपूर्ण चलाकी जान्ने; छटेल; छट्टू । २. छलछाम गर्ने स्वभाव भएको; छली । ३. अर्कालाई ठगेर स्वार्थ पूरा गर्ने; ठग; वञ्चक । ४. धोकेबाज ।

## न

नर- /नर्/ (तत्स.) ना. १. मानवजाति; मानव; मनुष्य; मानिस । २. पुरुष जातिको प्राणी; भाले जाति; मर्द जीव; पुरुष । विप. नारी । संसारमा नर र नारीको संयुक्त प्रयासले व्यवहार चलेको हुन्छ ।

नामक- /नामक्/ (तत्स.) [नाम+क]वि. नामधारी; नाउँ भएको । नेपालीमा मुनामदन नामक खण्डकाव्य अत्यन्त लोकप्रिय छ ।

नारी- /नारि/ (तत्स.) [नर+ई]ना. स्त्री; महिला; आइमाई । विप. नर । नेपालमा नारीहरू अझै पछाडि परेका छन् ।

निकट- /निकट्/ (तत्स.) [नि+कट]ना.यो./वि. १. नाम, सर्वनाम, विशेषण आदिसँग विभक्ति जोडिएझैँ मिल्ने छेउ वा समीपको अर्थ बुझाउने एक प्रकारको अव्यय । २. पास; नजिक; समीप । ३. नजिकको; वरको; आत्मीय; घनिष्ठ । ४. समीपमा; नजिकै । तिमी मेरै निकट छौ। रामका लागि लक्ष्मणभन्दा निकट सीता नै ठहरिन्छिन् ।

निक्षेप- /निक्छेप्/ (तत्स.) [नि+क्षेप]ना. १. कुनै वस्तुलाई फ्याँक्ने काम; मिल्काउने काम । २. कुनै वस्तुलाई कतै राख्ने काम; थन्क्याइ । ३. चाहिएको बेलामा फिर्ता लिने गरी विश्वासपूर्वक कसैलाई कुनै वस्तु राख्न दिने काम; धरोट; नासो । ४. आर्थिक कारोबार गर्ने कुनै संस्थाको सेयर वा हिस्सा किनेर पैसा हाल्ने काम; लगानी । ५. ब्याङ्कको खातामा जम्मा गरिने रकम वा धन । हिजोआज बैङ्कमा निक्षेपको कमी भएको खबर आएको छ ।

निजात्मक- /निजात्मक्/ (तत्स.) [निज+आत्मक]वि. आफ्ना भावना र विचारको स्वतन्त्र अभिव्यक्ति भएको र स्वयम्‌को व्यक्तित्वसँग नै बढी सम्बन्धित भएको; आत्मपरक; व्यक्तिनिष्ठ । विप. वस्तुपरक । मेरो निजात्मक अनुभूतिहरूको संग्रह प्रकाशित हुँदै छ । निबन्धलाई निजात्मक र वस्तुपरक रूपमा पनि वर्गीकरण गर्न सकिन्छ ।

निडर- /निडर्/ (तत्स.) [नि+डर]वि. मनमा डर नभएको; कसैको भय नमान्ने; कोहीदेखि नडराउने; सूरो; शूर; निर्भय । बाघसँग पनि लडाइँ गर्नसक्ने निडर व्यक्ति को होला र यो संसारमा !

निद्रा- /निद्रा/ (तत्स.) ना. १. सुतेको वा काम नभएको बेलामा शरीर शिथिल भई केही काल चेत हराउने प्रक्रिया वा गुण । २. त्यसरी चेत हराएको अवस्था; निद्रावस्था; नीद; स्वप्न; सपना । ओछ्यानमा ढल्केपछि मलाई छिट्टै निद्रा लाग्यो ।

नियमन- /नियमन्/ (तत्स.) ना. १. नियममा राख्ने वा रहने काम; नियमको बन्धन । २. वश गर्ने कार्य; अनुशासन; नियन्त्रण । ३. दबाउने काम; दमन; निग्रह । मातहतका कार्यालयहरूले तलका कार्यालयको निरन्तर नियमन गर्नुपर्छ ।

निरस्त्र- /निरस्त्र/ (तत्स.) [निर+अस्त्र]वि. १. अस्त्रहीन; हतियार नभएको । २. युद्धमा हतियार खोसिएको वा हतियारविहीन गराइएको । विप. सशस्त्र । युद्धमा निरस्त्र हुनु भनेको आत्मसमर्पण गर्नु हो । सशस्त्र युद्धले कसैको भलाइ गर्दैन ।

निराकार- /निराकार्/ (तत्स.) [निर्+आकार]वि. १. आकार नभएको; रूप नभएको । संसारमा निराकार ईश्वरको पनि आराधना गरिन्छ ।

निराधार- /निराधार्/ (तत्स.) [निर्+आधार]वि. १. आधार नभएको; आश्रयहीन । २. सहारा नभएको; असहाय । ३. विनाप्रमाणको; प्रमाणबाट सिद्ध नहुने । ४. जीविकाको लागि कुनै उपाय नभएको । कसैलाई पनि निराधार आरोप लगाउनु हुँदैन ।

निर्जन- /निर्जन्/ (तत्स.) [निर्+जन]वि. १. कुनै प्राणीसम्म पनि नभएको; एउटा मान्छे पनि नभएको; एकान्त; सुनसान; एकलासे । यो जङ्गल निर्जन र डरलाग्दो रहेछ ।

निर्जीव- /निर्जिब्/ (तत्स.) [निर्+जीव]वि. १. जीव वा प्राण नभएको; मरेको; मृत । २. गतिहीन; जड । ३. स्थावर । विप. सजीव । ढुङ्गा, माटो निर्जीव वस्तु हुन् । जीवजन्त सजीव वस्तु हुन् ।

निर्णय- /निर्णय/ (तत्स.) [निर्+नय]ना. १. पक्षविपक्षका जिकिरलाई प्रमाणका आधारमा छानबिन गरी सत्यपक्षको विजयबारे गरिएको टुङ्गो; फैसला । २. कुनै विवादास्पद विषयमा एक्लै वा सामूहिक रूपमा गरिने निधो । ३. दुई विरोधीहरूको विवादबारे मध्यस्थले दिएको मत । ४. निधो । प्रशासकमा निर्णय क्षमता हुनुपर्छ ।

निर्भय- /निर्भय/ (तत्स.) [निर्+भय]वि./क्रि.यो. १. डर नभएको; निडर; त्रासहीन । २. सुरक्षित । ऊ निर्भय भएर घर गयो । ऊ रातमा निर्भय डुल्छ ।

निवृत्त- /निब्रित्त/ (तत्स.) [नि+वृत्+त]वि. १. कुनै कामकुरा, विषयवासना, नोकरी आदिबाट हटेको; छाडेको । २. फिर्ता भएको; फर्केको; फिरेको । ३. गर्नुपर्ने काम सकिएको; समाप्त । ४. अवकाश पाएको; नोकरीको अवधि पूरा भएको । ऊ सेवा निवृत्त कर्मचारी हो ।

नीति- /निति/ (तत्स.) [नी+ति]ना. १. विभिन्न जाति, वर्ण, आश्रम, धर्म, सम्प्रदायहरूका प्रवर्तकबाट लोकव्यवहारको सञ्चालनका लागि निर्धारित आचरण; आचारपद्धति; आचारसंहिता । २. त्यस पद्धतिबाट हिँड्दा अँगाल्नुपर्ने नियम । ३. कुनै सरकार वा संस्था आदिले आफ्नो कार्यसञ्चालनका लागि अँगाल्ने आधारभूत सिद्धान्त । ४. उपाय; युक्ति । ५. राज्यसञ्चालनका चार प्रमुख उपाय- साम, दाम, दण्ड र भेदमध्ये कुनै एक । हरेक कुरा नीतिअनुसार चल्यो भने व्यवस्थित हुन्छ ।

नील- /निल्/ (तत्स.) ना./वि. १. नीलो रङ; गाढा आसमानी रङ; आकासे रङ । २. नीलो रङ बनाइने बोटविशेष; नीर । ३. शरीरको कुनै भागमा चोट लागी भित्रभित्रै रगत जम्नाले देखिने नीलो दाग; चोट लागेको ठाउँ । वि. ४. नीलो; गाढा आकासे रङको । नील गगन कति सुन्दर छ ।

नूतन- /नुतन्/ (तत्स.) वि. १. नयाँ; नौलो; नवीन । २. भर्खरैको; हालैको ताजा । ३. अनौठो; अपूर्व । हाम्रो ध्यान नूतन वस्त्रले खिच्यो ।

नृत्य- /न्रित्त्य/ (तत्स.) ना. १. अङ्गसञ्चालनको प्राधान्य भएको र ताल, लय तथा भावमा आश्रित भएको नाच; नृत्तभन्दा विकसित तर पूरै विकसित भइनसकेको नाटच । आज खुला नृत्य प्रतियोगिता छ ।

नेपथ्य- /नेपत्थ्य/ (तत्स.) [ने+पथ्य]ना. १. नाटचशालामा अभिनय गर्ने पात्रहरूले पोसाक बदल्ने र सिँगारपटार गर्ने, पर्दापछाडिको छुट्टै ठाउँ; रङ्गमञ्चभित्रको कोठा; नाचघरको पर्दाभित्रको भाग । सूत्रधारले नेपथ्यबाट नाटक सुरु हुने उद्घोष गरे ।

## प

पक्ष- /पक्छ्य/ (तत्स.) ना. १. झगडा वा विवाद गर्नेहरूमध्ये कुनै एक व्यक्ति वा दल । २. सहायक वा समान वर्गको जमात । विप. विपक्ष ।उनीहरू तिम्रा पक्षमा छन् । मैले उसका विपक्षमा मतदान गरेँ ।

पक्षी- /पक्छि/ (तत्स.) [पक्ष+ई] ना. १. आकाशमा उड्ने, पखेटा भएको प्राणी; चरो; पङ्खी । २. पक्ष लिने व्यक्ति; तरफदार । पक्षीहरू आकाशमा स्वतन्त्र भएर उड्छन् ।

पखेटा- /पखेटा/ (तत्स.) ना.१. चराचुरुङ्गीका शरीरको दायाँ र बायाँ रहने, उड्दा फिँजिने र साधारण अवस्थामा जीउमै लेप्सिने, विशेष प्रकारको अङ्ग; पक्षीको उड्ने काममा सहायक अङ्ग । पखेटा भएकैले पक्षीहरू उड्न सकेका हुन् ।

पङ्क्ति- /पङ्क्ति/ (तत्स.) [<पञ्च+ति]१. कुनै जन्तु वा वस्तुको लाम; हार; लहर; ताँती; पाँती । २. अक्षरको लहर; हरफ । माथिको पङ्क्ति मुनामदनबाट झिकिएको हो ।

पताका- /पतका/ (तत्स.) ना. १. झन्डा वा ध्वजा । २. चिह्न वा निसान । विजयको पताका फहराउँदै फौज अघि बढ्यो ।

पति- /पति/ (तत्स.) ना. १. कुनै वस्तु वा व्यक्तिको धनी वा स्वामी । २. कुनै विवाहिता स्त्रीको लोग्ने; पोइ; कान्त । विप. पत्नी । राधिका पतिका घर गइन् । उनी नै राष्ट्रका अधिपति हुन् ।

पत्नी- /पत्नि/ (तत्स.) [<पति+नी]ना. १. विधिपूर्वक विवाह गरेर ल्याइएकी स्त्री; विवाहिता स्त्री; स्वास्नी; भार्या । विप. पति । रश्मि दिनेशकी पत्नी हुन् । विवाहपछि महिलाहरू पतिका घर जान्छन् ।

पत्र- /पत्र/ (तत्स.) ना. १. बोटबिरुवाका पात; पत्ती; दल । २. चिठी । ३. कागत । ४. कुनै विषयको प्रामाणिक लेख लेखिएको कागत, धातु, शिला आदिको पातो । ५.

समाचार आदि छापिएको कागज; अखबार । ६. पुस्तक, कापी आदिको पातो; पाना । ७. एकमाथि अर्को हुँदै रहेको वा राखिएको तह; खात । ८. फूलका पत्ती वा दल । सयपत्री फूलमा पत्रैपत्र हुन्छन् । उसले पत्र लेखेर बोलायो । आज निमन्त्रणापत्र पाएँ ।

परमधाम- /परम्धाम्/ (तत्स.) [परम्+धाम]ना. १. सर्वश्रेष्ठ स्थान; स्वर्ग; वैकुण्ठ । २. परलोक । ३. मृत्यु; मरण । उनी कलिलो उमेरमै परमधाम भए ।

परिष्कार- /परिस्कार्/ (तत्स.) [<परि+कार]ना. १. कुनै वस्तुलाई राम्ररी खार्ने वा शुद्ध पार्ने काम; संस्कार; शुद्धि । २. कुनै कुरामा रहेका दोष, त्रुटिलाई हटाएर सुन्दर, स्वच्छ र रुचिपूर्ण बनाउने काम । ३. स्वच्छता; निर्मलता । ४. शृङ्गार; सजावट । यो पहिलो परिष्कार हो ।

पूजा- /पुजा/ (तत्स.) [पूज्+आ]ना. १. देवीदेवता वा पूजनीय व्यक्तिलाई प्रसन्न पार्न, अनुकूल पार्न वा पुण्यार्जन गर्न श्रद्धाभक्तिपूर्वक गरिने कार्य । २. देवदेवी आदिलाई जल, फूल, अक्षता, नैवेद्य आदि चढाएर गरिने धार्मिक कार्य; अर्चा; अर्चना । ३. आदरसत्कार; मानसम्मान । ४. कसैलाई प्रसन्न वा अनुकूल पार्नका निम्ति केही वस्तु दिने काम । ५. पिट्ने काम; पिटाइ । देवी देवतालाई अक्षता र फूलले पूजा गर्नुपर्छ । धेरै बढ्ता न हो है, अहिले पूजा गर्छु नि !

पूर्वाङ्ग- /पुर्वाङ्ग/ (तत्स.) [पूर्व+अङ्ग]ना. १. यज्ञ-पुराणादि धार्मिक कार्य वा विवाह-व्रतबन्धादि शुभकार्य गर्दा प्रारम्भमा गरिने कृत्य; शुभकार्यमा गरिने प्रारम्भिक विधिविधान; पूर्वकर्म । सत्यनारायण पूजाको बिहानै पूर्वाङ्ग गरियो ।

पृथ्वी- /प्रिथ्वि/ (तत्स.) ना. १. ढुङ्गा, माटो आदिले बनेको, मनुष्यादि जीवजन्तुको बस्ती भएको, सौरमण्डलको एक ग्रह; भूमि; धर्ती; पृथिवी । २. पृथ्वी, जल, तेज, वायु र आकाश- यी पञ्च महाभूतमध्ये एक । ३. मृत्तिका; माटो । हामी यही पृथ्वीमा जन्मन्छौँ र यहीँ विलीन हुन्छौँ ।

प्रकाण्ड- /प्रकान्ड/ (तत्स.) [प्र+काण्ड]वि. १. कुनै विषयमा पूरा ज्ञान भएको; खूब जान्ने । २. सर्वश्रेष्ठ; सर्वोत्कृष्ट; महान् । डोरबहादुर विष्ट प्रकाण्ड मानवशास्त्री हुन् ।

प्रकार- /प्रकार्/ (तत्स.) [प्र+कार]ना. १. थरी । २. ढङ्ग; काइदा; किसिम । फूल अनेक प्रकारका हुन्छन् । ऊ त्यहाँबाट कुनै प्रकारले उम्कियो ।

प्रजातन्त्र- /प्रजातन्त्र/ (तत्स.) [प्रजा+तन्त्र]ना. १. प्रजा वा जनताद्वारा निर्वाचित, जनप्रतिनिधिद्वारा चलाइने शासनव्यवस्था; जनप्रतिनिधिका हातमा शासनसत्ता भएको

राज्यव्यवस्था । २. जनताद्वारा जनताका लागि जनताकै रायसल्लाहबाट चलाइने शासन । प्रजातन्त्रमा सबैको हक अधिकार समान मानिन्छ ।

प्रतिकार- /प्रतिकार्/ (तत्स.) [प्रति+कार]ना. १. अरूले गरेको अपकारका बदलामा गरिने अपकार; कसैले गरेको हानि, नोक्सानी वा अहितका बदलामा गरिने कार्य; साटो फेर्ने काम; बदला लिने काम । २. कसैको जग्गाजमिन, सम्पत्ति आदिमा कब्जा गरेपछि बदलामा क्षतिपूर्तिका निम्ति दिइने रकम । उसले सबै आरोपको प्रतिकार गरिरह्यो ।

प्रतिकूल- /प्रतिकुल्/ (तत्स.) [प्रति+कूल]वि. १. आफूले सोचेको वा चाहेको भन्दा उल्टो; अनुकूल नभएको; नमिल्दो; अहित गर्ने; विपरीत; विरुद्ध । २. आफ्नो पक्षमा नभएको; प्रतिपक्षी; विरोधी । ३. कुनै कुराको पनि उल्टो; बिब्ल्याँटो; बिपिउँ । विप. अनुकूल । मौसम प्रतिकूल भएकाले हवाईजहाज उडेन । विषयअनुकूल आफ्नो दृष्टिकोण राख ।

प्रतिज्ञा- /प्रतिग्याँ/ (तत्स.) [प्रति+ज्ञा]ना. कुनै काम पूरा गर्न वा नगर्न गरिएको अठोट; कुनै काम-कुरा गर्न वा नगर्न गरिएको सङ्कल्प; कुनै काम-कुरा गर्न वा नगर्न दिइएको वचन; दृढ निश्चय; बोलकबुल; कबुल; कसम; किरिया; शपथ; प्रण । उसले आजदेखि धूमपान नगर्ने प्रतिज्ञा गऱ्यो ।

प्रतिपदा- /प्रतिपदा/ (तत्स.) [प्रतिपद+आ]ना. शुक्ल वा कृष्णपक्षको पहिलो तिथि; अमावास्या वा पूर्णिमापछि लगत्तै आउने तिथि; परेवा । हिजो प्रतिपदा तिथि थियो ।

प्रतिष्ठा- /प्रतिस्ठा/ (तत्स.) [<प्रति+स्था]ना. १. मानमर्यादा राख्ने काम; आदरसत्कार गर्ने काम; मान; सम्मान; इज्जत । २. कसैको राम्रो नाम चल्ने क्रिया; राम्रो नाम; यश; कीर्ति । ३. कुनै देवादि वा व्यक्तिविशेषका मूर्ति, सालिक आदिको ससम्मान गरिने स्थापना । उनको प्रतिष्ठा उच्च छ । मन्दिरमा शिवको प्राण प्रतिष्ठा गरियो ।

प्रथा- /प्रथा/ (तत्स.) [प्रथ+आ]ना. १. पितापुर्खाका पालादेखि वर्तमानसम्म चल्दै आएको र जीवनलाई प्रभावित पार्दै आएको रीतिरिवाज; पहिलेदेखि चलिआएको चालचलन; परम्परागत परिपाटी; बूढीरूढि । दासप्रथा मानव जातिको कलङ्क हो ।

प्रदर्शक- /प्रदर्सक्/ (तत्स.) [प्र+दर्शक]वि. १. बाटो आदि देखाउने; प्रदर्शन गराउने; चिनाउने । २. कुनै कुरा सम्झाउने, बुझाउने वा बताउने । गौतम बुद्ध शान्तिका पथप्रदर्शक हुन् ।

प्रमाण- /प्रमाण्/ (तत्स.) [<प्र+मा+न]ना. १. कुनै विषय वा कुरालाई सिद्ध वा साबित गर्नका निम्ति प्रस्तुत गरिने वस्तु वा कथन । २. कुनै वस्तुको यथार्थ ज्ञान गराउने

साधन । ३. परिमाण; मात्रा । ४. सत्यता; सच्चाइ । ५. निश्चय; प्रतीति । ६. मर्यादा; मान; आदर । ७. प्रमाणद्वारा कुनै कुरो प्रत्यक्ष सिद्ध गर्दा हुने एक अर्थालङ्कार । ८. प्रमाणपत्र । तिमीले सत्य भनेको हो भने प्रमाण देऊ ।

प्रविधि- /प्रविधि/ (तत्स.) [प्र+विधि]ना. १. कुनै काम गर्दा अनुभव तथा प्रयोगका आधारमा अँगालिने खास विधि वा प्रक्रिया; कुनै कुराको निर्माण गर्न वैज्ञानिक ढङ्गले काम गर्ने पद्धति, सीप, ढङ्ग वा कौशल; तकनिकी । वर्तमान युग आधुनिक प्रविधिको युग हो ।

प्रशंसा- /प्रसम्सा/ (तत्स.) [प्र+शंस+आ]ना. १. केही राम्रा गुणहरूको आधारमा बढाईचढाई अथवा यथार्थ रूपमा गरिएको कसैको राम्रो बखान; सह्रनी; तारिफ । २. स्तुति; स्तुतिगान । ३. झूटो तारिफ; चाप्लुसी; बेसारघसाइ । विप. निन्दा । उनले विपक्षीको पनि खुलेर प्रशंसा गरे । व्यक्ति निन्दा घातक हुन्छ ।

## फ

फल- /फल्/ (तत्स.) ना. १. रूख, बोट, लहरा आदिमा लाग्ने दाना वा गेडा, वनस्पतिबाट प्राप्त हुने गुदी वा बीजसहितको वस्तु । २. कुनै कार्यविशेषको परिणाम; नतिजा; उपलब्धि । ३. प्रयोजन, उद्देश्य । ४. गणितमा जोड, घटाउ, गुणन र भाग गर्दा आउने फल, उत्तर । पहाडी भूभागमा सुन्तला फलको राम्रो उत्पादन हुन्छ । मैले उचित फल प्राप्त गर्नु छ । गुणनफल निकाल ।

## ब

बुद्धिमान्- /बुद्दिमान्/ (तत्स.) [बुद्धि+मान]वि. असल बुद्धि भएको; समझदार । विप. बुद्धिहीन । ऊ बुद्धिमान् केटा हो । बुद्धिहीन मान्छे मूर्खता मात्र गर्छ ।

ब्रह्माण्ड- /ब्रम्हान्ड/ (तत्स.) [ब्रह्म+आड]ना. १. पृथ्वी, अन्तरिक्ष, ग्रहनक्षत्र आदिले युक्त वा अनन्त लोक र भुवनहरू भएको विश्व; संसार । २. खप्पर; खोपडी । ब्रह्माण्डमा थुप्रै सौर्यमण्डलहरू छन् । तिम्रो कुराले मेरो ब्रह्माण्ड तात्यो ।

ब्राह्मण- /ब्राहम्मन्/ (तत्स.) [ब्रह्म+अन]ना. १. आर्यजातिको सामाजिक विभाजनअनुसार चार वर्ण वा जातिमध्ये प्रथम श्रेणीको मानिने समाज । २. त्यस समाज वा वर्णको मानिस; विप्र; बाहुन । ३. वेदको मन्त्र र संहितादेखि भिन्न भाग । ४. ब्रह्मज्ञान

भएको वा वेद जान्ने व्यक्ति । वर्ण व्यवस्थामा ब्राह्मण उच्च जातिका मानिन्छन् । वेदको कर्मकाण्डको व्यवस्था ब्राह्मणमा पाइन्छ ।

## भ

भविष्य- /भबिस्य/ (तत्स.) [भू+इ+स्य]ना. १. वर्तमान समयभन्दा पछिको सम्पूर्ण अथाह समय । २. पछि आउने समय; अहिलेभन्दा पछि । हाम्रो भविष्य सुन्दर बनाउन आजैदेखि कर्म गर्नुपर्छ ।

भागवत- /भागवत्/ (तत्स.) [<भगवत्]ना. १. अठार महापुराणमध्ये विशेषतः कृष्णका कथाहरूको वर्णन गरिएको एक प्रसिद्ध महापुराण । सप्ताहव्यापी भागवत पुराण आजदेखि प्रारम्भ भयो ।

भूत- /भुत्/ (तत्स.) [भू+त]वि. १. भइसकेको; भएको । २. बितेको; विगत । ३. बितेको समय; विगत काल । ४. व्याकरणका अनुसार कार्यव्यापार समाप्त भएको अर्थ बुझाउने क्रिया । ५. मृत शरीर वा त्यसको आत्मा; मृतात्मा । ६. पिशाच; प्रेत । इतिहास भूतकालको दस्तावेज हो । मृत्युपछि भूतप्रेत हुन जनविश्वास छ ।

भूमिका- /भुमिका/ (तत्स.) [भूमि+क+आ]ना. १. कुनै ग्रन्थका सम्बन्धमा ज्ञातव्य कुरा लेखिएको, त्यसै ग्रन्थका आरम्भको वक्तव्य; प्रस्तावना; प्राक्कथन, आमुख; उपोद्घात; मुखबन्ध । २. कुनै कुरा प्रस्तुत गर्नुभन्दा पहिले उठाइने प्रसङ्ग; आधारभूमि; पूर्वप्रसङ्ग । ३. कुनै व्यक्ति वा वस्तुको योगदान । ४. नाटक आदिमा पात्रको अभिनय वा कार्य । उसले लामो कुरा गरेर भूमिका बाँध्यो ।

भृकुटी- /भ्रिकुटि/ (तत्स.) ना. १. लिच्छविकालीन प्रसिद्ध राजा अंशुवर्माकी छोरी तथा तिब्बतका राजा स्रङ्चनगम्पोसँग बिहा भएकी, त्यहाँ बौद्धधर्मको प्रचार गराउने नेपालकी राजकुमारी; हरिततारा ।२. आँखीभौँ; भ्रू । भृकुटीले चीनमा लोकप्रियता कमाएकी थिइन् । आँखाका भृकुटी खुम्चिन थाले ।

भ्रम- /भ्रम्/ (तत्स.) ना. १. कुनै विषयवस्तुलाई अर्कै सम्झने स्थिति वा प्रक्रिया; मिथ्या ज्ञान; गलत आभास । २. शङ्का; सन्देह । ३. भूल; बिराम । तिमी भ्रममा नपर है ।

भ्रामक- /भ्रामक्/ (तत्स.) [<भ्रम+अक]वि. १. भ्रम उत्पन्न गराउने; भ्रममा पार्ने । २. शङ्का उत्पन्न गर्ने; सन्देहकारक । ३. घुमाउने; चक्कर लगाउने; रिँगाउने । मान्छे भ्रामक कुरामा परेर यथार्थ बिर्सिए ।

# म

मधुर- /मधुर्/ (तत्स.) वि. १. मीठो महक भएको; स्वादिलो । २. सुन्दा कानलाई आनन्द दिने; कर्णप्रिय । ३. कोमल; मृदु । ४. मधुरो; मन्द; हल्का । कहाँबाट मधुर ध्वनि आइरहेको छ, पत्तै भएन ।

मन- /मन्/ (तत्स.) [>मनस्]ना. १. प्रणीहरूको अनुभव, इच्छा, बोध, विचार, सङ्कल्प-विकल्प आदिलाई नियन्त्रित तथा परिचालित गर्ने अन्तकरणको अंश वा वृत्ति; नाक, कान, आँखा आदिबाट थाहा पाइने कुराबाट आफूलाई प्रभावित पार्ने आन्तरिक इन्द्रिय; अन्तःकरण; चित्त; दिल; हृदय । २. इच्छा; कामना; अभिलाषा; रुचि । ३. स्वभाव; प्रकृति । ४. आशय; इरादा; विचार । मनभित्रका कुरा बुझ्न गाह्रो छ ।

मन्द- /मन्द/ (तत्स.) वि. १. अर्कोभन्दा गति, चाल, प्रवाह, वेग आदि कम भएको; ढिलो सुस्त । २. अधिक उग्रता वा तीव्रता नभएको; मत्थर । ३. दुष्ट; दुश्चरित्र । ४. मूर्ख; अज्ञानी; जड । ५. दुर्बल; कमजोर । मन्द मन्द हावा चलेको छ । ऊ मन्द बुद्धिको छ ।

मलय- /मलय/ (तत्स.) ना. १. भारतको दक्षिण भागमा अवस्थित एक पर्वतशृङ्खला; मलयाचल । २. चन्दन; श्रीखण्ड । भारतको दक्षिणी प्रदेशमा मलय पर्वत शृङ्खला रहेको छ । निधारमा मलयको लेपन गरिन्छ ।

महर्षि- /महर्सि/ (तत्स.) [<महा+ऋषि]ना. १. धेरै ठूला ऋषि । २. ब्रह्माका दस मानस पुत्र । महर्षि वेदव्यासले वेदको रचना गरेका थिए ।

महात्मा- /महात्मा/ (तत्स.) [महा+आत्मा]ना. १. महान् आत्मा भएको व्यक्ति; अति उत्तम स्वभाव वा विचार भएको व्यक्ति । २. साधुसन्त । ३. महापुरुष । ४. समदर्शी व्यक्ति । ५. परमात्मा; ईश्वर । उनीहरू महात्माको उपदेश सुन्न गए ।

महाराजा- /महाराजा/ (तत्स.) [महा+राजा]ना. १. ससाना सामन्त ररजौटाहरूमाथिका शासन गर्ने महान् राजा; सम्राट्; श्रेष्ठ राजा । २. साधुसन्न्यासी वा राजाहरूलाई आदरपूर्वक सम्मान गर्ने शब्द । ठूला राजालाई महाराजा भनिन्छ ।

मातृत्व- /मात्रित्व/ (तत्स.) [मातृ+त्व]ना. माता वा आमा हुनाको गुण, अवस्था वा भाव । शिशु हेरेर उनमा मातृत्व जागृत भयो ।

मात्रा- /मात्रा/ (तत्स.) ना. १. कुनै वस्तुको एक पटकमा उपयोग गरिने मान; परिमाण । २. एक खेपमा खाइने ओखतीको परिमाण वा अंश । ३. व्यञ्जनका साथ जोडिने

आकार, इकार, उकार आदि चिह्न आदि । ४. स्वरचिह्न । ५. अक्षरको उच्चारण गर्दा लाग्ने समय । ६. धनसम्पत्ति । यसको मात्रा कति हो ? मात्रामा ध्यान दिएर लेख ।

मानव- /मानब्/ (तत्स.) [<मनु]ना. १. मनुका सन्तति; मनुष्य । संसारका सर्वश्रेष्ठ प्राणी मानव हुन् ।

मिथिला- /मिथिला/ (तत्स.) ना. विदेह देशको राजधानीको नाम; जनकपुर । जनकपुर प्राचीन मिथिला राज्यको राजधानी थियो ।

मुख्य- /मुक्ख्य/ (तत्स.) [मुख्+य]वि. १. अरूभन्दा ठूलो वा महत्त्वपूर्ण; प्रधान; मूल । २. विशेष; खास । ३. वर्ग वा समाजको जेठो; प्रमुख । ४. अगुवा; नेता । उसले मुख्य काम छोएकै छैन । उनी मुख्य नेता हुन् ।

मूक- /मुक्/ (तत्स.) वि. १. उमेर पुगेपछि पनि बोली नफुटेको; लाटो; ग्वाँगे; ग्वाँजे; लठेप्रो । २. मौकामा बोल्न नसक्ने; निमुखा । अन्याय हुँदा पनि मूकदर्शक हुनु ठीक होइन ।

मूर्ख- /मुर्ख/ (तत्स.) ना. १. साह्रै कम बुद्धि भएको वा बुद्धि नै नभएको; निर्बुद्धि; नासमझ; बेवकुफ; मूढ । २. लेखपढ गर्न नजान्ने; अशिक्षित; अपढ । विप. विद्वान् । राति जङ्गल चहार्ने मूर्ख नै हो । उमेश विद्वान् केटो हो ।

मूल्य- /मुल्ल्य/ (तत्स.) [<मूल+य]ना. १. कुनै मालसामान खरिद गर्दा त्यसको बदलामा दिइने धन वा पैसा; मोल; दाम; किम्मत । २. परल; पर्ता; साउँ । ३. गुण वा व्यक्तिको महिमा । ४. उपयोगिताको मापक तत्त्व; मान । हिजोआज निरन्तर वस्तुको मूल्य बढेको पाइन्छ । समाजमा उनको बोलीको मूल्य घटेको छ ।

मृत- /म्रित/ (तत्स.) [मृ+त]वि. १. सास गएको; मृत्यु भएको; प्राणहीन । २. गतिशीलता, उपयोगिता, जीवनशक्ति आदि केही नभएको । विप. जीवित । अरबबाट रमेशको मृत शरीर आज आउँदै छ । बिरामी उमा जीवित रहुन्जेल कुरा गर्न छाडिनन् ।

मृतसञ्जीवनी- /म्रितसन्जिबनि/ (तत्स.) [मृत+सञ्जीवनी]वि. १. मरेकालाई वा मर्न लागेकालाई बचाउने मन्त्र वा औषधी । हनुमानले लक्ष्मणका लागि मृतसञ्जीवनी ल्याउँदा पर्वत नै बोकेर ल्याएको कथा छ ।

मृदु- ⁄म्रिदु⁄ (तत्स.) वि. १. कोमल; मुलायम; नरम; कमलो; सुकुमार । २. मिठास भरिएको; मधुर । ३. निर्धो; कमजोर; दुर्बल । ४. सुस्त; मन्द । उनी मृदुभाषी व्यक्ति हुन् ।

मैत्री- ⁄मैत्रि⁄ (तत्स.) [<मित्र+ई]ना. आपसमा हुने मित्रभाव; मित्रता; दोस्ती । हिजोआज उनीहरूको मैत्री सम्बन्ध बलियो भएको छ ।

मौन- ⁄मौन्⁄ (तत्स.) ना. १. नबोल्ने नियम वा क्रिया; चुप । जति कराए पनि ऊ बोलेन, मौन नै रह्यो ।

## य

यज्ञ- ⁄यग्ग्यँ⁄ (तत्स.) [यज+न] ना. १. देवताहरूको प्रसन्नताका लागि वैदिक विधिले गरिने हवन, पूजन, जप, पाठ आदि धार्मिक कार्य । २. दान, धर्म, लोकोपकार आदि उद्देश्यले गरिने शुभ कार्य । महाभारत कालमा युधिष्ठिरले अश्वमेघ यज्ञ गरेका थिए ।

यज्ञमण्डप- ⁄यग्ग्यँमन्डप्⁄ (तत्स.) [यज्ञ+मण्डप]ना. यज्ञ गर्नका निम्ति ध्वजा, पताका, तोरण, चौकाचँदुवा आदिद्वारा सुसज्जित गरिएको मण्डप । यज्ञमण्डप भव्य रूपमा सजाइएको थियो ।

यथार्थ- ⁄यथार्थ⁄ (तत्स.) [यथा+अर्थ]वि. १. जस्तो हुनुपर्थ्यो त्यस्तै; जस्ताको तस्तै । २. ठीक; उचित । ३. सही; साँचो; सत्य; खास । ४. वास्तविकता; साँचोपन । विप. अयथार्थ । यथार्थमा आधारित कुरा दिगो हुन्छ । मान्छे अयथार्थमा अल्मिलिनु हुँदैन ।

यथावत्- ⁄यथाबत्⁄ (तत्स.) [यथा+वत्]क्रि.वि. १.यसभन्दा पहिले जस्तो रूप र अवस्थाको थियो त्यस्तै; पहिलेको जस्तै; पूर्ववत् । ऊ पहिलेको यथावत् काम गर्दै छ । लेख यथावत् छापियो ।

यद्यपि- ⁄यद्द्यपि⁄ (तत्स.) [यदि+अपि]संयो. १. यसो भए तापनि; हुन ता । यद्यपि ऊ मेरो नातेदार होइन, तर म उसलाई प्रेम गर्छु ।

यश- ⁄यस्⁄ (तत्स.) ना. १. राम्रो काम गर्नेले पाउने इज्जत; सुकीर्ति; राम्रो ख्याति । २. प्रशंसा; तारिफ । विप. अपयश । उनको यश चारैतिर फैलिएको छ । मान्छेको जीवन अपयशमा बिताउनु हुँदैन ।

यातायात- /यातायात्/ (तत्स.) [याता+आयत]ना. १. आवागमन; आउनेजाने काम; आवतजावत । २. आवागमनका जल, स्थल र वायुमार्गमध्ये कुनै पनि साधन; बाटोघाटो । आजदेखि यातायात सेवा सुचारु भयो ।

यात्रा- /यात्रा/ (तत्स.) [या+त्र+आ]ना. १. एक ठाउँबाट अर्को ठाउँसम्म पैदल वा कुनै सवारीसाधनद्वारा जाने काम; भ्रमण; पर्यटन । २. धार्मिक उद्देश्यले तीर्थस्थलमा जाने काम; तीर्थाटन । ३. देवदेवीको उत्सवमा गरिने मेला; जात्रा । ४. परदेश जाने साइत; प्रस्थान । हाम्रो यात्रा लामो समय रहेन ।

युक्ति- /युक्ति/ (तत्स.) [युज्+ति]ना. १. कुनै पनि समस्याको समाधान गर्ने उपाय; जुक्ती । २. कौशल; चातुर्य । ३. कुनै विषय प्रस्तुत गर्न आवश्यक पर्ने बठयाइँ; तर्क । उसले युक्ति बुद्धिले काम गऱ्यो ।

युगान्तकारी- /युगान्तकारि/ (तत्स.) [युगान्त+कारी]वि. युगान्तक । सधैँ युगान्तकारी घटना हुँदैनन् ।

युगौँ- /युगौँ/ (तत्स.) [युग+औँ]क्रि.वि. १. अनेक युग । २. जुगानजुग । ऊ देखा नपरेको युगौँ भयो ।

युद्ध- /युद्ध/ (तत्स.) [युध्+त]ना. १. परस्परविरोधी दुई दलका बीचमा एकले अर्कालाई दमन गर्ने, हराउने, मार्ने आदि उद्देश्यले गरिने आक्रमण; लडाइँ; सङ्ग्राम; जुद्ध; कटक । विप. शान्ति । हिटलरले दोस्रो विश्वयुछ प्रारम्भ गरेको थियो । युद्धरत ठाउँमा शान्ति स्थापना अपरिहार्य बनाउनुपर्छ ।

## र

रक्षा- /रक्छ्या/ (तत्स.) [रत्र+आ]ना. १. सङ्कट वा दुःखद अवस्थाबाट उद्धार गर्ने काम; बचाउ । २. हानिनोक्सानी हुनबाट बचाउने काम; सुरक्षा । ३. हेरविचार; देखरेख; हिफाजत । अनिकालमा बीउको रक्षा गर्नुपर्छ ।

रश्मि- /रस्मि/ (तत्स.) ना. १. चहकदार वस्तुबाट निस्कने किरण; प्रकाशमय वस्तुबाट निस्कने किरण; प्रकाश; ज्योति; चमक । आज रश्मिको आकर्षण छुट्टै छ ।

रहस्य- /रहस्य/ (तत्स.) [रहस्+य]ना. १. प्रकृतिका जुनसुकै पक्षमा भित्र छिपेररहेको गाँठी कुरो; मूल तत्त्व; गुप्त तत्त्व; गुप्त भेद; गुह्य; गोप्य तत्त्व । २. मर्म; भित्री आशय ।

३. दार्शनिक दृष्टिले दुर्बोध वस्तुको प्रत्यक्षीकरण गर्न प्रयास गरिने सार वस्तु; दुर्बोध तत्त्व । प्रकृतिका अनेक रहस्यहरू मान्छेले अझै बुझिसकेको छैन ।

राक्षस- /राक्छ्यस्/ (तत्स.) [<रक्षस]ना. १. प्राचीन युगदेखि नै मान्छेका प्रतिपक्षी मानिएका असुरजाति; राकस । २. पुराण आदिका अनुसार नरभक्षी जाति । ३. दुष्ट; क्रूर; दुच्छर । विप. देवता । पौराणिक कालमा राक्षस र देवताबीच लडाइँ हुन्थ्यो ।

राजनीति- /राज्निति/ (तत्स.) [राजा/राज्य+नीति]ना. १. प्रजाको शान्तिसुरक्षा कायम गर्ने, मौलिक अधिकारको कदर गर्ने, राज्यको शासनव्यवस्थाको प्रणाली निर्धारण गर्ने, राष्ट्रिय र अन्तर्राष्ट्रिय नीतिको उपयुक्त सन्तुलन गर्ने र यस्तै अन्य कार्य गर्ने नीति । २. राज्यको शासन- व्यवस्थासम्बन्धी नीति; राज्य-सञ्चालन-प्रणाली । ३. राज्य र प्रशासनसँग सम्बन्धित एक सामाजिक सिद्धान्त । राजनीति सबै नीतिमध्ये प्रमुख मानिन्छ ।

राजर्षि- /राजर्सि/ (तत्स.) [राजा+ऋषि]ना. १. राजाका वंशमा उत्पन्न भएका महर्षि; क्षत्रिय कुलमा उत्पन्न भएका ऋषि २. राजा पनि ऋषि पनि भएको वा राजपाट छोडेर ऋषि बनेको व्यक्ति । मिथिला नरेश जनकलाई राजर्षि भनिन्थ्यो ।

राज्य- /राज्ज्य/ (तत्स.) [राज्+य]ना. १. कुनै राजा वा शासनसत्ताका अधीनमा रहेको देश; मुलुक; राष्ट्र । २. कुनै ठूलो राष्ट्रअन्तर्गत स्वायत्तशासनको अधिकार पाएको भाग वा प्रदेश । ३. राजाको काम; रजाइँ; शासन । नेपाल स्वतन्त्र र अविभाज्य राज्य हो । पूर्वराजा ज्ञानेन्द्रले वीरेन्द्रपछि छोटो समय मात्र राज्य गरे ।

राशि- /रासि/ (तत्स.) ना. १. कुनै वस्तुको रास वा थुप्रो । २. क्रान्तिवृत्तमा रहेका मेष, वृष, मिथुन, कर्कट, सिंह, कन्या, तुला, वृश्चिक, धनु, मकर, कुम्भ र मीन- यी बाह्र ताराहरूको समूह । ३. संख्या; अङ्क । उनले ठूलो धनराशि क्षतिपूर्तिवापत प्राप्त गरे । ज्योतिषशास्त्रअनुसार बाह्र वटा राशि हुन्छन् ।

राष्ट्रिय- /रास्ट्रिय/ (तत्स.) [राष्ट्र+इय]वि. १. राष्ट्रसम्बन्धी; राष्ट्रको । २. राष्ट्रले गर्ने वा राष्ट्रको हितका निम्ति गरिने विशिष्ट क्रियाकलाप वा उद्देश्य भएको । विप. अराष्ट्रिय । राष्ट्रिय विभूतिको सम्मान गर्नुपर्छ । अब अराष्ट्रिय सोच त्याग ।

रिक्त- /रिक्क्त/ (तत्स.) [<रिच+त]वि. १. कुनै पद, स्थान, असर, संख्या आदि खाली भएको; रित्तो; शून्य । २. केही नभएको; कङ्गाल; निर्धन, गरिब । विप. पूर्ण । हिजोदेखि निर्वाचन प्रमुखको पद रिक्त भएको छ । म पूर्ण रूपले अघाएको छु ।

रुचि- /रुचि/ (तत्स.) [रुच्+इ]ना. १. खाने मन वा इच्छा; भोगको चाहना; भोक । २. अभिलाषा; धोको; चाह । ३. कुनै वस्तुलाई मन पराउने काम; खुसीलाग्दो चाख । विप. अरुचि । मेरो रुचि खानामा छैन । अरुचि भएर खानै सकिएन ।

रूप- /रुप्/ (तत्स.) ना. १. आँखाले थाहा पाइने कुनै व्यक्ति वा वस्तुको आकाररङ वा वर्ण; अनुहार; चेहरा । २. आकृति; शरीर, देह । ३. पहिरन; भेष । ४. प्रतिमा; मूर्ति । ५. समानता; सादृश्य । ६. वाक्यमा प्रयुक्त रूपायित शब्द; फर्म । उसको रूप सुन्दर छ । शब्दमा रूप र संरूप हुन्छन् ।

रेखाचित्र- /रेखाचित्र/ (तत्स.) [रेखा+चित्र]ना. १. रेखैरेखाद्वारा तयार भएको चित्र; खाका । प्राविधिकले सडकको रेखाचित्र तयार पारेछन् ।

रोचक- /रोचक्/ (तत्स.) [<रुच्+अक]वि. १. रुचि लाग्ने; चाखलाग्दो; आकर्षक । २. दिल बहलाउने; मनोरञ्जक । ३. रुचि वा भोक जगाउने; रुच्ने । उसले रोचक कथाहरू सुनायो ।

## ल

लक्षण- /लक्छ्यन्/ (तत्स.) [लक्ष्य+अन]ना. १. कुनै वस्तु चिन्ने वा थाहा पाउने विशेष चिह्न वा गुण; परिचायक चिह्न; लच्छिन । २. परिभाषा । ३. कुनै घटना, रोग आदि हुनुभन्दा पहिले हुने संकेत । ५. ढाँचा; छाँट; चाला । उसको लक्षण राम्रो छैन । तिम्रा ग्रहदशाको लक्षण हेरी यथार्थ बताउँछु ।

ललाट- /ललाट्/ (तत्स.) ना. १. मस्तक; माथ; निधार । २. पुर्पुरो; चाँदो । ३. भाग्य; प्रारब्ध । भाग्यले ललाटमा जे लेखेको छ, त्यही पाइन्छ ।

लाभ- /लाभ्/ (तत्स.) ना. १. कुनै वस्तु उपलब्ध हुने वा पाउने काम; प्राप्ति; उपलब्धि; फाइदा । २. वाणिज्यव्यवसाय वा उत्पादनबाट लागत खर्च कटाई बढी हुने आम्दानी; मुनाफा; नाफा । ३. भलाइ; उपकार । विप. हानि । उद्योगले प्रगति गर्दा मालिक र मजदुर दुवैलाई लाभ हुन्छ । वर्षेनी आगलागीले ठूलो हानि पुऱ्याउँदै आएको छ ।

लेख- /लेख्/ (तत्स.) [<लिख्]ना. १. कुनै विषयमा लेखेर प्रकट गरिएको विचार वा कुरो; रचना । २. लेखिएको कागत; लिखत; लेखोट । ३. लेखिएको अक्षर; लिपि । पत्रिकाका लागि एउटा लेख लेख्छु ।

लोकप्रिय- /लोक्प्रिय/ (तत्स.) [लोक+प्रिय]वि. १. लोक वा दुनियाँलाई मन परेको; सबको प्यारो; जनप्रिय । उनी लोकप्रिय नेता हुन् ।

लौकिक- /लौकिक्/ (तत्स.) [<लोक+इक]वि. १. लोकसित सम्बन्धित; यस लोकको; सांसारिक । २. लोकव्यवहारसुहाउँदो; व्यावहारिक । विप. अलौकिक । हरेक मान्छेले लौकिक व्यवहार बुझ्नुपर्छ । भूतप्रेत, देवीदेवता अलौकिक हुन्छन् ।

## व

वनस्पति- /वनस्पति/ (तत्स.) [<वन+पति]ना. १. प्रायः फूल नफुलीकनै फल लाग्ने खालको रूखविशेष; बोटबिरुवा, लता आदि । वनस्पतिहरू पनि सजीव मानिन्छन् ।

वरण- /वरन्/ (तत्स.) [वृ+अन]ना. १. कुनै मङ्गलकार्य गर्दा जजमानले पुरोहितलाई आसन, वस्त्र आदि दिई टीका लगाउने काम । २. विवाहमा दुलहालाई गरिने आदरपूर्ण स्वागतसत्कार । ३. कन्याले वररोज्ने वा स्वीकार गर्ने काम । ४. रोजाइ; छनोट; मनोनयन । सीताले स्वयंवरमा रामलाई वरण गरिन् ।

वरदान- /बरदान्/ (तत्स.) ना. १. देवता वा गुरुजन आदिले प्रसन्न भएर अभीष्टसिद्धिका निम्ति दिने आशीर्वाद; इच्छित वस्तुको प्राप्ति; वर । विप. श्राप । शिवजीको तपस्या गर्दा वरदान पाइन्छ भनिन्छ । नेपाल सतीको श्राप लागेको मुलुक हो ।

वर्णन- /बर्णन्/ (तत्स.) [वर्ण+अन]ना. १. क्रमबद्ध रूपमा आएको वा विस्तारपूर्वकको कथन; बेलीविस्तार; बखान । २. कुनै कुराकानी वा घटना आदिको बेहोरा राम्ररी थाहा हुने गरी गरिएको बयान; विवरण । ३. प्रशंसा; तारिफ । उनको सुन्दरताको वर्णन जति गरे पनि कम हुन्छ ।

वसन्त- /बसन्त/ (तत्स.) ना. १. छ ऋतुमध्ये एक र पहिलो ऋतु (चैत र वैशाख महिना); ऋतुराज । वसन्त आएपछि वातावरण सुगन्धमय हुन्छ ।

वातावरण- /बाताबरन्/ (तत्स.) ना. १. पृथ्वीको चारैतिर फिँजिएको हावा । २. प्रत्यक्ष वा अप्रत्यक्ष रूपले प्रभाव पार्ने आसपासको अवस्था; परिस्थिति । यहाँको वातावरण आकर्षक रहेछ ।

विकसित- /बिकसित्/ (तत्स.) [विकास+इत]वि. १. फक्रेको; फुलेको; प्रफुल्ल । २. वृद्धि भएको; बढेको । विप. अविकसित । विकसित देशभन्दा हामी धेरैपछि छौँ । नेपाल पनि अविकसित राष्ट्रमध्ये पर्दछ ।

विकास- /बिकास्/ (तत्स.) [वि+कास्] ना. १. क्रमशः बढ्दै वा सुध्रिँदै गएको स्थिति; उन्नति । २. उत्तरोत्तर प्रगति; क्रमिक परिवर्तन । ३. हुर्केको वा सप्रेको अवस्था; वृद्धि । विप. विनाश । देश विकासका लागि सबै जुटौँ । वातावरण विनाशले प्राणीको जीवन सङ्कटग्रस्त बन्दै छ ।

वितत- /बितत्/ (तत्स.) [वि+तत]वि. १. सपाट परेको;फैलिएको; फिँजिएको; विस्तृत । २. छोपिएको; ढाकिएको । ३. कार्य सम्पन्न भएको; कामकुरो सिद्ध भएको । वितत क्षितिज देखेर कहिलेकाहीँ छक्क पर्छु ।

विधि- /बिधि/ (तत्स.) [वि+धि]ना. १. कामकुरो गर्ने तरिका; प्रणाली; रीति; ढङ्ग; शैली । २. आदेश; आज्ञा; निषेधको उल्टो रूप । ३. चाँजोपाँचो; व्यवस्था; प्रबन्ध । विधिको खेल अचम्मको हुँदो रहेछ ।

विश्वास- /बिस्वास्/ (तत्स.) [<वि+श्वास]ना. १. कुनै काम, कुरो, व्यक्ति, मत, नीति आदिप्रति हुने सत्यताको धारणा; दृढ आस्था; पत्यार । २. आस्था; श्रद्धा । ३. भरोसा; आड । विप. अविश्वास । मलाई तिमीप्रति विश्वास छ । रामले सीतालाई अविश्वास गरेका थिए ।

विषाक्त- /बिसाक्त/ (तत्स.) [विष+अक्त]वि. १. विषले भरिएको; विष मिसिएको; विषमय । २. शरीरलाई हानिनोक्सानी गर्ने; स्वास्थ्य बिगार्ने; अस्वास्थ्यकर । विषाक्त खानाले धेरै जना बिरामी परे ।

## श

शङ्का- /सङ्का/ (तत्स.) [शङ्क+आ]ना. १. केही अनिष्ट होला कि भन्ने डर; आशङ्का; सन्देह । तिमीप्रति शङ्का छ ।

शताब्दी- /सताब्दि/ (तत्स.) [शत+अब्द+इ]ना. सय वर्षको समय वा अवधि; शतक; सदी । यो एक्काइसौँ शताब्दी हो ।

शरण- /सरण्/ (तत्स.) [<श्त+अन]ना. १. कठिन वा दुःखद अवस्थामा कसैबाट रक्षित हुने तथा कसैको आधार लिन पाउने काम; आड लिएर गरिने रक्षा; आश्रय । उनी तिम्रो शरणमा आएका छन् ।

शल्यक्रिया- /सल्ल्यक्रिया/ (तत्स.) [शल्य+क्रिया]ना. चिरफारद्वारा शारीरिक उपचार गरी ठीक पार्ने काम; शल्यचिकित्सा । चिकित्सकले उसको आँखाको शल्यक्रिया गरे ।

शव- /सब्/ (तत्स.) ना. १. मृत शरीर; लास; मुर्दा; । विदेशबाट राजेशको शव हिजो मात्र ल्याइयो ।

शान्त- /सान्त/ (तत्स.) [<शम्+त]वि. १. कुनै प्रकारको रिसराग, द्वेष, दु:ख आदि मनोविकार नभएको; शिष्ट र सौम्य प्रकृतिको; शान्तियुक्त; सुशील र विनम्र । २. गति वा वेग नभएको; निश्चल । ३. कुनै उपद्धो, विघ्नबाधा, हल्ला आदि नभएको; नि:शब्द; मौन । ४. मानिस आदि नभएको; सुनसान; निर्जन । ५. शमन भएको; निभेको । ६. प्राणपखेरु उडेको; मरेको; मृत । ७. प्रसन्न वा सन्तुष्ट पारिएको; धैर्य भएको । विप. अशान्त । हल्ला शान्त भयो । आज मन अशान्त छ ।

शासन- /सासन्/ (तत्स.) [शास+अन]ना. १. सरकारले गर्ने कुनै देशको प्रबन्ध तथा सञ्चालनसम्बन्धी काम । २. अनुशासन वा मर्यादा पालन गराउने काम; आज्ञा; आदेश; हुकुम । ३. इन्द्रियहरूको संयम वा नियन्त्रण । ४. कुनै कसुरका निम्ति दिइने दण्ड वा सजाय । ५. कसैलाई दिइने लिखित अधिकार । ६. कुनै शब्दले आफ्नो नजिकमा रहेको शब्दको रूप परिवर्तन गर्न विवश गर्ने व्याकरणिक प्रक्रिया । देशमा २००७ सालमा राणाशासनको अन्त्य भयो । शासन व्याकरणिक कोटिमा पर्छ ।

शिरोधार्य- /सिरोधार्य/ (तत्स.) [<शिरस्+धार्य]वि. १. शिरमा धारण गर्न योग्य; माथमा चढाउनुपर्ने । २. आदरसाथ ग्रहण गर्न योग्य; स्वीकार्य । यहाँहरूबाट पाएको सुझाउ शिरोधार्य छ ।

शुभेच्छा- /सुभेच्छा/ (तत्स.) [शुभ+इच्छा] ना. १. शुभ कुराको इच्छा वा चाहना; शुभकामना । तपाईंको शुभेच्छाप्रति हार्दिक नमन गर्दछु ।

शैली- /सैलि/ (तत्स.) [शील+ई]ना. १. विशेष किसिमले कुनै काम गर्ने प्रणाली वा पद्धति; काम गराइको ढाँचा; परिपाटी; छाँटछन्द । २. असल शीलस्वभाव भएका व्यक्तिबाट हुने कुरो । ३. कुनै सिद्धान्तजस्तै भएर आएको रीति वा चलन । ४. साहित्यिक रचनामा लेखकका व्यक्तित्वगत विशेषताको छाप दिने वा विषयवस्तुका अनुकूल भाव अभिव्यक्त हुने खास ढाँचा । उसको बोल्ने शैली उपयुक्त छ । कविता सुन्दर शैलीमा रचना भएको रहेछ ।

शोभा- /सोभा/ (तत्स.) [<शुभ+आ]ना. १. व्यक्ति, वस्तु वा सभा, कार्यक्रममा हुने सौन्दर्य; सुन्दरता । २. चमक; कान्ति वा प्रकाश । ३. भव्यता । सुन्दर फूलहरूले घरको शोभा बढाएको पाइन्छ ।

## स

सँगी- /सङ्गी/ (तत्स.) ना. १. सँगसँगै हुर्केबढेको वा साथैमा रहने व्यक्ति; दौँतर; साथी । २. मित्र; मीत । मेरा सँगीहरू कता होलान्, चिन्ता छ ।

संयन्त्र- /सम्यन्त्र/ (तत्स.) [सम्+यन्त्र]ना. १. ठूलठूला काम गर्ने विशेष यन्त्र; इन्जिन । उद्योग स्थापनाका लागि संयन्त्र जडान भएको देखिन्छ ।

संयोग- /सम्योग्/ [सम्+योग]ना. १. दुई वा दुईभन्दा बढी वस्तु वा तत्त्व एक साथ मिल्ने वा जोरिने काम; मिश्रण; मेल । २. अकस्मात् हुने मिलन; अचानकसित हुने भेट । विप. वियोग । आज संयोगले तिमीसँग भेट भयो । रमा र हरिको वियोग भएछ ।

संरचना- /सम्रचना/ (तत्स.) [सम्+रचना]ना. १. ज्ञान-विज्ञानसम्बन्धी कुनै पनि वस्तु, तत्त्व आदिका, बनाइएको ढाँचा वा किसिम; बनावट; बनोट । सिंहदरबारको संरचना पुरानो खालको छ ।

संवर्द्धन- /सम्बर्धन्/ (तत्स.) [सम्+वर्धन]ना. १. राम्ररी बढाउने काम; संवृद्धि । २. पालनपोषण । बालबच्चाको राम्ररी संवर्धन गर्न जरुरी हुन्छ ।

संवाद- /सम्बाद्/ (तत्स.) [सम+वाद]ना. १. नियन्त्रित विषयवस्तुहरू वा परिस्थितिमा गरिने कुराकानी । २. बोलाइ आदि शिक्षणको एक पद्धति । ३. परस्परको कुराकानी; वार्तालाप; बातचित । ४. विवाद; बहस; तर्क । ४. समाचार; खबर; सन्देश । राष्ट्रिय संवाद समिति नामक संस्था कार्यरत रहेको छ ।

संशोधन- /सम्सोधन्/ (तत्स.) [सम+शोधन]ना. १. कुनै रचना वा लेखाइमा भएका अशुद्धिलाई राम्ररी शुद्ध पार्ने काम; संशुद्धि । २. संस्कार; परिष्कार । ३. ऋणतिराइ । ४. प्रस्तावहरूको काँटछाँट, थपथाप आदि सुधार गर्ने कार्य वा सुझाउ । संविधान संशोधनको विषय अहिले पनि उठेको छ ।

संसार- /सन्सार्/ (तत्स.) [सम्+सार]ना. १. मान्छेले देख्ने, भोग्ने र अनुभव गर्ने सम्पूर्ण भौतिक जगत्; चराचर विश्व; विश्व; भुवन । २. जन्ममरण भएको जगत्; मर्त्यलोक ।३. प्राणीजगत्; जीवलोक । ४. जनता; दुनियाँ । ५. सांसारिक जीवन; लौकिक प्रपञ्च । संसारमा हरेकले आआफ्नो भूमिका निभाउनुपर्छ ।

संस्मरण- /संस्मरण्/ (तत्स.) [सम+स्मरण]ना. १. बारबार सम्झनामा आउने बितेका दिनको कुरो; मीठो सम्झना; मधुर स्मृति । २. राम्रोसित वा बरोबर सम्झना गर्ने काम; नामजपाइ; संस्मृति । ३. पुरानो घटना, वस्तु, महत्त्व आदिलाई ताजा राख्न

आवश्यक पर्ने महत्त्वपूर्ण कुराको उल्लेख, कथन वा रचना । उनी जीवनको संस्मरण लेख्न तल्लीन छन् ।

सङ्कट- /सङ्कट्/ (तत्स.) [<सम्+कट]ना. १. कुनै आपत्विपत्को स्थिति; साह्रै अप्ठ्यारो अवस्था; कष्ट; कठिनाइ । २. जोखिम; डर । ३. दुई ठूलठूला जल वा स्थल भागलाई जोर्ने घाँटी । सङ्कटका बेला सबैले सहयोग गर्नुपर्छ ।

सङ्क्षिप्त- /सङ्छिप्त/ (तत्स.) [सम्+क्षिप्त]वि. १. छोटकरीमा भनिएको वा लेखिएको । २. सारांश मात्र राखिएको; छोट्ट्याइएको; कम पारिएको । ३. छोटकरी; छोटो । विप. विस्तृत । उनले आफ्नो भनाइ सङ्क्षित रूपमा राखे । घरको विस्तृत डिजाइन गरियो ।

सङ्गम- /सङ्गम्/ (तत्स.) [सम्+गम]ना. १. परस्परमा मिल्ने वा जुट्ने काम; भेटघाट । २. साहचर्य; सङ्गति । ३. दुई नदी मिलेको ठाउँ; दोभान । अनौठो सङ्गम भयो ।

सङ्गीत- /सङ्गित्/ (तत्स.) [सम्+गीत]ना. १. विशेषतः लय, ताल र वाद्यवादनका साथ गाइने गीत; स्वरतालयुक्त मधुर गायन । २. नृत्य, गीत र वाद्यवादनको मेल; गानाबजाना । ३. बाजागाजा र नाच वा हाउभाउसहित गीत गाउने कला; गायनविद्या । उसको गीतमा कर्णप्रिय सङ्गीत छ ।

सन्तोष- /सन्तोस्/ (तत्स.) [सम्+तुष]ना. १. आफ्नो वर्तमान अवस्था वा आफूसँग भएका वस्तुबाट हुने आनन्दको अनुभव; सन्तुष्टि; सन्तोक । २. अघाउने काम; अघाइ; तृप्ति । ३. प्रसन्नता; आनन्द; हर्ष; खुसी । विप. असन्तोष । उनी अंशवण्डामा सन्तोष मान्छन् । हिजोको निर्णयमा मेरो असन्तोष छ ।

समक्ष- /समक्छ्य/ (तत्स.) [<सम+अक्ष]क्रि.वि. १. आँखाको सामुन्ने; अगाडि; मुखेन्जी । हामी समक्ष हामीले आफ्नो कुरा राख्यौँ ।

समीप- /समिप्/ (तत्स.) ना.यो. १. निकट; वर; नजिक । ना. २. निकटता; सामीप्य । विप. दूर । घरको समीपमा नै बाटो छ । दूरदराजमा निर्धनता छ ।

सम्पूर्ण- /सम्पुर्ण/ (तत्स.) [सम्+पूर्ण]वि. १. एकदमै भरिएको; पूर्ण रूपमा भरिएको; भरिपूर्ण । २. भएजति जम्मै; पूरा; सबै; सारा । ३. समाप्त; खत्तम । विप. आंशिक । सम्पूर्ण कुराहरू घरमा गरौँला । यसपालि आंशिक परीक्षा मात्र दिइयो ।

सहकारी- /सहकारि/ (तत्स.) [सह+कारी]ना. १. एकसाथ मिलेर काम गर्ने; साथसाथै काम गर्ने । नेपालमा पैँतीस हजारभन्दा बढी सहकारी संस्थाहरू छन् ।

साकार- ⁄साकार्⁄ (तत्स.) [स+आकार] वि. १. आकार वा स्वरूप भएको; आकृतियुक्त; मूर्त । २. कार्यरूपमा परिणत भएको वा गरिएको; कार्यान्वित गरिएको योजना, विचार आदि । ३. देवता वा ईश्वरको आकारयुक्त रूप; मूर्त रूप । विप. निराकार । हिन्दूहरू साकार ईश्वरको पूजा गर्छन् । निराकार ईश्वर मान्नेहरू पनि हिन्दू नै हुन् ।

सागर- ⁄सागर्⁄ (तत्स.) ना. १. पुराणअनुसारराजा सगरका छोराले बनाएको समुद्र; जलधि । २. मुर्दा पोल्ने घाट; मसान । हिन्दूको मृत्युपछि दाहसंस्कार गर्न सागर लगिन्छ ।

साभार- ⁄साभार्⁄ (तत्स.) [स+आभार]क्रि.वि. १. लगाएको गुनले विनीत बन्दै; आभार प्रकट गर्दै; कृतज्ञतापूर्वक । वि. २. कुनै पुस्तकपत्रिका वा लेख आदिबाट लिइएको; उद्धृत । यहाँको गुणप्रति साभार व्यक्त गर्दछौं । यो लेख कान्तिपुरबाट साभार गरिएको हो ।

साहस- ⁄सहस्⁄ (तत्स.) ना. १. कठिन वा अप्ठेरा काम पनि गर्ने आँट; हिम्मत । ऊ साहस गरेर नदीमा पस्यो ।

सिंह- ⁄सिम्ह⁄ (तत्स.) ना. १. गर्दनमा लामालामा जगर हुने, बलियो एक हिंस्रक जङ्गली प्राणी; शेर; केशरी । २. बाह्रवटा राशिमध्येको पाँचौ राशि; कर्कट र कन्याको बीचको राशि । ३. महान् पराक्रमी; नामुद वीर । ऊ सिंहजत्तिकै बलियो छ । ऊ सिंह राशिको व्यक्ति हो । अमेरिका वर्तमान विश्वको सिंह नै हो ।

सिद्ध- ⁄सिद्ध⁄ (तत्स.) [<सिध्+त]वि. १. तयार भएको; बनेको; पूर्ण । २. भनेजस्तै परिणाम निस्केको; सफल । ३. उद्देश्य पूरा भएको । ४. तर्क वा प्रमाणद्वारा ठीक ठहऱ्याइएको; प्रमाणित । ५. सिपालु; दक्ष; निपुण । विप. असिद्ध । उसले कार्य सिद्ध गऱ्यो । उनी सिद्ध बाबासरह छन् । जति गरे पनि काम असिद्ध भयो ।

सिन्धु- ⁄सिन्धु⁄ (तत्स.) ना. १. समुद्र; सागर । २. ठूलो नदी; पाकिस्तानमा बहने नदी । ३. सप्त सिन्धुमध्ये एक । पाकिस्तानको विशाल नदीमध्ये सिन्धु पनि एक हो ।

सिमाना- ⁄सिमाना⁄ (तत्स.) [<सीमा]ना. १. अन्तिम रेखा; साँध; सीमा । २. किनारा; छेउ । हाम्रो देशको धेरैजसो सिमाना भारतसँग जोडिएको छ ।

सिर्जना- ⁄सिर्जना⁄ (तत्स.) [<सृजन]ना. १. नयाँ निर्माण; सृष्टि; रचना । २. सृष्टि; उत्पत्ति; सृजना । ३. आरम्भ; सुरु । देवकोटाले लोकप्रिय काव्य मुनामदनको सिर्जना गरे ।

सुकर्म- /सुकर्म/ (तत्स.) [सु+कर्म]ना. १. असल वा गतिलो काम; राम्रो काम; सत्कर्म । २. धर्मकर्म; परोपकार; । विप. कुकर्म । बाँचेसम्म सुकर्म गर्नु मान्छेको कर्तव्य हो । कहिले कुकर्म नगर्नू है ।

सुगम- /सुगम्/ (तत्स.) वि. १. जान सकिने; सजिलैसँग पुग्न सकिने । २. सजिलैसित बुझ्न सकिने; सुबोध; सहज । विप. दुर्गम । पहाडका तुलनामा तराई सुगम हो । हिमाल दुर्गम मानिन्छ ।

सुन्दर- /सुन्दर्/ (तत्स.) वि. १. मनलाई हर्ने; राम्रो; मनोहर; आकर्षक । २. असल; जाती; बेस । विप. कुरूप । प्राकृतिक दृश्य कति सुन्दर छ । बोटविरुवाबिना वातावरण कुरूप हुँदोरहेछ ।

सुयोग्य- /सुयोग्ग्य/ (तत्स.) [सु+योग्य]वि. १. अति योग्य; ज्यादै लायक । भूवन सुयोग्य अभिनेता हुन् ।

सुषुप्त- /सुषुप्त/ (तत्स.) [<सु+षुप्त]वि. १. गाढा निद्रामा परेको; मस्तसँग निदाएको । २. निष्क्रिय अवस्थामा कुनै चीजमा अडेको गुण वा तत्त्व । भ्रष्टाचारको विरोध सुषुप्त अवस्थामा भए पनि उठेको छ ।

सूक्ष्म- /सुक्छ्म/ (तत्स.) [<सुक्+म]वि. १. अत्यन्त सानो; आँखाले ठम्याउन गाह्रो पर्ने । २. अति गडेर विचार गरेर मात्र निर्णय गर्न सकिने; गूढ । विप. स्थूल । उनी सूक्ष्म सूक्ष्म कुरालाई पनि ध्यान दिन्छन् । गहन विषयको व्याख्या स्थूल रूपले गरेर हुँदैन ।

सृष्टि- /स्रिस्टि/ (तत्स.) [सृज्+ति]ना. १. बनाउने वा पैदा गर्ने काम; सिर्जना । २. उत्पत्ति; जन्म; पैदा । ३. संसारको रचना; विश्वको उत्पत्ति । ४. सम्पूर्ण भौतिक जगत्; चराचर; विश्व; संसार; ब्रह्माण्ड । विप. संहार । पृथ्वीको सृष्टिले भविष्यमा पनि निरन्तरता पाउने छ । अणु बलमे क्षणभरमा नै पृथ्वीको संहार गर्छ ।

सेना- /सेना/ (तत्स.) ना. १. युद्ध, शान्तिसुरक्षा आदिका निम्ति तालिम दिई तैनाथ गरिएका सशस्त्र सैनिक जवानको समुदाय; फौज; पल्टन । नेपाली सेना अनुशासित छ ।

सैन्य- /सैन्न्य/ (तत्स.) [सेना+य]वि. १. सेनासँग सम्बन्धित; सेनाको । सैन्य शक्तिमा भारत पनि सशक्त छ ।

सौदामिनी- /सौदामिनि/ (तत्स.) [<सु+दा+इनी]ना. १. बिजुली; विद्युत्; आकाशमा चम्कने बिजुली । आकाशमा सौदामिनीको सुन्दर नृत्य हेर्दै छु ।

स्तुति- /स्तुति/ (तत्स.) [स्तु+ति]ना. १. कुनै देवदेवीको प्रसन्नताका लागि गरिने स्तोत्रपाठ; गुणानुवर्णन; प्रार्थना, स्तव; स्तवन । २. प्रशंसा गर्ने काम; कसैको तारिफ गर्ने काम । ३. बढाईचढाई गरिने बयान; भएनभएको बढाइ । हामी ईश्वरको स्तुति गर्ने गर्छौं ।

स्थान- /स्थान्/ (तत्स.) [स्था+न]ना. १. कुनै वस्तु अडिने आधार; ठाउँ; थलो । २. बस्ने ठाउँ; रहने आवास । ३. पद; ओहदा । तपाईंको स्थान सुरक्षित छ । देवीको स्थान मन्दिरमा हुन्छ ।

स्थूल- /स्थुल्/ (तत्स.) वि. १. आकारका दृष्टिले विशाल; ठूलो । २. अत्यन्त अग्लो; लामो ।३. मोटो । ४. रूपडाल नमिलेको; भद्दा । विप. सूक्ष्म । ऊ स्थूल आकारको मान्छे हो । साना कीटाणुहरू सूक्ष्मदर्शक यन्त्रद्वारा मात्र देखिन्छन् ।

स्पर्श- /स्पर्स/ (तत्स.) [<स्पृश]ना. १. कसैलाई छुने काम वा छुँदा हुने ज्ञान; छुवाइ । मैले आदरसाथ उनका पाउ स्पर्श गरेँ ।

स्फूर्ति- /स्फुर्ति/ (तत्स.) [स्फुर्+ति]ना. १. शरीरमा आउने हौसला र हलुङ्गोपन; काम गर्ने जाँगर; फुर्ती । २. फरफराउने काम; फरफराइ । ३. अभिमान; घमन्ड; सेखी । किन किन हिजोआज काम गर्ने स्फूर्ति हराएको छ ।

स्मृति- /स्मृति/ (तत्स.) [स्मृ+ति]ना. १. स्मरण; सम्झना; हेक्का । विप. विस्मृति । घरिघरि उनको स्मृतिमा म हराउँछु । पुरानो कथा विस्मृतिमा बिलाउँछ ।

स्वतन्त्रता- /स्वतन्त्रता/ (तत्स.) [स्वतन्त्र+ता]ना. १. स्वतन्त्र हुनाको वा रहनाको भाव वा अवस्था । २. कुनै प्रकारको शासनिक बाधा, रोकावट, बन्धन आदि नभई उचित तथा सङ्गत काम र व्यवहार स्वयं गर्न पाउने अधिकार वा शक्ति । विप. परतन्त्रता । मानिसको स्वतन्त्रतामा दखल दिनु मानवअधिकारको हनन हो । हाम्रो मुलुकले परतन्त्रता भोग्नुपरेको छैन ।

स्वयंवर- /स्वयम्बर्/ (तत्स.) [स्वयम्+वर]ना. १. कन्याले आफूलाई मन पर्ने वर स्वयं रोजेर वरण गर्ने एक रीति वा विधान । २. विवाह हुनुअगाडि कन्याकै घरमा अथवा देवस्थलमा गई वर-कन्या दुवैबाट माला, औँठी आदि लगाएर विधिपूर्वक कन्याद्वारा गराइने वरको वरण । दुलहीले स्वयंवरमा दुलाहालाई माला लगाइदिइन् ।

स्वर्ण- /स्वर्ण/ (तत्स.) ना. १. सुवर्ण; सुन । उहिले स्वर्ण मुद्राको प्रचलन थियो भनिन्छ ।

## ह

हठ- /हठ्/ (तत्स.) ना. १. कुनै कामकुरोमा गरिने एकोहोरो जिद्दी; तारन्तारको आग्रह; ढिपी; टेक । २. दृढ सङ्कल्प; अटल प्रतिज्ञा । ३. अनुचित कुरामा पनि गरिने जिद्दी; दुराग्रह । ऊ हठ गर्ने मान्छे हो ।

हर्ष- /हर्स/ (तत्स.) ना. १. चिताएको कुरो पुग्दा वा चाहेजस्तो कुनै काम बन्दा मनमा हुने आनन्द; प्रसन्नता; खुसियाली । मलाई तपाईँसँग काम गर्दा हर्ष लागेको छ ।

हानि- /हानि/ (तत्स.) ना. १.घाटा; नोक्सान । २. खती; बर्बादी । विप. लाभ । तिमी फर्कँदा कुनै हानि हुँदैन । व्यापार गर्दा लाभ पनि हुन्छ, हानि पनि हुन्छ ।

हितैषी- /हितैसि/ (तत्स.) [हित्+इष+ई]वि. कल्याण चाहने; हितेच्छु । हामी तिम्रा हितैषी नै हौँ ।

हिमपात- /हिम्पात्/ (तत्स.) [हिम+पात]ना. १. पानी पर्ने प्रदेशमा ज्यादै जाडो भएर हिउँ बर्सने काम; जाडो याममा लेकतिर हुने हिउँको पतन । हिउँदमा लेकतिर प्रायः हिमपात हुन्छ ।

# परिच्छेद पाँच

# निष्कर्ष र सुझाव

## ५.१. निष्कर्ष

प्रस्तुत शोधकार्यको शीर्षक कक्षा दशको नेपाली किताबका कथा र निबन्धमा आधारित तत्सम शब्दहरूको नमुना नेपाली शब्दकोश हो । नमुना शब्दकोशले नै यसको सीमा निर्धारण गरेको छ । यो कोश कक्षा १० का विद्यार्थीहरूका लागि तत्सम शब्दमा आधारित नमुना कोशका रूपमा तयार गरिएको छ । यस किसिमको शब्दकोशले तल्लो तहदेखि नै शब्दकोश हेर्ने बानीको विकास गर्छ । विद्यार्थी आफैँले शब्दको उच्चारण, स्रोत, व्युत्पादन, शब्दवर्ग, पर्याय, विपर्याय आदि जानकारी प्राप्त गर्ने र वाक्यमा प्रयोग गर्ने सीप तथा शब्दभण्डारको क्षमता बढाउन सक्छन् । विद्यार्थीहरूमा शब्दकोशप्रति आर्कषणसँगै भाषिक क्षमता अभिवृद्धि हुन सहयोग पुग्छ । प्रस्तुत शब्दकोशमा कक्षा दशको नेपाल किताबका कथा र निबन्धमा प्रयुक्त भएका तत्सम शब्दहरूको मात्र प्रविष्टि गरिएकाले नमुना शब्दकोश भनिएको हो ।

यस नमुना कोशमा ४०० शब्दहरू प्रविष्टि गर्ने काम भएको छ । प्रविष्टि पाएका शब्दहरूको उच्चारण, स्रोत, व्युत्पादन, शब्दवर्ग, अर्थ, पर्याय, विपर्याय, वाक्यमा प्रयोग गरिएको छ । शब्दको अर्थ खुल्ने गरी वाक्यमा प्रयोग गरिएको छ भने विपर्याय हुने शब्दलाई पनि अर्थ खुल्ने गरी वाक्यमा प्रयोग गरिएको छ । यो कोश कक्षा १० को कथा र निबन्धमा भएका तत्सम शब्दमा मात्र सीमित रहेकाले शब्दको उच्चारणपछि (तत्स.) लेखीस्रोत खुलाइएको छ । वाक्य बनाउँदा कम्तीमा एक र बढीमा तीनवटासम्म रहेका छन् ।

नेपाली भाषामा शब्दकोश लेखन कार्य अपेक्षाकृत निकै पछि हुन थालेको पाइन्छ । कारण शब्दकोश निर्माण गर्ने काम जटिल र चुनौतीपूर्ण भएकाले हुन सक्छ । विद्यालय तहका विद्यार्थीको स्तर सुहाउँदो कोश निर्माण गर्ने कार्य पनि कम चुनौतीपूर्ण हुँदैन । नेपाली भाषा पूर्व मेचीदेखि पश्चिम महाकालीसम्म फैलिएको विभिन्न भाषिका र उपभाषिका भएको हुँदा विविधताले भरिएको छ । यसर्थ मानक प्रयोगमा विचलन आएको पाइन्छ । बढ्दो विज्ञान र प्रविधिसँगै अनेक भाषाका वक्ताहरूसँगको सर्म्पकका कारण पनि नेपाली भाषको स्तरीय मानक शब्दकोश निर्माण गर्न कठिन देखिन्छ । कुनै खास कक्षा वा तहका लागि पाठ्यपुस्तकमा आधारित भएर शब्दकोश निर्माण गर्दा निर्माताले व्यवहार उपयोगी शब्दहरू सम्वन्धित कक्षा वा तहका विद्यार्थीहरूले अधिकतम प्रयोग गर्ने शब्द र वाक्यको नमुना छनोट गर्न सक्नुपर्दछ ।

नेपाली भाषाको माऊ भाषा संस्कृत हो । संस्कृतबाट अधिकांश शब्दहरूरूप परिर्वतन भएर वा नभई नेपालीमा आएका छन् । अन्य भाषाका आगन्तुक शब्दहरू पनि नभएका होइनन् तर संस्कृत भाषाबाट आएका तत्सम शब्दहरूको महत्त्व रहेको छ । विद्यार्थीहरूलाई तल्लो कक्षादेखि नै यतातर्फ जानकारी दिँदै भाषिक सीपमा सहयोग पुऱ्याउन यस्तो कोशको भूमिका महत्त्वपूर्ण हुन्छ ।

## ५.२. सुझाव

नेपाली भाषा नेपालका सबै जातजातिको सर्म्पक र साझा भाषाका रूपमा विकसित हुँदै आएको भाषा हो । यो सरकारी कामकाजको भाषाका साथै शिक्षाको माध्यम भाषा पनि भएकाले यसको उपयोग अझ सशक्त ढङ्गबाट गर्नका निमित्त तल नीतिगत तह, अभ्यास तह र अनुसन्धान तहका लागि छुट्टाछुट्टै सुझाव दिइएको छ :

### ५.२.१. नीतिगत तहका लागि सुझाव

- नेपालीमा भएको वर्णविन्यासको प्रयोगमा अन्योलता हटाई एकरूपता ल्याईसहज र सरल बनाउनु पर्छ ।
- पहिले प्रचलनमा रहेका हाल प्रयोगमा नभएका शब्दहरू लोप हुनबाट जोगाउन शब्दकोशमा स्थान दिइनु पर्छ ।
- शब्दकोश निर्माण गर्दा एकभाषी भन्दा बहुभाषी शब्दकोश निर्माण गरी नेपालीबाहेक अन्य राष्ट्रभाषालाई पनि स्थान दिनुपर्छ ।
- भाषासँगै सम्बन्धित सिकाइ कार्यलाई प्रभावकारी बनाउनुपर्छ ।
- शब्दभण्डार क्षमता अभिवृद्धि गराउनुपर्छ । शब्दलाई अर्थ खुल्ने गरी वाक्यमा प्रयोग गर्न र शब्दवर्ग पहिचान गराउनुपर्छ ।

### ५.२.२. अभ्यास तहका लागि सुझाव

भाषाको सीप विकाससका प्रारम्भ हुने थलो विद्यालय नै हो । विद्यालय तहदेखि नै विद्यार्थीहरूलाई आफ्नो जिज्ञाशा मेटाउन आफैँ खोज गर्ने र आफैँले भाषिक समस्या आए समाधान गर्नसक्ने क्षमता विकास गर्न उत्प्रेरित गर्नुपर्छ । तर अझै पनि कतिपय विद्यालयमा नेपाली भाषासँग सम्वन्धित शब्दकोशहरू पाइँदैनन् । शब्दकोश भए पनि परिमार्जित र संशेधित संस्करण राख्ने गरिँदैन । यसो हुँदा विद्यार्थीहरू कि पुराना संस्करणका शब्दकोश प्रयोग गर्न बाध्य छन् कित शब्दकोश नै प्रयोग गर्दैनन् ।

- विद्यार्थीहरूलाई शब्दकोश प्रयोग गर्न उत्प्रेरित गर्नुपर्छ ।
- यस्ता नमुना शब्दकोशको प्रयोगले शब्दको शुद्ध तथा मानव उच्चारण र हिज्जे थाहा पाउन सकिन्छ ।

- शब्दको अर्थ,स्रोत, व्युत्पत्ति तथा निर्माण प्रक्रिया थाहा पाउन सकिन्छ ।
- शब्दको पर्याय र विपर्याय थापा पाउन सकिन्छ ।
- शब्दलाई कोशीय अनुक्रममा राख्न सकिन्छ ।
- भाषासँग सम्बन्धित सिकाइ कार्यलाई प्रभावकारी बनाउन सकिन्छ ।
- शब्दभण्डार, क्षमता अभिवृद्धि गराउन सकिन्छ ।
- शब्दलाई अर्थ खुल्ने गरी वाक्यमाप्रयोग गर्न र शबदवर्ग परिचय गराउन सकिन्छ ।

### ५.२.३. अनुसन्धान तहका लागि सुझाव

अनुसन्धानसँग सम्बन्धित विविध विधाहरू रहेका छन् । विशेष गरेर साहित्यिक विधाहरूमा अनुसन्धान भएको पाइन्छ । पछिल्लो चरणमा भने शब्दकोशसम्बन्धी अध्ययन अनुसन्धान पनि व्यापक रूपमा भइरहेको पाइन्छ । हाल आएर तहगत रूपमा पनि अध्ययन अनुसन्धान भइरहेको पाइन्छ । यो अध्ययन भने तहगत रूपमा अझ विधागत दृष्टिकोणले कक्षा १० को नेपाली किताबका कथा र निबन्धमा प्रयुक्त तत्सम शब्दमा केन्द्रित रही तयार पारिएको छ ।

- विद्यार्थीहरूलाई पठनपाठन कार्यमा सहयोग पुऱ्याउन नेपाली किताबसँग मात्र सम्बन्धित नभई अन्य विषयका शब्दकोश निर्माण गर्न सकिन्छ ।
- प्राथमिक तथा निम्न माध्यमिक तहका लागि बेग्लै शब्दकोश निर्माण गर्न सकिन्छ ।
- विधागत रूपमा अलग अलग विधाका शब्दकोश निर्माण गर्न सकिन्छ ।
- व्युत्पत्तिगत शब्दकोश निर्माण गर्न सकिन्छ । उखानटुक्काहरूको शब्दकोश निर्माण गर्न सकिन्छ ।
- तत्सम, तद्भव र आगन्तुक शब्दकोश निर्माण गर्न सकिन्छ ।
- नेपालीका भाषिका र उपभाषिकाका प्रचलित शब्दहरूलाई शब्दकोशमा स्थान दिनुपर्छ ।
- प्रचलनमा नरहेका सबैले थाहा नपाएका शब्दहरू सकेसम्म तस्विरसहित शब्दकोशमा राख्नु उपयुक्त हुन्छ ।
- विभिन्न भाषाबाट नेपाली भाषामा आएका आगन्तुक शब्दहरू प्रचलनमा भए तिनलाई अब शब्दकोशमा महत्त्वका साथ स्थान दिनुपर्छ ।
- राष्ट्रिय भाषाकोश निर्माण गर्दा नेपालमा रहेका सबै जातजाति र भाषाभाषीको सहभागिता जुटाउनु उपयुक्त हुन्छ ।

# सन्दर्भ सामग्री सूची


अधिकारी, हेमाङ्गराज (२०६७) सामाजिक र प्रायोगिक भाषा विज्ञान, काठमाडौं : रत्नपुस्तक भण्डार

अधिकारी, हेमाङ्गराज र भट्टराई, बद्रीविशाल (२०७०) प्रयोगात्मक नेपाली शब्दकोश, काठमाडौं :विद्यार्थी भण्डार ।

चापागाई, नरेन्द्र (२०६२) नेपाली शब्दभण्डार, काठमाडौं : श्याम पुस्तक भण्डार ।

नेपाल सरकार (२०७१), नेपाली किताब कक्षा १० प्रथम संस्करण २०७१, भक्तपुर : पा.वि.के. ।

नेपाली कक्षा १० (परिमार्जित संस्करण, पुनःमुद्रण २०७१), भक्तपुर : नेपाल सरकार, पाठ्यक्रम विकास केन्द्र ।

नेपाली बृहत् शब्दकोश (२०४०) काठमाडौंः नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान ।

न्यौपाने, टङ्क, भण्डारी, पारसमणि र न्यापाने, दीपकप्रसाद (२०६८), भाषा विज्ञानका प्रमुख सिद्धान्त, काठमाडौं : विद्यार्थी पुस्तक भण्डार ।

पौडेल, चेतन (२०७०), कक्षा छ को हाम्रो नेपाली किताबमा आधारित नेपाली शब्दकोश, अप्रकाशित शोधपत्र, नेपाली भाषा शिक्षण विभाग, स्नातकोत्तर तह, एम.एड. द्वितीय वर्ष, सुकुना बहुमुखी क्याम्पस, मोरङ ।

बराल, टीकादत्त (२०६८), तत्सम नेपाली व्युत्पत्ति शब्दकोश, काठमाडौँ : विद्यार्थी पुस्तक भण्डार ।

भट्टराई, प्रेमप्रसाद (२०६७), प्रारम्भिक नेपाली नमुना शब्दकोश, अप्रकाशित शोधपत्र, शिक्षाशास्त्र सङ्काय नेपाली भाषा शिक्षण विभाग, स्नातकोत्तर तह एम.एड.द्वितीय वर्ष, सुकुना बहुमुखी क्याम्पस, मोरङ ।

भण्डारी, पारसमणि र साथीहरू (२०६८), प्रयोगिक भाषाविज्ञानका प्रमुख आयाम, काठमाडौं : विद्यार्थी पुस्तक भण्डार ।

लम्साल, रामचन्द्र (२०५७), कोशविज्ञान र नेपाली कोश (दोस्रो संस्करण), काठमाडौं : विद्यार्थी पुस्तक भण्डार ।

लामिछाने, यादवप्रकाश (२०६५), सामान्य र प्रायोगिक भाषाविज्ञान, काठमाडौं : विद्यार्थी पुस्तक भण्डार ।

शर्मा र बालचन्द्र (२०१९), नेपाली शब्दकोश, काठमाडौं : नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान ।

शर्म्मा वसन्तकुमार (२०५७), नेपाली शब्दसागर, काठमाडौंः भाभा पुस्तक भण्डार ।

सापकोटा, महानन्द, समपा. २०३७ नेपाली शब्द परिचय, धरानः सापकोटा प्रिन्टिङ प्रेस ।

सुवेदी, दुर्गा (२०७०), कक्षा आठको हाम्रो नेपाली किताबमा आधारित बाल नमुना शब्दकोश,अप्रकाशित शोधपत्र, नेपाली भाषा शिक्षण विभाग, स्नातकोत्तर तह, एम.एड. द्वितीय वर्ष, सुकुना बहुमुखी क्याम्पस, मोरङ ।